## परिच्छेद : एक
# शोध परिचय

### १.१. शोध परिचय

विवश वस्ती (२०३०) नेपाली साहित्यमा क्रियाशील साधक हुन् । नेपाली साहित्यको आकाशमा आफ्नो नाम चर्चामा ल्याउन सफल भएका वस्तीले कथा, कविता, हाइकु, बालकथा, निवन्ध जस्ता विभिन्न विधामा कलम चलाएका छन् । हालसम्म उनको **तुवाँलोको हाताभित्र** (२०४९) र **जब घर फर्किएँ** (२०५६) गरी दुई कविता सङ्ग्रह, **नखनिएको खाडल** (२०५४), **यसरी नै आरू फुल्छ** (२०६०) **यस पटक फुलेन छ गुराँसको फूल** (२०६७) **अब उकालो चढिदैन** (२०६०) गरी चार कथासङ्ग्रह, **सुचित्राको घडी** (२०६२) र **कम्प्युटरको बाघ** (२०४९) गरी दुई बालकथासङ्ग्रह र **वर्तमानको पीडा** (२०५०) एउटा हाइकु सङ्ग्रह गरी ९ वटा कृति प्रकाशित भएका छन् । उनको जीवनी व्यक्तित्व कृतित्व तथा कथाकारिताका विषयमा **यसपटक फुलेन छ गुराँसको फूल** कथाको मात्र शोधकार्य खिरादेवी शर्माद्वारा भएको पाइन्छ । नेपाली साहित्यको विविध विधामा कलम चलाउने विवश वस्तीको साहित्य लेखनको मुख्य उर्वर क्षेत्र भने आख्यान र त्यसमा पनि कथा हो । यस शोधपत्रमा उनको कथा यात्रामा समेत महत्त्वपूर्ण स्थान राख्ने **यसरी नै आरू फुल्छ** (२०५०) कथासङ्ग्रहमा केन्द्रित भएर कृतिपरक अध्ययन गरिएको छ ।

### १.२. शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **यसरी नै आरू फुल्छ कथासङ्ग्रहको अध्ययन** रहेको छ ।

### १.३. शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत पृथ्वीनारायण क्याम्पस पोखराको नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्र (५१०-१) को प्रयोजनका लागि तयार पारिएको छ ।

### १.४. समस्या कथन

नेपाली साहित्यको इतिहासमा देखा परेका साहित्यकार विवश वस्ती एक साहित्यिक प्रतिभा हुन् । उनको प्रस्तुत कथासङ्ग्रह **यसरी नै आरू फुल्छ** कथासङ्ग्रहको अध्ययन

हालसम्म नभएकोले यसमा अध्ययन गर्नु नै यस शोधपत्रको मूल समस्या हो र अन्य समस्या यस प्रकार रहेका छन् ।

१. कथाकार विवश वस्तीको साहित्यिक व्यक्तित्व के कस्तो छ ?
२. कथाकार विवश वस्तीका कथात्मक प्रवृत्ति के कस्ता छन् ?
३. **यसरी नै आरू फुल्छ** कथासङ्ग्रहका कथाहरू के, कस्ता छन् र कसरी विश्लेषण गर्न सकिन्छ ?

माथि उल्लेखित बुँदामा देखिएका समस्या नै यस शोधकार्यको समस्या कथन हो ।

## १.५ शोधपत्रको उद्देश्य

यस शोधपत्रको उद्देश्य **यसरी नै आरू फुल्छ** कथासङ्ग्रहका कथालाई सैद्धान्तिक आधारमा विश्लेषण गर्नु र यस सङ्ग्रह भित्रका कथाको सबलता र दुर्बलताको पहिचान गर्ने रहेको छ । यसै सन्दर्भमा यस शोधपत्रका निम्नलिखित उद्देश्य रहेका छन् ।

१. कथाकार विवश वस्तीको साहित्यिक व्यक्तित्व बारे जानकारी दिनु ।
२. कथाकार विवश वस्तीको कथात्मक प्रवृत्ति ठम्याउनु ।
३. **यसरी नै आरू फुल्छ** कथासङ्ग्रहका कथाको अध्ययन र विश्लेषण गर्नु ।

## १.६ पूर्व कार्यको विवरण

विवश वस्ती नेपाली साहित्य जगत्मा एक सवल स्रष्टा हुन । उनले नेपाली साहित्याआकाशमा आख्यात्मक प्रवृत्तिका कविता कथा आदिमा कलम चलाएर आफ्नो बहुमुखी साहित्यिक प्रतिभाको पहिचान दिएका छन् । विवश वस्तीको **यसपटक फुलेन छ गुँरासको फूल** कथासङ्ग्रहको कृतिपरक अध्ययन खिरादेवी शर्माले गरेकी छन् । यसैगरी देवी शर्माले **अब उकालो चढिँदैन** कथासङ्ग्रहमा विश्लेषणात्मक शोध गरेकी छन् । यसरी हेर्दा उनको **यसरी नै आरू फुल्छ** कथासङ्ग्रहको शोधकार्य कतैबाट भएको पाइएको छैन । प्रस्तुत कृतिका बारेमा केही पुस्तक र पत्रपत्रिकामा सामान्य समीक्षा र टिप्पणी पाइए तापनि ती आफैमा पूर्ण छैनन् । तिनीहरूलाई मार्गदर्शनको रूपमा स्वीकार्दै प्रस्तुत कृति **यसरी नै आरू फुल्छ** का सम्बन्धमा भएका पूर्व कार्यको विवरण लाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

१. गोविन्द भट्टले **नलेखिएको खाडल** (२०५४), नामक वस्तीको कथासङ्ग्रहमा भूमिका दिने क्रममा विवश वस्तीको कथा लेखन विषयवस्तुमा प्रगतिशील भएर पनि

शैलीमा काव्यात्मक छ । त्यो आधुनिक पाठकका लागि रूचिकर हुने खालको छ भनी उनको कथा लेखन शैलीलाई स्पष्ट पारेका छन् (वस्ती, २०५४ : अनुल्लेख) ।

२. प्रदीप नेपालले विवश वस्तीको **अब उकालो चढिँदैन** (२०६०) कथासङ्ग्रहको भूमिकामा जीवन जस्तै असल र समर्पित छन् । विवशका कथा मानवीय जीवनसँग अत्यन्त सम्बन्धित भएको टिप्पणी गरेका छन् (वस्ती, २०६० : अनुल्लेख) ।

३. रामविक्रम थापाले नयाँ कृति शीर्षकमा **यसरी नै आरू फुल्छ** कथासङ्ग्रहलाई लिएर जनयुद्ध जनआन्दोलन र लोकतान्त्रिक यी तीन चरणका परिवेश जन्य कथाका अतिरिक्त भ्रष्टाचार, जातीय विभेद, राजनीतिक विकृति, विसङ्गति र सामाजिक धरातलका विविध कथा समाहित भएपनि कथासङ्ग्रहको केन्द्रीय भावभूमि भनेको जनयुद्ध र यसका घाउहरू हुन् भनी चर्चा गरेका छन् (थापा, २०६८ : ४) ।

कथाकार विवश वस्ती नवप्रतिभा भएकाले उनको कथा कृतिमा प्रशस्त समीक्षा भएको पाइँदैन । अझ उनको **यसरी नै आरू फुल्छ** सङ्ग्रहका त कमै मात्रामा समीक्षा भएका छन् । उनको कथाकारितालाई समेट्ने गरी केही चर्चा परिचर्चा तथा समीक्षा भएका छन् तर समीक्षा र चर्चाले मात्र उनको सम्पूर्ण कथाकारितामा समेट्न सक्दैन । यी सबै सतही रूपमा चर्चा गरिएका विषय मात्र हुन् । वस्तीको कथागत प्रवृत्ति तथा उनका कथाले समेट्ने विषयवस्तुगत मान्यताका बारेमा केन्द्रित भएर उनका कथाको अध्ययन तथा विश्लेषण हुन सकेको छैन । त्यसैले कथागत प्रवृत्ति र विषय वस्तुगत मान्यताका आधारमा वस्तीको **यसरी नै आरू फुल्छ** कथासङ्ग्रहको अध्ययन र विश्लेषण गर्नु आवश्यकता देखिन्छ । त्यसैले यस विषयमा शोध गर्न लागेकी हुँ ।

## १.७ शोधको औचित्य

विवश वस्ती नेपाली साहित्यका कथा, कविता, हाइकु तथा निबन्ध जस्ता विविध क्षेत्रमा कलम चलाउने बहुमुखी प्रतिभाका धनी साहित्यकार हुन् । उनको **यसरी नै आरू फुल्छ** कथासङ्ग्रहको शोधकार्य गर्नु औचित्यपूर्ण मानिन्छ । लामो समयसम्म सिर्जनाका क्षेत्रमा तल्लीन हुँदै आएका वस्तीको कथाकारिताबारे सामान्य चर्चा भए तापनि आधुनिक नेपाली कथामा उनको कथायात्राबारे प्रकाश पार्ने प्रयास आवश्यक छ । आजसम्म कतैबाट सो नभएको हुनाले प्रस्तुत अध्ययन औचित्यपूर्ण देखिन्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

यस शोधकार्यमा कथाकारको सङ्क्षिप्त जीवनी, प्रकाशित कृतिको खोज गरी उल्लेख मात्र गर्ने र **यसरी नै आरू फुल्छ** कथासङ्ग्रहमा मात्र केन्द्रित रही उनको कथाकारिताको निरूपण गर्नुलाई यो शोधकार्यको सीमा क्षेत्र बनाइएको छ ।

## १.९ शोध विधि

प्रस्तुत शोधकार्य मूलत कृतिपरक अध्ययनमा सीमित भएकाले पुस्तकालय विधिमा आधारित रहेको छ । यसका निम्ति पुस्तकालयमा उपलब्ध पुस्तक र पत्रपत्रिकाबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ । अन्य जानकारीका लागि शोधनायकसहित अन्य विद्वान् तथा विशेषज्ञको राय सुझावलाई पनि अङ्गीकार गरिएको छ । यसमा प्रश्नोत्तर र वर्णनात्मक दुवै विधिको प्रयोग गरिएको छ ।

## १.१०. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुव्यवस्थित रूप दिन निम्न अध्यायमा विभाजन गरी शोध कार्यलाई पुरा गरिएको छ ।

| | | |
|---|---|---|
| परिच्छेद एक | : | शोधपत्रको परिचय |
| परिच्छेद दुई | : | कथाकारका विवश वस्तीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन |
| परिच्छेद तीन | : | नेपाली कथाको सैद्धान्तिक परिचय |
| परिच्छेद चार | : | आरू फुल्छ कथासङ्ग्रहको अध्ययन तथा विश्लेषण |
| परिच्छेद पाँच | : | उपसंहार तथा निष्कर्ष |
| | | सन्दर्भ सूची |

परिच्छेद : दुई

# कथाकार विवश वस्तीको जीवनी, व्यक्तित्व र कृतित्व

## २.१ जन्म र स्थान

नेपाली साहित्य जगत्मा समसामयिक धारामा देखा परेका विवश वस्ती एक नवप्रतिभा हुन् । उनको वास्तविक नाम विवशराज श्रेष्ठ भए तापनि साहित्यिक नाम विवश वस्ती हो । वस्तीको जन्म वि.सं. २०३० चैत्र महिनाको २८ गतेका दिन पिता रामबहादुर श्रेष्ठ र माता रूपमाया श्रेष्ठको कोखबाट सिन्धुली जिल्लाको रतनचुरा गा.वि.स.-२ विजय छाप भन्ने ठाउँमा भएको हो । उनको बाल्यकाल आफ्ना साथीसँगै स्कुल जाने, आउने, खेल्ने गर्दै रमणीय वातावरणमा बितेको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) । सानै उमेरदेखि निरोगी वस्तीले परिवारबाट माया र सहयोग भरपुर पाएको देखिन्छ ।

## २.२ पेसा र बसोबास

साहित्यकार विवश वस्तीको मुख्य पेसा पत्रकारिता हो । उनले पत्रपत्रिकाको सम्पादन तथा प्रकाशन गरेर आफूलाई चिनाएका छन् । **द विक्ली पोष्ट**को सम्पादक तथा प्रकाशक वस्ती बुधबार साप्ताहिकमा २०६२ सालसम्म कार्यरत रहे । हाल उनी काठमाडौंको वनस्थली चोकमा बस्दै आएका छन् ।

## २.३ शिक्षादीक्षा

सिन्धुली जिल्लाको विजय गाउँको विद्यालयमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि वस्ती उच्च शिक्षाका लागि काठमाडौंतिर लागेको पाइन्छ । काठमाडौंमा स्नातक तहसम्म अध्ययन गरेका वस्तीले विविध कठिनाइका कारण अध्ययन कार्यलाई निरन्तरता दिन असमर्थ रहेको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) । औपचारिक अध्ययन स्नातक तहसम्म सीमित रहे पनि उनले स्वाध्ययनबाट ज्ञानको क्षेत्रलाई फराकिलो बनाउँदै साहित्य साधनामा क्रियाशीलताका साथ लाग्दै आएको पाइन्छ ।

## २.४ वैवाहिक जीवन

कथाकार विवश वस्तीको विवाह वि.सं. २०५६ मा परम्परागत वैवाहिक पद्धति अनुसार विराटनगरकी दीपा श्रेष्ठसँग भएको थियो । २६ वर्षको उमेरमा वैवाहिक जीवनमा

प्रवेश गरेका वस्तीका एक छोरा विभव श्रेष्ठ छन् । काठमाडौंको वनस्थली चोकमा स-परिवार दाम्पत्य जीवन बिताउँदै आएका वस्तीको परिवारमा हालसम्म कुनै बाधा तथा व्यवधान नआइ सरल र सुखमय तवरबाट जीवन यात्रा चलिरहेको छ ।

## २.५ रूचि र स्वभाव

विद्यार्थी जीवनदेखि नै साहित्यिक क्षेत्रमा चाख राख्ने विवश वस्तीको मुख्य रूचिको विषय साहित्य सिर्जना गर्नु हो । पेसाका रूपमा पत्रकारिता अँगालेका वस्ती पत्रपत्रिका पढ्ने विभिन्न पत्रपत्रिकाको सम्पादन गर्ने, समाचार पढ्ने र सुन्ने, चिन्तन मनन् गर्ने उनका मुख्य रूचिका रूपमा रहेका छन् । मानिस-मानिस बीचमा जातीय भेदभाव राख्नु हुँदैन सबैको समान अधिकार पाउनुपर्छ भन्ने उनको धारणा पाइन्छ । देश र समाजले आफूलाई कर्तव्यनिष्ठ, इमान्दार, सहयोगी र परोपकारी व्यक्तिको रूपमा सम्झियोस् भन्ने विचार राख्छन् । संयम र नम्र भाषाको प्रयोग गर्ने वस्ती सैद्धान्तिक क्षेत्रमा मार्क्सवादबाट र व्यक्तिगत क्षेत्रमा सामान्य नेपाली जनजीवनबाट प्रभावित भएको देखिन्छ । मार्क्सवादी विचारधारासँग सम्बद्ध रहेर साहित्य सिर्जना गर्दै आइरहेका वस्ती सभ्य, शिष्ट, विनम्र भाषाको प्रयोग गर्दछन् । मृदुभाषी, इमान्दार, हँसिलो बोली वचन भएका वस्ती आफू सुहाउँदो सर्ट पाइन्ट लगाउन मन पराउँछन् (शोधनायकबाट प्राप्त जानकारी) । उनको मन पर्ने खाना दाल, भात र तरकारी हो ।

## २.६ सम्मान तथा पुरस्कार

साहित्यकार विवश वस्ती नेपाली साहित्यमा निरन्तर रूपमा कलम चलाउने प्रतिभा हुन् । कविता रचनाबाट साहित्य यात्रा अगाडि बढाएका विवश वस्तीले २०४९ सालमा आयोजित युवा कविता प्रतियोगितामा दोस्रो स्थान प्राप्त गरेका थिए । त्यस्तै गरी राष्ट्रव्यापी लघुकथा प्रतियोगिता (२०५५) मा प्रथम स्थान हासिल गरी पुरस्कृत भएको देखिन्छ ।

## २.७ विवश वस्तीको व्यक्तित्व

हरेक मानिसका आ-आफ्नो पहिचान वा व्यक्तित्व हुन्छन् । कुनै व्यक्तिको पहिचान भनेको उसको व्यक्तित्व हो । जसका आधारमा ऊ समाजमा परिचित हुन्छ । मानिसको व्यक्तित्व निर्माणमा उसको जीवनमा आइपर्ने आरोह, अवरोह, पीर, वेदना, हर्ष, खुसी तथा

ऊ बाँचेको सामाजिक परिवेशले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैगरी व्यक्तित्व निर्माणका लागि प्रतिभा, लगनशीलता, क्षमता, बौद्धिकता जस्ता तत्त्व आवश्यक पर्दछन् । यिनै तत्त्वका आधारमा एउटा मानिसले जीवनमा साहित्यकार, वैज्ञानिक, राजनीतिज्ञ, समाजसेवी, दार्शनिक आदि व्यक्तित्व निर्माण गरेको हुन्छ । नेपाली साहित्यका विविध क्षेत्रमा महत्त्वपूर्ण र प्रभावकारी रूपमा सक्रियता देखाएका साहित्यकार विवश वस्ती बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । उनको असल आचरणले गर्दा पारिवारिक, आर्थिक, सामाजिक, शैक्षिक, साहित्यिक आदि पक्षमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । यिनै वस्तीका जीवनका विविध पाटालाई छुट्टाछुट्टै उपशीर्षकमा राखेर चर्चा गरिएको छ ।

### २.७.१ शारीरिक व्यक्तित्व

शारीरिक व्यक्तित्व भन्नाले मानिसको बाह्य व्यक्तित्व पर्दछ । हरेक मानिसको व्यक्तित्व निर्माणमा उसको बाह्य शारीरिक सङ्गठन, बनावट र स्वभावले प्रत्यक्ष रूपमा भूमिका खेलेको हुन्छ । ४२ वसन्त पार गरिसकेका साहित्यकार वस्तीको औसत उँचाइ साढे ५ फिट रहेको छ । गहुँगोरो वर्ण, चम्किला आँखा, कालो कपाल, जुँगा पाल्न रूचाउने वस्तीले कुनै पनि काम जिम्मेवारपूर्ण तवरले सम्पन्न गर्ने गर्दछन् । फुसर्दको समयलाई सदुपयोग गर्ने, गम्भीरतापूर्वक अरूका कुरा सुन्ने, पत्रपत्रिका र विभिन्न पुस्तक अध्ययन गर्ने स्पष्टसँग आफ्ना कुरा अरूसमक्ष राख्ने निडर व्यक्तित्वका रूपमा आफ्नो छवि बनाएका छन् । साधारण नेपाली भएर बाँच्न रूचाउने मृदुभाषी साहित्यकार वस्तीमा सहयोगी र मिलनसार व्यक्तित्व रहेको पाइन्छ ।

### २.७.२ साहित्यिक व्यक्तित्व

नेपाली साहित्य आकाशका वस्ती असल व्यक्तित्वका रूपमा स्थापित छन् । साहित्य लेखनमा सानैदेखि रूचि राख्ने वस्ती नेपाली साहित्यमा कथा, कविता, हाइकु, निबन्ध, उपन्यास आदि जस्ता विविध विधामा कलम चलाएर आफूलाई एक बहुआयामिक व्यक्तित्वको रूपमा परिचित बनाउन सफल भएका छन् । उनी विद्यालयमा अध्ययनरत हुँदादेखि नै विभिन्न अतिरिक्त क्रियाकलापमा सहभागी हुने गरेको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) । यसरी साहित्य लेखनतर्फ अभिप्रेरित हुँदै अगाडि बढेका वस्तीले विविध

विधामा हात हालेर आफ्नो सिर्जनशील क्षमता प्रदर्शन गरे पनि मुख्य साहित्यिक व्यक्तित्व भने आख्यानकार व्यक्तित्व हो । साहित्यिक व्यक्तित्वको परिचय निम्नानुसार गरिएको छ ।

**क. कथाकार व्यक्तित्व**

विवश वस्तीको साहित्यिक व्यक्तित्वका विविध पाटामध्ये सबैभन्दा फराकिलो पाटो आख्यानकार व्यक्तित्व हो । जसमा कथाकार व्यक्तित्व उनको महत्त्वपूर्ण व्यक्तित्व हो । उनको वि.सं. २०४८ मा **मधुपर्क** साहित्यिक पत्रिकामा प्रकाशित **पश्चताप** शीर्षकको कथा पहिलो प्रकाशित कथा हो । यसरी २०४८ पछि वस्तीका विभिन्न पत्रिकामा धेरै कथा प्रकाशित हुँदै गएको पाइन्छ । तिनै फुटकर प्रकाशित कथालाई सङ्कलन गरेर २०५४ सालमा **नखनिएको खाडल** शीर्षकको कथासङ्ग्रह प्रकाशनमा ल्याएको देखिन्छ । अहिलेसम्म प्रकाशित कथासङ्ग्रहमा **नखनिएको खाडल** (२०५४), **अब उकालो चढिँदैन** (२०६०), **यसरी नै आरू फुल्छ** (२०६५) र **यसपटक फुलेन गुँरास** (२०६७) गरी चारवटा छन् । यस्तै **सुचित्राको घडी** (२०६२) र **कम्प्युटरको बाघ** (२०५९) गरी दुई बाल कथासङ्ग्रह प्रकाशित छन् । कथाकार वस्तीले कथामा आफैंले देखे, भोगेका, समाजमा विद्यमान सामाजिक उत्पीडन, विकृति, विसङ्गति, राजनीतिक द्वेष, पूर्वाग्रह र विसङ्गति, कर्मचारीतन्त्रमा देखिएका विकृति जस्ता पक्षहरूबाट सिर्जित समस्यापूर्ण विविध परिस्थितिलाई विषयवद्ध गरेको पाइन्छ । कथाकार वस्तीले सामाजिक जीवन भोगाइको क्रममा आइपर्ने सानाभन्दा साना सन्दर्भलाई कलात्मकताका साथ अत्यन्त मर्मस्पर्शी पाराले जस्ताको तस्तै छर्लङ्ग्याएर प्रस्तुत गर्ने गर्दछन् । नेपाली समाजमा विद्यमान जातीय छुवाछुत तथा भेदभाव, जनयुद्धको अनुभूति, भोगाइ र जनआन्दोलनका घाइतेको जीवन व्यथा तथा समाजमा व्याप्त भ्रष्टाचार तथा कालोबजारी, कर्मचारी वर्गका अप्ठ्यारा परिस्थितिलाई टड्कारो रूपमा प्रस्तुत गर्न वस्तीका कथा सफल देखिन्छन् ।

युग जीवनको बाह्य पक्षको चित्रण गर्न रूचाउने वस्तीका कथाले कथाकार विश्वेश्वरप्रसाद कोइराला र भवानी भिक्षुले शुरू गरेको कथा परम्परालाई निर्वाह गरेको पाइन्छ । जिज्ञासु, सिर्जनशील, विचारशील तथा इमान्दार कथाकार वस्तीका विषयवस्तुमा समसामयिकता, सोचमा प्रगतिशीलता, प्रस्तुतिमा सरलता, संरचनामा छरितोपन, सुकोमल, गद्य भाषाको प्रयोग, समकालीन यथार्थको कलात्मक प्रस्तुति आदि कथाकारिताका मुख्य विशेषता हुन् । त्यस्तै निम्नस्तरीय सामाजिक जीवन, काकाकुलमय समय, सुरक्षा अवस्था

जस्ता कुरामा विवशका कथाले सरल, स्पष्ट र खुलस्त रूपमा बोलेको पाइन्छ । उनको कथाको केन्द्रमा समाज छ, जनता छन्, समय छ र सरलता छ, थोरै पात्र, झिनो मसिनो कथानक, छोटा-छोटा संवाद तथा सूत्रात्मकताको दोहोरो उपयोग प्रवाहपूर्ण कवितामय रूपमा बगेको भाषाशैली तथा सुहाउँदो परिवेशको सिर्जनाले गर्दा उनका कथा सम्प्रेषणीय, प्रभावकारी र विश्वसनिय बन्न पुगेका छन् । यिनै कथाकारिताका विशेषताले गर्दा वस्ती वर्तमान समयका प्रतिभाशाली कथाकारका रूपमा देखिन पुगेका छन् ।

## ख. कवि व्यक्तित्व

साहित्यकार विवश वस्तीको साहित्यिक व्यक्तित्वका विविध पाटामध्ये कवि व्यक्तित्व एक उल्लेखनीय पाटाका रूपमा रहेको छ । साहित्य रचनामा सानै उमेरदेखि देखिएका वस्ती वि.सं. २०४४/२०४५ तिरबाट कविता रचना गरी आफ्नो लेखन कार्यलाई अगाडि बढाएको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) । यसैगरी फुट्कर कविता २०४७ सालको आँकुरा पत्रिकामा प्रकाशन गरेको जानकारी पाइन्छ । वस्तीले हालसम्म **तुवालोको हाताभित्र** (२०४९), **जब घर फर्किए** (२०५६) दुई कविता सङ्ग्रह प्रकाशित गराइ सकेका छन् । त्यस्तै गरी राजु उप्रेतीसँग मिलेर **वर्तमानको पीडा** शीर्षकमा २०५० सालमा एउटा हाइकु सङ्ग्रह प्रकाशित छन् । यसरी शुरू-शुरूमा छोटा-छोटा कविता मुक्तक तथा हाइकु लेखेर विद्यार्थी जीवनदेखि नै विभिन्न प्रतियोगितामा भाग लिने तथा प्रथम, द्वितीय स्थान हासिल गर्दै जाने गरेका साहित्यकार वस्तीले आफ्नो निरन्तर साधनाको फलस्वरूप लामो आकृतिका कविता लेख्न थालेका हुन् । सरल, मीठो अनि लयात्मक भाषा र यथार्थ नजिक पुगेर कविता सिर्जना गर्ने वस्तीका कविताले मानव जीवन तथा समाजका विविध पक्षलाई छोएको पाइन्छ । उनले कविता रचनामा गद्यात्मक तथा पद्यात्मक दुवै शैलीको प्रयोग गरेका छन् । उनले गद्यात्मक कवितामा बढी जोड दिएका छन् । वस्तीका तीनवटा कविता सङ्ग्रहका अलावा विभिन्न पत्रपत्रिकामा पनि थुप्रै फुटकर कविता प्रकाशित भएका छन । साहित्यकार विवश वस्तीका २०४४ सालदेखि औपचारिक साहित्यिक कविता लेखन कार्यमा संलग्न भएर हालसम्म पनि निरन्तरता दिइरहेका कारणले कवि व्यक्तित्व फस्टाएको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

### ग निबन्धकार व्यक्तित्व

साहित्यकार विवश वस्तीले विविध अन्य विधामा जस्तै निबन्ध क्षेत्रमा पनि आफ्नो कलम चलाएका पाइन्छ । उनका निवन्ध सम्बन्धी कुनै पुस्तकार कृति प्रकाशित नभए पनि उनका फुटकर निबन्ध विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) । वि.सं. २०५२ मा **वन्दना** (साहित्यिक त्रैमासिक) पत्रिकामा लाग्दा **माइला बुढा** र **सिमलको ठुटा** शीर्षकको पहिलो निबन्ध प्रकाशित भएको पाइन्छ । त्यसपछि भने निबन्धकार वस्तीका दुई दर्जन जति निवन्ध विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनका निबन्धमा विकृतिमय राजनीतिले मानवीय स्वार्थता तथा सामाजिक विकृति बढ्दै गएको कुरालाई व्यङ्ग्यात्मक पाराले स्पष्ट पारिएको पाइन्छ । यसका अतिरिक्त राष्ट्रप्रेम, जनयुद्धकालीन समय र त्यसको नकारात्मक प्रभाव, राजनीतिक खिचातानी, कर्मचारीतन्त्रमा देखिएका विकृतिजन्य पक्ष आदि विषयवस्तुलाई सरल भाषाशैलीका माध्यमबाट अभिव्यक्त गरिएको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) । हास्यव्यङ्ग्यात्मक पाराले सामाजिक विकृतिप्रति व्यङ्ग्य गर्नु उनको निबन्धात्मक विशेषता हो ।

### घ. सम्पादक व्यक्तित्व

साहित्यकार विवश वस्तीले साहित्य सिर्जना मात्र नभएर साहित्यिक यात्राको दौरानमा विभिन्न पत्रपत्रिकाको सम्पादन पनि गरेको पाइन्छ । पेसाको हिसाबले पत्रकारिता अङ्गालेका उनले **द विक्ली पोष्ट** को सम्पादन तथा प्रकाशक । **बुधबार** साप्ताहिकको सहसम्पादक, **सम्बोधन, आँकुरा, रातो क्षितिज, शब्द संयोजन, बन्दना, सिन्धुलीका प्रतिभा नवसमानता** जस्ता करिब एकदर्जन जति पत्रिकाको सम्पादन प्रकाशन गरी आएको पाइन्छ ( शोधनायकबाट प्राप्त जानकारी) । यस्तै विभिन्न साप्ताहिक, मासिक साहित्यिक तथा समाचारमूलक पत्रपत्रिकाको सम्पादन र प्रकाशन गरेका वस्ती सम्पादक पनि हुन् ।

## २.८ साहित्येतर व्यक्तित्व

साहित्यिक क्षेत्रमा विविध गतिविधिमा क्रियाशील रहे जस्तै साहित्येतर व्यक्तित्वले पनि कथाकार वस्तीको एउटा साहित्यिक व्यक्तित्वको थप उर्जा तथा धरातल निर्माण गर्नका लागि महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । वस्तीको साहित्येतर व्यक्तित्वका विविध पाटाका छुट्टाछुट्टै तल चर्चा गरिएको छ ।

### क. सामाजिक व्यक्तित्व

हरेक व्यक्तिको सामाजिक व्यक्तित्व निर्माणमा ऊ जन्मेको, हुर्केको तथा बाँचेको समाजले असर पारेको हुन्छ । मानिस जस्तो समाज र परिवेशमा जन्मेर जस्तो परिवेशमा घुलमिल भयो त्यस्तै किसिमको व्यक्तित्व निर्माण हुनु पनि स्वभाविकै हो । विवश वस्तीका विविध व्यक्तित्वमध्ये साहित्येतर व्यक्तित्व सामाजिक व्यक्तित्व पनि हो । आफू बाँचेको समाजका लागि व्यक्तिले दिएको योगदान र उसले गरेको सामाजिक क्रियाकलापबाट नै सामाजिक व्यक्तित्व निर्माण भएको हुन्छ । वस्ती पनि साहित्य सिर्जनाका साथै सामाजिक सेवाका क्षेत्रमा अगाडि बढिरहेका छन् । साहित्य लेखन, पत्रकारिता सँगसँगै फुर्सदको समय निकालेर सिन्धुलीको तेह्रतारा राष्ट्रिय प्रतिष्ठानको महासचिवको रूपमा आवद्ध रहेर कार्य गरिरहेका छन् । उक्त प्रतिष्ठानमार्फत सिन्धुली जिल्लाको शैक्षिक, सामाजिक, सांस्कृतिक तथा साहित्यिक विविध क्षेत्रमा उल्लेखनीय कार्य गरेको पाइन्छ । यसरी सह-सचिव जस्तो जिम्मेवारीपूर्ण पदमा रहेर सिन्धुलीको विकासमा हालसम्म निरन्तर लागि परेका वस्तीको सामाजिक व्यक्तित्व एक महत्त्वपूर्ण व्यक्तित्वका रूपमा रहेको छ ।

### ख. राजनीतिक व्यक्तित्व

विद्यार्थी जीवनदेखि नै वामपन्थी विचारधाराबाट प्रभावित वस्तीको राजनीतिक व्यक्तित्व अर्को व्यक्तित्व हो । उनी क्याम्पस पढ्दाका दिनमा अनेरास्ववियुमा लागेर काम गरेको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) । २०४८/०४९ सालतिर सिन्धुली जिल्लाकै जिल्ला कमिटीको संयोजक भएर काम गरेका वस्ती २०४९ सालमै राष्ट्रिय परिषद्का सदस्यसमेत भएर काम गरेर आफ्नो राजनीतिक क्षेत्रमा पहिचान दिइसकेका छन् । उनी २०५० देखि २०५२ सालसम्म अनेरास्ववियु केन्द्रीय सदस्यका रूपमा कार्यरत वस्ती हाल पनि वामपन्थी विचार धारा लिएर अगाडि बढेको पाइन्छ । वस्ती विशेष गरी प्रगतिवादी तथा मार्क्सवादी चिन्तनलाई केन्द्रविन्दु वनाएर अगाडि बढेको पाइन्छ । यसरी समसामायिक, प्रगतिवादी तथा मार्क्सवादी चिन्तनमा रहेर आफ्नो राजनीतिक व्यक्तित्व जीवनको निर्माण गर्न सफल विवश वस्तीको राजनीतिक व्यक्तित्वका रूपमा रहेको पाइन्छ ।

## २.९ निष्कर्ष

२०३० सालमा सिन्धुली जिल्लाको रतनचुरा-२ विजयछापमा जन्मेका वस्ती सिन्धुलीबाट प्रवेशिका उतीर्ण गरेर काठमाडौं प्रस्थान गरेका स्रष्टा हुन् । उच्च शिक्षाका

लागि काठमाडौं प्रस्थान गरेका वस्तीले अध्ययनलाई स्नातक तहसम्म पुऱ्याएर साहित्य साधनामा लागेको पाइन्छ । पेसाको रूपमा पत्रकारितालाई अङ्गालेका उनको २६ वर्षको उमेरमा विराटनगरकी दीपा श्रेष्ठसँग विवाह भएको थियो । एक सन्तानका बाबु पनि बनिसकेका वस्ती बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । वस्ती सानै उमेरदेखि साहित्य सिर्जनामा रूचि राख्ने, पत्रपत्रिका पढ्ने, सम्पादन गर्ने, जातीय वर्गीय विभेदको विरोध गर्ने, मार्क्सवादी विचारधाराबाट प्रभावित रहेको पाइन्छ । वस्ती आफ्नो परिश्रम र साधनाले खारिएका व्यक्तित्व हुन् । कथा, कविता, हाइकु, निबन्ध जस्ता विविध विधामा कलम चलाउने वस्तीले कविता लेखनबाट साहित्य यात्रा शुरू गरेका हुन् । सामाजिक, राजनीतिक, मनोवैज्ञानिक तथा आर्थिक विषयवस्तुलाई आफ्ना कथा बनाउने वस्तीका कथाले जातीय भेदभाव, भ्रष्टाचार, जनयुद्धको प्रभाव जस्ता कुरालाई समेटेको पाइन्छ । हालसम्म चारवटा कथासङ्ग्रह प्रकाशन गरिसकेका वस्तीको कथाकार व्यक्तित्व विकसित भएको देखिन्छ ।

## परिच्छेद : तीन

# कथाको सैद्धान्तिक परिचय र नेपाली कथाको विकास

### ३.१ कथाको व्युत्पति र परिचय

मानव सभ्यताको विकासक्रमसँगै सुन्ने र सुनाउने मौखिक परम्परामा कथा जन्मिएको हो । कथा संस्कृत भाषाबाट आएको शब्द हो । यसको व्युत्पत्तिगत अर्थलाई हेर्दा 'कथ्' धातुमा 'अङ्' प्रत्यय लागेर 'कथ' शब्दको निर्माण भएपछि सोही शब्दमा 'टाप्' प्रत्यय लागेर 'कथा' शब्दको निर्माण भएको हो । यसरी कथ (अ+आ) को प्रक्रियाबाट कथा शब्दको निर्माण भएको हो (सुवेदी, २०५१ : १) । जसको शाब्दिक अर्थ कथिएको वा भनिएको हुन आउँछ । साहित्य एक भाषिक कला हो । जसका गद्य र पद्य दुई रूप हुन्छन् । गद्यमा आख्यान, नाटक र निबन्ध पर्दछन् । निश्चित प्रकारको संरचनामा आबद्ध र सीमित आयतन भिएको समय र स्थान भित्र विस्तारित विचार वा भावाभिव्यञ्जक सङ्क्षिप्त आख्यानात्मक गद्य रूपलाई कथा भनिन्छ । यसरी हेर्दा कथा निश्चित समयमा पढ्न सकिने सीमित आकारको गद्य रूप हो । अन्य विधाको तुलनामा कथा जीवनसँग अत्यन्त सन्निकट सम्बन्ध भएको र अत्यधिक लोकप्रिय विधा हो । यो केटाकेटी, युवायुवती तथा बुढाबुढी सबैले मन पराउने अत्यन्त मनोरञ्जनात्मक विधा हो ।

वर्तमान समयमा कथालाई विभिन्न भाषामा चिनाउने प्रयास गरिएको छ । शुरूमा अङ्ग्रेजीमा कथा विधाको थालनी हुँदा यसलाई 'सर्ट टेल' भनियो पछि आएर 'सर्ट स्टोरी' भन्न थालियो । फ्रान्सेली भाषामा 'नोबेल' भनियो, गुजराती भाषामा यस विधाको नाम 'नाबालिका' रहन गयो । त्यसै गरी बङ्गाली भाषामा यस विधाको नाम 'गल्प' राखियो र हिन्दीमा 'कहानी' शब्दले यो विधा परिचित भयो । यसरी विविध भाषामा व्युत्पत्ति हुँदै आएको कथा शब्दलाई नेपाली साहित्यमा कसैले छोटो किस्सा र कसैले कुथुङ्गी भनेको पाइन्छ त कसैले छोटो कथा । तर जसले जे भने तापनि अन्तमा कथा शब्द नै कायम रहन गयो । जसको अर्थ कुनै कुरा भन्नु वा बताउनु भन्ने बुझिन्छ ।

### ३.२ कथाको परिभाषा

कथालाई परापूर्वकालदेखि नै विभिन्न पूर्वीय, पाश्चात्य र नेपाली विद्वान्ले आ-आफ्नो परिभाषा यसरी दिएका छन् ।

१. एडगर एलेनपोका अनुसार 'कथा भनेको यस्तो कथात्मक कृति हो, जुन छोटो हुनाले एक बसाइँमै पढेर सिध्याउन सकिन्छ। पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ। यसरी प्रभाव जमाउन बाधा गर्ने सबै कुरा पनि रहन दिँदैन। यो आफैँमा पूर्ण हुन्छ' (श्रेष्ठ, २०५७ : ७)।

२. एच.जी वेल्सका अनुसार, 'पन्ध्रदेखि पच्चीस मिनेटसम्म पढेर सक्ने कुतुहलपूर्ण कलात्मक आख्यान नै कथा हो' (श्रेष्ठ, २०५७ : ७)।

३. प्रेमचन्द्रका अनुसार, 'कथा एउटा यस्तो रचना हो जसमा जीवनको कुनै एक अङ्ग वा कुर्ने मनोभावलाई प्रदर्शन गर्नु नै लेखकको उद्देश्य भएको हुन्छ। यसको पात्र, शैली, कथा, विन्यास, सबैले त्यही भावको पुष्टि गर्दछन्। उपन्यासमा भैंं यसमा मानव जीवनका सम्पूर्ण तथा बृहत् रूप देखाउने प्रयास गरिँदैन। न त यसमा उपन्यासमा भैँ रसको सम्मिश्रण रहेको हुन्छ। तर यो एउटा यस्तो रमणीय बगैँचा होइन जसमा थरिथरिका फूलहरू बेलबुट्टा सजिएको हुन्छ तर यो एउटा यस्तो गमला हो। जसमा एउटै मात्र बोटको माधुर्य समुन्नत रूपमा देखापर्दछ (श्रेष्ठ, २०५७ : ७)।

४. लक्ष्मीप्रसाद देवकोटाका अनुसार, छोटो किस्सा एउटा सानो आँखी भ्याल हो, जहाँबाट एउटा सानो संसार चियाइन्छ। थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो। यो जत्तिको समाज सुधारक र मनुष्य उपर प्रभावकारी हुँदा अरू छँदै छैनकि भन्ने जस्तो लाग्दछ। यसैमा सबै रस निकाल्न सकिन्छ। यसमा कला छ। यसको ढङ्ग नाटकीय हुन्छ। चट्ट जीवनलाई एक दृश्यमा देख्न सकिने हुन्छ ( श्रेष्ठ, २०५७ : ८)।

५. डा. ईश्वर बरालका अनुसार, 'एकोनोन्मुख उत्पन्न गरेर केवल एक उद्देश्यको प्राप्ति नै इच्क्षार्थ हुनाले कथा एक प्रमुख घटना वा भावदशाको मात्र उद्घाटन गर्दछ' ( श्रेष्ठ २०५७ : ७)।

माथिका विविध परिभाषाका आधारमा भन्नुपर्दा कथा छोटो समयमै पढ्न र बुझ्न सकिने जीवनको कुनै एक पक्षको चित्रण गरिएको एक सशक्त आख्यानात्मक गद्य रूप हो। जुन सङ्क्षिप्त भएर पनि आफैमा पूर्ण हुन्छ। कथाभित्र कुनै खास मूल्य हुनु पर्दछ। यो लघु आयामको कुनै एक प्रभाव होइन, सक्ने स्वयम्मा पूर्ण मनोरञ्जनात्मक विधा हो। जसमा कथात्मकता रहेको हुन्छ।

### ३.३ कथाका तत्त्वहरू

कथालाई सबल र पूर्ण बनाउनका लागि आवश्यक पर्ने घटक नै कथाका तत्त्व हुन् । कथाका तत्त्वका बारेमा मत मतान्तर भए पनि कथाका तत्त्वलाई निम्नानुसार देखाउन सकिन्छ :-

क. कथानक/कथावस्तु

ख. पात्र/चरित्र

ग. परिवेश

घ. उद्देश्य

ङ. भाषाशैली

च. दृष्टिविन्दु

### ३.३.१ कथानक वा कथावस्तु

कथावस्तु भन्नाले कथाको अनिवार्य तत्त्व हो । वास्तवमा कथावस्तु भन्नु नै कथाकारको विचार धारण वा अनुभूतिको अभिव्यक्ति वा प्रस्तुति हो (श्रेष्ठ, २०५७ : ९) । कथामा सङ्क्षिप्तता तीव्रता जस्ता तत्त्व रहनु पर्दछ । कथामा विविध कुरा समेट्ने कथानक कथाको मेरूदण्ड तथा योजनाबद्ध कार्यक्रम पनि हो । कथाकारले कथानकको निर्माणमा हरेक घटनालाई रहस्यमय ढङ्गमा सङ्गठित गर्दछ (गौतम, २०५४ : ५) । जसले कथानक वा कथावस्तुले पाठकमा कौतुहलता जगाइदिन्छ । कथामा आदि, मध्य र अन्त्यको श्रृङ्खलायुक्त मौखिक तथा क्रम नमिलेको वृत्तकारी ढाँचाको कथानक पाइन्छ । यो एक बौद्धिक प्रक्रिया हो । कथामा कथाको स्रोत वा विषयवस्तु इतिहास, पुराण, साहित्य, राग, भाव, यथार्थ तथा स्वैरकल्पना आदिबाट पनि लिन सकिन्छ । यी स्रोतमध्ये कुनै एक पक्षलाई पक्रेर वा एकभन्दा बढी स्रोत मिसाएर पनि कथानक तयार गर्न सकिन्छ । कथानक सरल सहज र स्वभाविक हुनुपर्दछ । यस प्रकारको कथानक आधुनिक कथामा महत्त्वपूर्ण मानिन्छ । तर वर्तमान समयमा कथा लेखनमा कथानक ढाँचालाई भत्काएर कथानकको नगण्य रूप दिने चलन छ । परिणामस्वरूप कथाले प्रकार्य पाउँदै गएको छ । जस्तोसुकै कथामा कथानक रहेकै हुन्छ ।

### ३.३.२ पात्र/चरित्र

कथालाई अगाडि बढाउने अङ्ग पात्र हो । चरित्र विना कथा बन्न सक्दैन । चरित्र मानव प्राणी मात्र नभई पशुपंक्षी र निर्जीव वस्तु पनि हुन सक्छन् (बराल, २०२९ : ५३) । पात्र मानवीय तथा मानवेतर दुवै हुन सक्छन् । पात्र विनाका कथा अपुरा हुन्छन् । पात्रले कथालाई उर्जा प्रदान गर्दछन् । कथामा पात्रको सम्बन्ध घटना, परिवेश, वातावरण, क्रियाव्यापार तथा द्वन्द्वसँग रहन्छ । पात्रका क्रियाकलापले कथामा द्वन्द्व सिर्जना गर्दछ र त्यसपछि कथाले गति लिन थाल्छ । पात्रमा अभिप्रेरणा र एकरूपता जसता दुई तत्त्व रहनु अत्यावश्यक मानिन्छ । कथाको सजीव अङ्गका रूपमा पात्रलाई लिइन्छ । कथामा पात्रहरू यति नै हुनुपर्छ भन्ने छैन । कथा आफैमा पूर्ण विधा भएकोले पात्रको संयोजन पनि त्यत्तिकै किसिमले गर्नुपर्छ । कथामा पात्रलाई वर्गीकरण गर्ने निम्न आधार हुन्छन् ।

| | | |
|---|---|---|
| कार्यका आधारमा | - | मुख्य पात्र, सहायक पात्र र गौण पात्र |
| प्रवृत्तिका आधारमा | - | प्रतिकूल पात्र र अनुकूल पात्र |
| स्वभावको आधारमा | - | वर्गगत र व्यक्तिगत पात्र |
| आसन्नताको आधारमा | - | मञ्चीय पात्र र नेपथ्य पात्र |
| आबद्धताको आधारमा | - | बद्ध र मुक्त |

आधुनिक कथामा प्रयोग हुने पात्र भने अधिकांश मानवीय हुने गर्छन् । कथामा प्रयोग गरिने पात्र स्वभाविक र जीवन्त हुनुपर्छ । कथामा परिस्थिति चल्न सक्ने, सजीव, यथार्थ कलात्मक तथा नैतिक गुणले युक्त पात्र कथामा आवश्यक हुन्छ । यस्तो किसिमका पात्र प्रयोग गरेमा कथा त्यति राम्रो हुँदैन । त्यसैले कथाकारले चरित्रलाई उचित तरिकाले प्रयोग गर्नुपर्छ ।

### ३.३.३ परिवेश

देश काल र परिस्थितिको समष्टि रूपलाई परिवेश भनिन्छ । कथामा परिवेश अत्यन्त महत्त्वपूर्ण मानिन्छ । देश भन्नाले स्थान, काल भन्नाले समय र परिस्थिति भन्नाले वातावरण भन्ने बुझिन्छ । कथामा वर्णित घटना वा स्थिति विशेषको एउटा निश्चित माग वा धरातलका रूपमा लिइन्छ । त्यही धरातल नै परिवेश हो । कथाको विश्वसनियता र पात्रको सजीवताको निम्ति परिवेशको चित्रण अत्यावश्यक हुन्छ । कथामा परिवेश पात्रले गर्ने कार्य घट्ने घटनाको स्वरूप, स्थिति, स्थान र समय हो । कथामा पात्रको चरित्र स्पष्ट

पार्नु र घटना र क्रिया व्यापारलाई प्रभावकारी बनाउनु परिवेशको महत्त्व रहन्छ । कथामा मावन आन्तरिक तथा बाह्य र स्थानीय तथा आञ्चलिक परिवेशको चित्रण पाइन्छ । परिवेशको चित्रण विषय र प्रवृत्ति अनुसार भएको हुनुपर्दछ । कथाको गति बढाउन, पाठकलाई यथार्थता बोध गराउन वा यथार्थको भ्रम उत्पन्न गराउन कथालाई विश्वसनीय बनाउनमा परिवेशको महत्त्वपूर्ण भूमिका हुन्छ । त्यसैले कथामा परिवेशलाई अनिवार्य तत्त्व मानिन्छ ।

### ३.३.४ उद्देश्य

कथामा रहेको केन्द्रीय वा आधारभूत विचार नै उद्देश्य हो । सम्पूर्ण कथाको केन्द्रीय रूपमा रहेको लेखकीय अभिप्रायलाई बहन गर्ने मूलभूत तत्त्व नै उद्देश्य हो (शर्मा, २०५९ : ११२) । कथामा उद्देश्य अमूर्त रूपमा रहेको हुन्छ । कुनै पनि कथा कृति पढेर सकेपछि समग्रमा कुन भावार्थ वा अभिप्राय पाउन सकिन्छ, त्यो नै सार वस्तु हो । उद्देश्यले लेखकको जीवनको दर्शनको भार वहन गरको हुन्छ । कथाले छोड्ने निष्कर्ष नै उद्देश्य हो । कथामा उद्देश्य केन्द्रमा रहने र अन्त्य तत्त्व परिधिमा रहने गर्दछन् । प्राचीन कथाको उद्देश्य नीति उपदेश र मनोरञ्जन दिनु थियो तर आधुनिक कथाको उद्देश्य समाजको यथार्थ चित्रण नीति चेतना, सुधारवादी भावना भएका मनका विभिन्न भावको वर्णन, सौन्दर्य पक्षको वर्णन गर्नु, अन्दाज दिनु जस्ता उद्देश्य हुन सक्छन् । उद्देश्य कथाको आवश्यक र महत्त्वपूर्ण तत्त्व हो ।

### ३.३.५ भाषाशैली

कुनै पनि भाव वा विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो । भाषालाई अभिव्यक्त गर्ने ढङ्ग, ढाँचाका तरिका शैली हो । कथाको विषयवस्तुलाई कलात्मक रूप प्रदान गर्नका लागि भाषाशैलीको आवश्यक पर्दछ । भाषाशैली विना कथाकारले साकार रूप दिन सक्दैनन् । कथामा पात्रको स्तर र विषयवस्तु सुहाउँदो सरल सहज भाषाशैलीको प्रयोग गर्नुपर्छ । भाषा व्यक्ति हो भने व्यक्तित्व शैली हो भन्दा केही फरक पर्दैन । शैली कथाको कलात्मक रूप हो । शैलीको चमत्कारी रूपले नै कथा रोचक बन्छ । विषयवस्तु र शैली उच्च स्तरीय भएका कथा उत्कृष्ट बन्न जान्छ । कथामा कथाकार सफल खालको भयो भने सरल विषयवस्तु पनि विशिष्ट प्रकारले प्रस्तुत गर्न सकिन्छ । त्यसैले कथामा भाषाशैलीलाई महत्त्वपूर्ण तत्त्व मानिन्छ । यसरी कथाका लागि आवश्यक माथि उल्लेख गरिएका तत्त्वमध्ये

कुनै एकको कमी भएमा पनि कथा पूर्ण हुन सक्दैन । त्यसैले कथाको पूर्ण संरचना निर्माण गर्नका लागि यी तत्त्वहरूको महत्त्वपूर्ण भूमिका रहन्छ ।

### ३.३.६ दृष्टिविन्दु

कथामा कथा वाचक उभिने ठाउँ नै दृष्टिविन्दु हो । यसलाई दृष्टिकोण, दृष्टिकेन्द्र, कथनपद्धति आदि नामले चिनिन्छ । दृष्टिविन्दुको माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठक नजिक पुऱ्याउँछ । कथाकार र पाठकवर्ग बीचको सम्बन्ध सूत्रको रूपमा यसले भूमिका खेलेको हुन्छ । कथामा कथा सुनाउने कथावाचक पात्र नै दृष्टिविन्दु पात्र हो । यसलाई समाख्याता पात्र पनि भनिन्छ । कथावस्तुलाई पाठक वर्गका निम्ति संवेद्य एवम् प्रेषणीय बनाउन भूमिका कथानात्मक दृष्टिविन्दुले खेल्दछ (श्रेष्ठ, २०५७ : १०) । दृष्टिविन्दु विना कथाकारले आफ्नो कथावस्तु बाहिर ल्याउन सक्दैनन् । दृष्टिविन्दु कथाको उत्कृष्टता मापक हो । दृष्टिविन्दुलाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ ।

१. आन्तरिक दृष्टिविन्दु (प्रथम पुरूष दृष्टिविन्दु)
२. वाह्य दृष्टिविन्दु (तृतीय पुरूष दृष्टिविन्दु) गरी दुई किसिमका दृष्टिविन्दु रहेका हुन्छन् ।

## ३.४ कथाको वर्गीकरण

कुनै पनि कथा लेखनमा कथाकारको रूचि बेग्लाबेग्लै क्षेत्रमा हुन्छ । कथाकार अनुसार तिनीहरूको शैली तथा विचार फरक फरक हुन्छ । त्यसैले कथाको वर्गीकरण गर्ने क्रममा विभिन्न विद्वान्हरूको विभिन्न आधार रहेको पाइन्छ । कथालाई विषयवस्तु आधारमा, तत्त्वका आधारमा, दृष्टिविन्दुका आधारमा, प्रवृत्तिका आधारमा, प्रभावका आधारमा वर्गीकरण गरिएको पाइन्छ । कथाहरूको प्रकार छुट्याउने आधारहरू निम्न रहेका छन् :-

### ३.४.१ विषयका आधारमा कथाको वर्गीकरण

कथा लेखनका लागि जीवन जगत्मा विविध विषय रहेका हुन्छन् । विभिन्न विषयमध्ये हरेक कथाकारले आ-आफ्नो इच्छा अनुसार सामाजिक, पौराणिक तथा राजनीतिक विषयमध्ये कुनै एक पक्षलाई वर्णनको विषय बनाएको हुन्छ । विषयका आधारमा कथाको वर्गीकरण यसरी गर्न सकिन्छ ।

### क. सामाजिक कथा

समाजमा चलिरहेका चालचलन रीतिरिवाजलाई आधार बनाएर लेखिएका कथा सामाजिक कथा हुन् । यस्ता कथाले सामाजिक तथा ग्रामीण परिवेश समेटेका हुन्छन् । समाजका राम्रा तथा नराम्रा दुवै पक्षको चित्रण गरिएको हुन्छ । समाजमा देखा परेका घटनाहरूलाई यथार्थ रूपमा रचिएका कथा यथार्थवादी र आदर्शवादी झल्काउने खालका कथाहरू आदर्शवादी कथा हुन जान्छन् । समाजका राम्रा र नराम्रा पक्षलाई औँल्याउने खालका कथा सामाजिक कथा हुन् ।

### ख. ऐतिहासिक कथा

इतिहासमा घटेका सत्य तथ्य घटनाहरूलाई आधार मानेर लेखिएका कथालाई ऐतिहासिक कथा भनिन्छ ।

### ग. पौराणिक कथा

प्राचीन समयमा सुन्दै आएका धर्मयुक्त पुराणहरूमा निहित विषयवस्तुलाई आधार मानेर रचना गरिएका कथा पौराणिक कथा हुन् । यस्ता कथामा मानव सृष्टि कालदेखिका पौराणिक विषयहरू समावेश गरिएका हुन्छ ।

### घ. राजनीतिक कथा

राजनीतिक घटनाक्रमलाई आधार मानेर लेखिएका कथालाई राजनीति कथा भनिन्छ । यस्ता कथामा सत्य तथ्य राजनीतिक विषयवस्तु रहेका हुन्छन् ।

## ३.४.२ सिद्धान्तका आधारमा कथाको वर्गीकरण

कथाकारले कथा लेख्ने क्रममा विभिन्न सैद्धान्तिक आधारहरू औल्याउने गर्दछन् । ती मान्यताका आधारमा कथालाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ :-

### मनोवैज्ञानिक कथा

मान्छेको मनभित्र गुम्सिएर बसेका मानसिक समस्यालाई यथार्थपरक ढङ्गले विश्लेषण गरिएका कथालाई मनोवैज्ञानिक कथा भनिन्छ । मनोवैज्ञानिक कथाको कथानक क्षीण हुन्छ ।

मनोवैज्ञानिक चरित्र प्रधान हुन्छ । मानसिक पीडाहरू, यौन सन्तुष्टिका विविध पक्षहरू तथा दमित मनोवृत्ति आदिको उद्घाटन गर्नु यस प्रवृत्तिका कथाको मूल ध्येय रहेको छ । मनोवैज्ञानिक तथा अपराध मनोवैज्ञानिक आदि यस अन्तरगत पर्दछन् । मानवीय जीवनका विभिन्न पक्षहरूको उद्घाटन गर्ने कथालाई मनोवैज्ञानिक कथा भनिन्छ ।

### प्रगतिवादी कथा

सामन्त मनोवृत्तिको विरोध र सर्वहाराप्रति सहानुभूति देखाउँदै शोषण र अन्यायको चर्को विरोध गर्ने प्रवृत्ति भएका कथालाई प्रगतिवादी कथा भनिन्छ । यस्ता कथालाई समाजवादी पनि भनिन्छ । सामन्ती संस्कारको विरूद्ध चुनौतिपूर्ण रूपले उपस्थित भई आर्थिक समानता स्वतन्त्रताका पक्षमा वकालत गर्ने माक्सवादी चिन्तनले भरिएका कथाहरू प्रगतिवादी कथा हुन् । यस्ता कथाहरू मार्क्सको द्वन्द्वात्मक भौतिकवादलाई आधार बनाएर विश्लेषण गर्ने प्रवृत्ति हुन्छ ।

### यथार्थवादी कथा

मानवीय जीवनमा घट्ने यथार्थपूर्ण घटनालाई प्रस्तुत गरिएको कथालाई यथार्थवादी कथा भनिन्छ । यस रीति अनुसार लेखिएका कथाहरूमा आदर्शवाद, भावुकता तथा आत्मपरक दृष्टिलाई बर्जित गरी वस्तुपरक दृष्टिलाई स्वीकार गरिएको हुन्छ । (श्रेष्ठ २०५७ : १५) यस्ता कथामा कथावस्तु र पात्रहरूलाई सामाजिक सत्यसँगै राखेर हेरिन्छ ।

### अस्तित्त्ववादी कथा

मानवजीवनका विसङ्गती तथा निस्सारतापूर्ण चिन्तनले भरिएका कथालाई अस्तित्त्ववादी कथा भनिन्छ । जीवनको निरासावादी पक्षको पृष्ठभुमिमा मानासिक जिजीविषा, बाध्यता, सङ्घर्षशीलता र अन्तमा पराजयको तितो स्थितिलाई कथाकारले मुख्य विषयका रूपमा लिएका हुन्छन् (श्रेष्ठ २०५७ : १५) ।

### स्वच्छन्दतावादी कथा

यथार्थवादको विपरित आत्मपरक शैली अँगाल्ने र भावुकतापूर्ण सौन्दर्य भावलाई समेट्ने कथालाई स्वच्छन्दतावादी कथा भनिन्छ । यस्ता कथा लेख्ने कथाकार बढी मात्रा प्रकृति मै रमाउने गर्छन् र कथामा प्रकृतिलाई नै कथाको विषयवस्तु बनाएको पाइन्छ ।

**प्रयोगवादी कथा**

प्रचलित परम्परागत शैली भन्दा फरक नवीन शिल्प चमत्कारपूर्ण तरिकाले लेखिएका कथा प्रयोगवादी कथा हुन् । यस्ता कथामा व्याकरण नियमलाई भाँचिन्छ । यसमा वैयक्तिक लेखनलाई प्राथमिकता दिइन्छ । अरू कथाभन्दा प्रयोगवादी कथा परक खालको् हुन्छ ।

### ३.४.३ रीति वा शैलीका आधारमा कथाको वर्गीकरण

कथाकारले कथा लेख्दा अपनाउने ढङ्ग, ढाँचा, शैली प्रणाली तरिकाले रीति भनिन्छ । कथाकारले कथा लेखन गर्दा एउटै विषयलाई पनि विविध रीति तथा शैलीमा प्रस्तुत गर्न सक्छ । रीति वा शैलीका आधारमा कथालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :-

क) घटना प्रधान कथा

ख) चरित्रचित्रण प्रधान कथा

ग) विचार प्रधान कथा

उपर्युक्त प्रमुख शैलीगत आधार बाहेक कथामा पत्रात्मक शैली, डायरी शैली, वर्णनात्मक शैली जस्ता कथाका प्रकार समावेश भएका छन् ।

## ३.५ नेपाली कथाको विकासक्रम

नेपाली कथाको प्रारम्भ आदिकालदेखि नै भएको भन्ने भनाइ रहे तापनि कुन समयबाट भएको भन्ने किटानी गर्न गाह्रो छ । यसको इतिहास सवा दुईसय वर्ष जतिको भएको पाइन्छ । लोक जीवनमा पुस्तौंपुस्तादेखि मौखिक तथा अलिखित रूपमा प्रचलित हुँदै आएको कथाका जगका रूपमा लोककथा, घाटु, दन्त्य कथा, सोरठी आदिलाई लिन सकिन्छ । यी विधामा आख्यान तत्त्वको प्रबलतालाई हेर्दा भारतीय संस्कृतिलाई सम्झनु पर्छ । जुन पूर्वमा ऋग्वेद, ब्राम्ह्ण, ग्रन्थ र उपनिषदले प्राचीन कथा परम्पराको प्रारम्भ गरेका छन् ।

लौकिक संस्कृत साहित्यमा **रामायण** र **महाभारत** तथा **पञ्चतन्त्र, हितोपदेश** बौद्ध जातका कथाहरूले परम्पराको विकासमा महत्त्वपूर्ण योगदान गरेका छन् । नेपाली साहित्यकारले पौराणिक काल, अनुश्रुति काल, लिच्छवीकाल, मल्लकाल र शाहकाल गरी कथाको पृष्ठभूमि अध्ययन गर्ने जमर्को गरको पाइन्छ । नेपाली कथाको इतिहासमा लौकिक, पौराणिक, धार्मिक, जातक तथा नीति कथाहरू भन्ने र सुन्ने परम्परा रहेपनि लिखित रूपमा भने कथा प्राप्त गर्न सकिएको छैन । नेपाल एकीकरणको अभियानले पनि नेपाली भाषालाई

राष्ट्रभाषाको घोषणा गरेपछि नेपाली साहित्यमा विविध विधालाई लेख्य रूप दिन थालेको हो । लिखित रूपलाई हेर्दा नेपाली भाषाको पहिलो कथात्मक कृति शक्ति बल्लभ अर्यालयको **महाभारत** विराट पर्व (१९२७) देखिन आउँछ । श्रेष्ठ र शर्मा २०६४:७१) यस कृतिलाई लिखित तथा प्रमाणिक रूप मानिन्छ । यही विन्दुलाई हेर्दा नेपाली कथाले दुई शताब्दी भन्दा लामो समय पार गरिसकेको छ । यसरी अगाडि बढेको कथा विधाले विभिन्न मोड तथा घुम्तीहरू पार गरेको छ । कथाको काल विभाजनमा स्रष्टा, कृति पत्र-पत्रिकाको प्रकाशन, राजनीतिक गतिविधि, आदिले प्रभावित पारेको पाइन्छ । नेपाली आख्यानको बीज रूप भने शक्तिबल्लभ अर्यालको **महाभारत विराट पर्व** लाई नै मानिन्छ । नेपाली साहित्यको काल विभाजन गर्ने क्रममा विविध मतमतान्तर भए पनि ऐतिहासिक आधारलाई ध्यानमा राखी नेपाली कथाको समग्र काल विभाजन यसरी गर्न सकिन्छ ।

क) प्रारम्भिक काल (वि.स. १९२७ देखि १९५७ सम्म)

ख) माध्यमिक काल (वि.स. १९५७ देखि १०९१ सम्म)

ग) आधुनिक काल (वि.स. १९९२ देखि हालसम्म)

### ३.६ आधुनिक नेपाली कथामा कथाकार विवश वस्तीको स्थान

आधुनिक नेपाली कथाको थालनी वि.स. १९९२ मा **शारदा** पत्रिकामा प्रकाशित गुरूप्रसाद मैनालीको **नासो** कथाबाट भएको हो । जसले आदर्शोन्मुख सामाजिक यथार्थवादी धाराको प्रारम्भ भयो । त्यसपछि कोइरालाको १९९१ मै शारदा पत्रिकामा प्रकाशित **चन्द्रवदन** कथाले यौन मनोवैज्ञानिक धाराको शुरूवात गऱ्यो । त्यसपछि वि.स. २००६ पछि विविध आन्दोलन चर्कदैं गए । कथाकारले त्यस्तै अनुरूप प्रयोगवादी कथा लेख्न थाले । वि.स. २०४० पछिको समय भने फरक तरिकाले बन्दै यो । त्यस समयमा समसामयिक धारालाई अँगालेर कथाकारहरूले कथा लेख्न थाले । यी विभिन्न धाराहरूलाई अगाडि बढाउनेमा ईस्माली, घनश्याम ढकाल, अनिल श्रेष्ठ, राजव, हरि गोविन्द लुइँटेल, नारायण ढकाल, पुष्य कार्की, तेजप्रकाश श्रेष्ठ, भाष्कर, विवश वस्ती आदि रहेका छन् ।

आधुनिक नेपाली कथाका साहित्यकार विवश वस्तीले २०४८ सालको 'मधुपर्क' साहित्यिक पत्रिकामा प्रकाशित **पश्चाताप** शीर्षकको कथासँग नेपाली कथाको क्षेत्रमा प्रवेश गरेका हुन् । नेपाली समसायिक धाराका एक प्रतिभाका रूपमा चिनिन सफल वस्तीले करिब दुई दशक लामो कथा यात्रा पार गरिसकेको छ । हालसम्म उनका **नखनिएको खाडल** (

२०५४) **अब उकालो चढिदैन** (२०६०) **यसरी नै आरू फुल्छ** (२०६५) **र यस पटक फुलेन छ गुराँस** (२०६७), कथासङ्ग्रहसहित **कम्प्युटरको बाघ** ( २०५९) र **सचित्राको घडी** (२०६२) कथासङ्ग्रह प्रकाशित छन् । वस्तीले निम्न तथा मध्यमवर्गीय ग्रामीण नेपाली जनजीवनको चित्रण, जातीय भेदभाव तथा छुवाछुत प्रथा, वर्गीय द्वन्द्वमय अवस्थाको चित्रण, विकृति, विसङ्गति, श्रम, शोषण, अनिकाल जस्ता सामाजिक विषयवस्तु समावेश गरी कथा रचना गरेका छन् । पछिको समयमा आएर उनका कथाहरूले समसामयिक धारालाई दरिलो रूपमा आत्मसात गरेको पाइन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका विभिन्न परिवर्तनसँगै वस्तीको कथा लेखन यात्रा समसामयिक बन्दै गएको पाइन्छ । आफैँले देखे भोगेका र समाजमा चल्दै आएका सामाजिक तथा राजनीतिक परिवेशको यथार्थपरक चित्रण गर्न उनका कथाको महत्त्वपूर्ण विषय हो । शुरूको कथासङ्ग्रह **नखनिएको खाडल** नेपाली विद्यमान अभाव, गरिबी, वर्गीयता, जातीय भेदभाव जस्ता सामाजिक तथा पारिवारिक विषयको वर्णन गर्दै मानिसले मानिस माथि गर्ने दुर्व्यव्यहार र मानिसबाट भइरहेको मानवताको दोहनको अन्त्य मार्मिक रूपमा प्रस्तुत गरिएको छ ।

वस्तिका पछिल्ला कथाले भने माओवादी जनयुद्धको अनुभूति भोगाइ घाइतेको अवस्था जीवन व्यथा, भ्रष्टाचारी, घुसखोरी प्रवृत्ति प्रति व्यङ्ग्य, कालाबजारी प्रथाको चित्रणमा केन्द्रित रहेको पाइन्छ । त्यस्तै गरी उनका कथाहरूमा सामाजिक, राजनैतिक, पारिवारिक, आर्थिक आदि विविध क्षेत्रमा देखिएका विकृति, विसङ्गति र तीनको आलोचना समेत गरेको पाइन्छ । आञ्चलिक खालका कथाहरू वस्तीले यस समयमा लेखेको पाइन्छ । सामाजिक उत्पीडन, राजनीतिक द्वेष, पूर्वाग्रह र विसङ्गतिहरू कर्मचारीतन्त्रमा देखिएका विकृतिको पक्षलाई आधार बनाएर कथाकार वस्ती अगाडि बढेको पाइन्छ ।

आधुनिक नेपाली कथाको समसामयिक धारालाई अगाडि बढाउने एक प्रतिभाको रूपमा विवश वस्तीलाई लिइन्छ । आधुनिक नेपाली कथालाई उच्च स्थान ओगट्न सफल नेपाली साहित्यको समसामयिक धाराको रूपमा महत्त्वपूर्ण योजना रहेको पाइन्छ । कथाकार विवश वस्तीको कथायात्रा वि.स. २०४८ मा **मधुपर्क** साहित्यिक पत्रिकामा प्रकाशित **प्रश्चाताप** शीर्षकको कथा लेखी कथाकारको पङ्क्तिमा आफ्नो नाम दर्ता गराउन सफल भएका कथाकार विवश वस्तीले दुई दशक लामो कथा यात्रा पुरा गरिसकेको पाइन्छ । आफ्नो बीस वर्षे कथायात्राको क्रममा वस्तीले २०५४ सालमा मात्र **नखनिएको खाडल** नामक शीर्षकको पहिलो कथासङ्ग्रह प्रकाशनमा ल्याए । त्यसपछि क्रमश: २०६० सालमा

**अब उकालो चढिदैन,** २०५९ सालमा बालकथासङ्ग्रह **कम्प्युटरको बाघ**, २०६१ सालमा **सुचित्राको घडी** नामक कथासङ्ग्रह, २०६५ सालमा **यसरी नै आरू फुल्छ** कथासङ्ग्रह र २०६७ सालमा **यस पटक फुल्नेछ गुराँस** शीर्षकको कथासङ्ग्रह प्रकाशित गरे । यसरी जम्मा जम्मी रूपमा ६९ वटा कथा र १० वटा बालकथा वस्तीले आफ्नो यात्रामा प्रकाशित गराइसकेका छन् । कथाकार वस्तीको कथा यात्राको शुभारम्भदेखि हालसम्मका कथाहरूमा विषयवस्तुगत भावभूमि, सामाजिक यथार्थ, नवीन शैलीशिल्प जस्ता पक्षमा परिवर्तन हुँदै आएको पाइन्छ । उनले कथा यात्राको प्रारम्भमा शोषक र शोषित बीचको द्वन्द्व प्रजातन्त्र प्राप्तिको सङ्घर्ष, जीवन भोगाइको यथार्थपरक रूपबाट चित्रण गर्ने कुरालाई आफ्नो कथामा समेटेको पाइन्छ भने पछिल्ला कथामा त्यही समाजमा राजनीतिक परिवेश भित्रका विसङ्गत पक्षको द्वन्द्वता, १० वर्षे माओवादी जनयुद्धले नेपाली समाजमा पारेका प्रभाव, जातीय छुवाछुत, कालाबजारी, भ्रष्टाचार जस्ता कुरालाई आफ्नो कथाको विषयवस्तु बनाएका छन् ।

### ३.७ कथाकार विवश वस्तीको कथायात्रा

कथाकार वस्तीको दुई दशक लामो कथा यात्रालाई निम्न लिखित दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

प्रथम चरण : वि.स. २०४८ देखि २०५४ सम्म)

दोस्रो चरण : वि.स. २०५५ देखि हालसम्म)

### क. प्रथम चरण : वि.स. २०४८ देखि २०५४ सम्म)

वि.स. २०४८ सालदेख २०५४ सालसम्मको समायवधिलाई वस्तीको प्रथम चरण मानिएको छ । वस्ती २०४८ सालमा **मधुपर्क** साहित्यिक मासिक पत्रिकामा **पश्चाताप** शीर्षकको कथा प्रकाशित गरेर आफ्नो कथा यात्राको प्रथम चरणको औपचारिक शुरूवात गरेका छन् । यसरी प्रथम चरणमा २० वटा कथा लेखेको जानकारी शोधनायक वस्तीबाट नै पाइन्छ । यस चरणका कथामा **लोभी गिद्ध र पीडित कागहरू** २०५०, (लहर, वर्ष १५ अङ्क २७) **नखनिएको खाडल** (२०५०, गोरखापत्र) **साँध** (२०४९), **भाँडसप र गाउँ** (२०५०, गरिमा), **बूढो विरामी** (२०५३, प्रलेस साहित्यिक त्रैमासिक वर्ष ४ अङ्क) **विषाद कोरिएको तस्वीरमा** (नवीनता साहित्यिक त्रैमासिक, वर्ष १ अङ्क ३४) **बीस वर्ष, ती उदास आँखाहरू,** (मधुपर्क साहित्यिक मासिक, वर्ष २८, अङ्क ११ पूर्णाङ्क ३२२, चैत्र २०५२), जागिरे छोरो, (

तन्नेरी साहित्यिक त्रैमासिक वर्ष १६ वार्षिक विशेषाङ्क-२०५०-०५१) **सविता भाउजू, लास र पोखराको दृश्य** (वन्दना साहित्यिक त्रैमासिक, वर्ष १४ अङ्क २, २०५२ कार्तिक-पुस), **बनावटी आन्दोलनकारी**, (जनमत साहित्यिक द्वैमासिक, वर्ष-११) **गंगासागर खडेरी** (बन्दना, साहित्यिक त्रैमासिक, वर्ष १५ अङ्क २, २०५३ साउन-असोज), **टोलभित्र प्राची माडसापसित जवाफ छैन**, (सुनकोशी, साहित्यिक त्रैमासिक वर्ष ⁄ अङ्क १) **मैले गाउँ छाड्न सकिन कान्छा** (सम्प्रेषण साहित्यिक त्रैमासिक, अङ्क ५, २०५० पुष फागुन) आदि रहेका छन् ।

कथाकार वस्तीका यी कथा अध्ययन र विश्लेषण गर्दा समकालीन विषयवस्तुमा केन्द्रित रहेको पाइन्छ । निम्न तथा मध्यम वर्गीय ग्रामीण जनजीवन भोगाइका क्रममा देखिने धोका, स्वार्थ, हिंसा, भेदभाव, विकृति, विसङ्गति, अभाव, सामन्ती वर्गको जालझेल, श्रम शोषण आदि जस्ता नकारात्मक पक्षहरूले कष्टपूर्ण बनेको सामाजिक जनजीवनको यथार्थ फरक रूपले चित्रण गर्ने गतिला उदाहरणका रूपमा **लोभी गिद्ध र पीडित कागहरू, टोलभित्र, साधना, सविता भाउजू** आदि रहेका छन् । वस्तीका **साँध, विषाद कोरिएको तस्वीरमा, सविता भाउजू, खडेरी** जस्ता कतिपय कथाहरूले उनलाई प्रगतिवादी कथाकारका रूपमा उभ्याएको पाइन्छ । यिनका कथामा समाजमा हुने शोषण र शोषित बीचको वर्गीय द्वन्द्व प्राकृतिक प्रकोपले फैलिएको अनिकाल, भूमिपतिहरूले साँध मिच्ने प्रवृत्ति, स्कुलका शिक्षकहरूलाई अनेक बहानामा सरूवा गराइदिने सामन्तहरूको खेल, गाउँको सोझा-साझा जनताको पीर मर्का नै नबुझी केन्द्रीय मन्त्रीलाई रिझाएर धाक रवाफ देखाउने गैरजिम्मेवार व्यक्ति पढ्न र जागिर खान शहर गएका युवाहरूले उतै घरजम गरेर बस्ने सौखिन प्रवृत्ति जस्ता अनेक प्रकारका विषयहरू रहेका छन् ।

यति मात्र नभएर रूढीवादी संस्कृतिले गर्दा उत्पन्न हुने पारिवारिक द्वन्द्व र दुर्दशा, नगर सभ्यताको दुष्प्रभाव २०४६ सालको जनआन्दोलन पश्चात नेपाली जनतामा परेको राजनीतिक जागरण र मानसिक परिवर्तन जस्ता कुराहरूको यथार्थ चित्रण गर्न वस्ती खप्पिस देखिन्छन् । ग्रामीण र शहरिया दुवै खाले वातावरणको प्रयोग गरेर वस्तीले यस चरणका कथाहरूलाई बलियो बनाउने प्रयत्न गरेको पाइन्छ । कथा लेखनको आभ्यासिक काल भएकोले भाषाशैलीमा केही कमजोरीहरू देखिए पनि सामाजिक वस्तुस्थितिलाई यथार्थ रूपमा सरल र सहज ढङ्गले प्रस्तुत गर्नु उनको यस चरणको महत्त्वपूर्ण उपलब्धिका रूपमा रहेको छ ।

**ख. दोस्रो चरण (वि.स. २०५५ देखि हालसम्म)**

वि.स. २०५५ देखि हालसम्मको समयावधिलाई कथाकार वस्तीको कथा यात्राको दोस्रो चरण मानिन्छ । यस चरणमा वस्तीले ५२ भन्दा बढी कथा र दश भन्दा बढी बालकथा प्रकाशित गराएका छन् । त्यस्तै अन्य लघु कथा तथा फुटकर कथा विवध पत्रपत्रिकामा प्रकाशित गराएको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) । यस चरणका कथामा **कछुवाको पुल, अब उकालो चढिदैन, ईश्वर पाण्डेको जिन्दगी, जूनले सङ्घार टेक्दै थियो, अनुत्तरित, असलवार, सीताराम फेरि हाँस्न थाल्यो, चिठी, सालिक युद्ध, आधा किलो, गाउँमा धेरैको निद्रा हराएको छ, जीतबहादुर हराएको छैन, करिस्माको नयाँ जुत्ता, विद्रोह जिउ, घाइते रिक्सा, हात, हारजित एक्यूरियम, नदी-राज्य, धुवाँको अन्तिम मुस्लो, कुवा, तस्विर, आली अर्थात काडपत्ती, मानिस र काठमाडौं, साँझ, भोग, हिजो आज सानी भयौ मैयाँ, फूलमायाले लिखु तरिन, यसपटक फुलेनछ गुराँस, साधुरामको चिहान, बाटो, चन्दनपुरको एक्लो वृक्ष, मिथिलामा जनकको अपहरण** आदि महत्त्वपूर्ण रहेका छन् ।

कथाकार वस्तीका यस चरणका कथामा प्रारम्भिक चरणका विशेषताका साथै माओवादी जनयुद्धको अनुभूति र भोगाइ, घाइतेको जीवन व्यथा भेदभाव छुवाछुत निम्न स्तरीय जनजीवनको यथार्थ चित्रण, भ्रष्टाचार तथा कालाबजारी प्रथा जस्ता अनेकौं पक्षहरूलाई आफ्ना कथामा विषयवस्तु बनाएको पाइन्छ । यस चरणमा वस्तीले तेजाव मिथिलामा जनकको अपहरण जस्ता कथामा माओवादी जनयुद्धले मच्चाएको विकृति, विसङ्गति साथै जनमानसले त्यस समयमा पाएका दुःख र सास्तीको वारेमा चित्रण गरेको पाइन्छ । वस्तीले करिमबक्सको नयाँ जुत्ता कथामा कालोबजारीको व्यङ्ग्यात्मक चित्रण गरेका छन् । जनता, समाज र समाज ग्रामीण परिवेशलाई आधार बनाएर कलात्मक चित्रण गर्न वस्ती साह्रै सिपालु छन् । खास गरी सामाजिक तथा जन आन्दोलनको परिवेशलाई नै जोड दिएको पाइन्छ । उनले यस्तै विषय र परिवेश अनुसारको पात्र चयन गरी कथाालई सङ्गठित गरेको पाइन्छ । सन्त्रासपूर्ण राजनीतिक अवस्थाले नेपाली जनजीवनमा पारेको सकारात्मक तथा नकारात्मक प्रभावको यथार्थपरक रूपले चित्रण गर्नु वस्तीका कथाको मुख्य उद्देश्य हो । यी चरणका कथामा वस्तीले स्थानीय चलनचल्तीको सरल, सुबोध, स्पष्ट, स्वभाविक भाषा प्रयोग गर्नुका साथै भाषा प्रयोगमा व्यङ्ग्यात्मकता रहेको पाइन्छ । आफूले जाने बुझेको परिवेश चित्रण देखेको भोगको सामाजिक तथा राजनीतिक विसङ्गतिको पर्दाफास, स्वभाविक पात्र चयन, लघु आकृति, सरल सम्प्रेषणीय भाषा, धारावाहिक शैली

समाजका समस्याको पहिचान, आञ्चलिकताको प्रयोग जस्ता उपलब्धि विवश वस्तीका यस चरणका कथामा प्राप्त भएको पाइन्छ ।

## ३.८ निष्कर्ष

कथा नेपाली आधुनिक साहित्यको लोकप्रिय एवम् नवीन विधा हो । पूर्व र पश्चिमम कथाको उत्पत्तिका सम्बन्धमा विविध चर्चा परिचर्चा भएका भएका छन् । तर एक मत भने पाइदैन । आधुनिक नेपाली कथाको रहेको छ । १९ औं शताब्दीमा पश्चिमी साहित्यबाट विकसित कथा अरबी, फारसी, हिन्दी हुँदै नेपाली साहित्यमा भित्रिएको पाइन्छ । कथाको परिभाषाको सम्बन्धमा पनि विद्वान्हरू बीच एक मत पाइदैन । कथा छोटो समयमै पढ्न सकिने जीवनको कुनै एक पक्षको चित्रण आख्यानात्मक गद्य रूप हो । यो आख्यानात्मक विधा भएकोले यसको सम्बन्ध अन्य उपन्यास निबन्ध जीवनी जस्ता आदि विधासँग पनि रहेको हुन्छ । यी विधा बीच कथासँग केही समानता रहेपनि आफ्नो छुट्टाछुट्टै पहिचान हुने हुनाले भिन्नता हुन्छ । त्यस्तै कथाका तत्त्वका आधारमा पनि फरक-फरक मत रहेको हुन्छ । विद्वान्लाई आधार मानी महत्त्वपूर्ण तत्त्व कथानक, पात्र, परिवेश, भाषाशैली, दृष्टिविन्दु र उद्देश्यको चर्चा गरिएको छ । अध्ययन कार्यलाई सरल बनाउनका लागि कथालाई विषयवस्तु सिद्धान्त र शैलीका आधारमा वर्गीकरण गरिएको छ । शक्ति बल्लभ अर्यालयद्वारा अनुदित **महाभारत विराटपर्व** १८२७ लाई नै आख्यानको प्रथम लेख्य औपचारिक गद्य कृति मानिन्छ । यस कृतिबाट नै कथाको प्रारम्भिक काल शुरू भयो भने माध्यमिक काल भने वि.स १९५८ सालको **गोरखापत्र** सँगै शुरू भएको पाइन्छ । यही कालमा गोरखापत्रलगायत एक दर्जन पत्रिकाले कथाको प्रकाशन र विकासमा महत्त्वपूर्ण योगदान गरेको पाइन्छ । आधुनिक काल पूर्वका कथा कृति कथा तत्त्वका दृष्टिले त्यति नभए पनि आधुनिक कालका पृष्ठभूमिका रूपमा आएका छन् । वि.स. १९९२ को **शारदा** पत्रिकामा प्रकाशित गुरूप्रसाद मैनालीको **नासो** कथाले आधुनिकतामा पाइला टेक्यो ।

आधुनिक नेपाली कथाको अध्ययनलाई सहज बनाउन विभिन्न धारा तथा युगमा विभाजन गरिएको छ । कथाका तीन युगको शुरूवात हुन्छ । यस समयमा सामाजिक यथार्थवादी, मनोवैज्ञानिक, प्रगतिवादी यथार्थवादी धारा रहेका छन् । २०३० सालको आयामेली आन्दोलनबाट कथाको नवचेतनावादी युगको शुरूवात हुन्छ । वि.स. २०४० को दशकपछि कथाले समसामयिक युग प्रवेश गर्‍यो । आधुनिक नेपाली कथाको समसामयिक

धारामा योगदान पुऱ्याउने वस्तीले शुरूका कथामा सामाजिक विषय अङ्गाले पनि पछिल्लो समयमा भने राजनीतिक विषयमा जोड दिए र यसरी अगाडि बढेका वस्तीको कथा यात्रा वि.स. २०४८ बाट शुरू हुन्छ । २०४८ सालदेखि २०५४ सम्म प्रथम चरण मानिएको छ भने २०५५ देखि हालसम्म उनको कथा यात्राका दोस्रो चरण रहेको छ । प्रथम चरणमा सामाजिक यथार्थपरक विषय समेटेका करिब २० वटा कथा रहेका छन् । त्यस्तै गरी दोस्रो चरणमा भने राजनीतिक विषयमा बढी जोड दिएको पाइन्छ । यसरी समसामयिक धारामा देखा परेका वस्तीको आधुनिक नेपाली कथाको विकासमा महत्त्वपूर्ण योगदान रहेको पाइन्छ ।

## परिच्छेद : चार

# यसरी नै आरू फुल्छ कथासङ्ग्रहको अध्ययन तथा विश्लेषण

### ४.१ यसरी नै आरू फुल्छ कथासङ्ग्रहका कथाको अध्ययन

कथाकार विवश वस्तीको कथा यात्राको तेस्रो कथासङ्ग्रह **यसरी नै आरू फुल्छ** २०६५ सालमा प्रकाशित कृति हो । यस कथासङ्ग्रहमा वस्तीले १९ वटा कथा समावेश गरेका छन् । सोही कृति भित्रका कथाको अध्ययन निम्नानुसार गरिएको छ ।

**मेरो छोराको लोकतन्त्र**

यस कथामा २०६२-६३ सालको जनआन्दोलनको परिवेशलाई मुख्य विषयवस्तु बनाइएको छ । यस कथामा म पात्र र दिवाकर घनिष्ट मित्र थिए । उनीहरू शहरमा सँगै बस्ने, पढ्ने गदर्थे । आ-आफ्ना व्यवहारिक शिलशिलामा पछि गएर उनीहरू आ-आफ्नो ध्रुवमा लागेका थिए । त्यति वेलाको समयमा लोकतन्त्र ल्याउन बृहत् आन्दोलन भइरहेको थियो । त्यस आन्दोलनमा म पात्रको छोरा घाइते भयो तर दिवाकर चाहिँ पछि गएर एक मण्डले बन्दै गयो । उसले दसौ हजार मान्छे मरेर जति भीड भए पनि प्रजातन्त्र आउँदैन भन्दै म पात्रसँग भेट भएका वेला कड्कँदै हिँडेको थियो । दिवाकर म पात्रको छोरा घाइते भएकै बेलुका त्यही अवसरमा खुसीयाली मनाएको कुरा पनि थाहा भयो । एकदिन बाबुछोराले टेलिभिजन हेरिरहेको वेला त्यो दिवाकर अङ्कल भनेपछि म पात्र पर्दामा केन्द्रित भयो । उसले त्यही खुँखार मण्डले दिवाकर जसले आन्दोलन दवाउन राताराात खटेको थियो । त्यसैले गलामा फुलमाला र खास्टो ओढाइरहेको देख्यो, ऊ अचम्मित मान्दै टेलिभिजन बन्द गर्न खोज्यो र उसले अर्कै समाचार हेर्न खोज्दा पनि मण्डलेको दृश्य नाँच्दै थियो उसको आँखामा म पात्रलाई जसको अनुहार हेर्न मन थिएन उसकै गलामा फूलमाला र खास्टोले सजिएको देख्न पर्ने एक विडम्बना थियो ।

यस कथामा म पात्र प्रमुख, अनुकुल पात्र हो भने म पात्रको छोरा अनि दिवाकर सहायक र दिवस, मन्जु, मञ्जुल आदि गौणपात्रका रूपमा रहेका छन् । काठमाडौँको शहरिया परिवेश समेटिएको यस कथामा माओवादी जनयुद्धकालको त्रासपूर्ण वातावरणलाई समेटिएको छ । प्रस्तुत कथामा जनताले लडेर ल्याएको प्रजातन्त्रलाई नबुझ्ी नेताहरूले उल्टै उनीहरूको दुःख दर्दमा खुसियाली मनाउने तथा राजनीतिक खेलमा अवसरवादी बन्दै

घनिष्ट मित्रतालाई पनि घात गर्दारहेछन् भन्ने कुरालाई स्पष्टसँग देखाइएको छ । कथामा पात्र अनुकुलको सरल सहज तथा उत्कृष्ट भाषाशैलीको प्रयोग भएको पाइन्छ । बाह्य दृष्टिविन्दु प्रयोग गरिएको कथाको कथानक ढाँचा वृत्ताकारिय देखिन्छ ।

## तेजाव

तेजाव कथामा उच्च शिक्षा हासिल गर्ने र पुनः गाँउमै फर्केर सेवामा जुट्ने उद्देश्य लिएको म पात्र क्याम्पसदेखि नै राजनीतिमा फसेको छ । म पात्र २०६२-६३ सालको जनआन्दोलनमा सक्रिय सहभागी भयो । उसले निरङकुशतन्त्र जरैबाट उखेलेर फाल्नुपर्ने कुरामा जोड दिएको थियो । लोकतन्त्रको आह्वान गरिरहेका जनतालाई निरङ्कुशताको दलदलबाट बचाउनुपर्छ । नेताले आफ्ना कमी कमजोरी नलुकाइकन जनता समक्ष स्पष्ट राख्नुपर्दछ भन्ने भावना भएको म पात्रले निरङ्कुशता हटाई लोकतन्त्र ल्याउन आन्दोलन भएको भन्ने कुरा व्यक्त गर्छ । ऊ आन्दोलनमा सक्रिय सहभागी थियो । त्यस समयको आन्दोलन अलि फरक ढङ्गले अगाडि बढिरहेको थियो । त्यसैवेला उसको टाउकोमा लाठी बर्सियो । त्यसपछि म पात्रलाई सुरक्षाकर्मीको निगरानीमा राखिएको थियो । उसको शरीरको तल्लो भागमा नराम्ररी चोट लागेर ऊ अपाङ्ग बनेको थियो । जनलहरको तीव्र वेगले गर्दा देशले कोल्टो फेऱ्यो । कति जनता मरे, कति घाइते भएर लोकतन्त्र ल्याएरै छाडे तर जनताले आफ्नो ज्यानको आहुति दिएर ल्याएको परिवर्तनमा नेताले क्रुर प्रवृत्ति हटाएका छैनन् । उल्टै अजित सिंहजस्ता जनआन्दोलन दबाउने हिंस्रक दोषीलाई बचाउनतर्फ ध्यान दिइएको छ । आन्दोलनका दोषीको नाम सार्वजनिक गर्ने क्रममा अजित सिंहको नाम नदेख्दा म पात्रको आँखामा तेजाव फ्याँकिएको अनुभव भयो र ऊ छट्पटियो ।

कथामा म पात्र मुख्य हो । ऊ अनुकूल रूपमा आएको छ । सहायक पात्रका रूपमा कपिल, अजित सिंह र म पात्रको सहयोगी रहेका छन् । त्यस्तै गौण पात्रमा नेता, सुरक्षाफौज, म पात्रको दाजु, डाक्टर आदि रहेका छन् । ग्रामीण तथा मुख्य रूपमा सहरिया परिवेश समेटेको यस कथामा काठमाडौको धोवी खोला, अनामनगर, रत्नपार्क, पुतलीसडक आदी जस्ता विविध स्थान मुख्य रूपमा आएका छन् । अनि २०५२ सालपछिको युद्धकालीन समय समेटेको छ । कथामा हाम्रो देशका पहिले जरा गाडेर बसेको गलत राजनीतिक नियतिमा रहेका नेतालाई सजाय दिनुको सट्टा उल्टै प्रोत्साहन दिने प्रकृतिलाई स्पष्ट

पारिएको छ । कथामा सरल, सहज र स्पष्ट भाषाशैली रहेको छ । कथा वृत्ताकारीय कथानक ढाँचामा देखिन्छ ।

## यसरी नै आरू फुल्छ

कथाकार विवश वस्तीको **यसरी नै आरू फुल्छ** गरीब र असहाय परिवारको समसामाहिक पीडालाई समेटेर लेखिएको छ । जनयुद्धको समयमा भएका यतार्थ घटनाहरूको बारेमा यस कथामा उल्लेख गरिएको छ । यसरी नै आरू फुल्छ कथामा एउटा असहाय महिलाको जीवनको भोगाइको बारेमा उल्लेख गरिएको छ । कथामा जनयुद्धको बारेमा देशमा भएको यथार्थ विवरण यसमा पाइन्छ । उक्त कथामा आमा पार्वती र छोरा रवि हुन्छन् । रवि सानै हुँदा उसको बाबाले छाडेर परलोक गएका हुन्छन् । एउटा विधवा महिलाको लालनपालनबाट रवि हुर्केको हुन्छ । पार्वतीले धेरै दुःख कष्टसँग छोरा रविलाई हुर्काएकी हुन्छिन् । रवि सानो हुँदा आमालाई धेरै दुःख दिन्थ्यो तर पनि रविलाई ममतापूर्ण रूपमा हुर्काएकी हुन्छिन् । साँच्चै नै रवि गाउँको नमुना पात्रको रूपमा देखिन्छ । गाउँको समाजसेवी पात्र रवि समाजका काम गर्दा नै उसको समय बितेको उसलाई थाहा नै हुँदैनथ्यो । एकदिन रवि घर फर्केन रातभरी छोराको प्रतिक्षामा छटपटाई रहिन भोलिपल्ट रवि घरमा फर्कियो, तर अर्को पोशाकमा जनयुद्धको कमाण्डरको रूपमा आएको थियो आफ्नी आमालाई खबर गर्न र आमाको आशीर्वाद थाप्न छोराको पहिरन देखेर विरक्त भएकी पार्वतीले प्रतिउत्तर दिन सकिनन् । रवि घरबाट निस्क्यो, कहिलेकहीँ घर त आउथ्यो तर पल्टनको साथमा गाउँलेले भन्ने गर्थे छोराले देशै खाने भयो । गाउँका मानिसले हेर्ने दृष्टिकोण अर्कै थियो । गाउँका मानिस रविको क्षमता देखेर नतमस्तक हुन्थे । एक दिन ठूलो दुर्घटना भयो घरसँगै जोडिएको गोठमा रवि र उसका साथीहरूले रात बिताइरहेका थिए गोली हानाहान निकै वेरसम्म चल्यो दोहोरो हानाहान क्षतविच्छेद भयो सिङ्गो वस्ती नै । रवि पक्षको लासको डङ्गुर लाग्यो बारी तथा गह्वाका कान्लाहरूमा रगतको खोलो बग्यो । वारिको पुछारको सानो चौरमा सिसौको रूखसँगै त्यही रात रविको जीवन समाप्त भयो । छोराको मृत्युको खबरले पार्वती धेरै दिनसम्म विक्षिप्त भइन् । उनका सबै सपना चकनाचुर भयो । जीवनरूपी पहाडको कहिल्यै रोकथाम नहुने गरी पहिरो गयो । रविको मृत्यु हुने समयमा आरूका फूल टन्नै फुलेका थिए । पार्वतीले घरभन्दा मुनिको बारीमा हेरिन् बारीका रूखमा टन्न आरू झुलिरहेको बतासको स्पर्शले फूलहरू झरेका थिए । क्रमिक रूपमा आरू

फुल्छ, झर्छ र फेरी अर्को वर्ष पनि आरू फुल्छ तर आफ्नो छोरालाई दैवले आरूको फूलको फूल झारे जस्तै गरी टपक्क टिपेर लग्यो । कथाकी मुख्य पात्र पार्वतीलाई आफ्नो छोराको मृत्यु चैत्र-वैशाख आरू फुल्ने समयमा भएको हुनाले आरू फुल्ने वित्तिकै आफ्नो छोराको याद आउँछ । यसरी प्रत्येक वर्ष यसरी आरू फुल्छ तर आफ्नो छोराको जिन्दगी पाउन कठिन भएको कुरा कथाको माध्यमबाट थाहा पाउन सकिन्छ । विरूवाले नयाँ जुनी प्रंत्येक वर्षमा पाउँछ तर मानव जीवन कहिल्यै फर्केर आउँदैन भन्ने कुरा यस कथामार्फत थाहा पाउन सकिन्छ । एउटी असहाय महिलाको जिन्दगीमा घटेका घटना कथामा उल्लेख गरिएको छ । सरल भाषाशैलीको प्रयोगले आम पाठकका लागि कथा रुचिकर लाग्ने बनेको छ ।

**फोटो सेसन**

फोटो सेसन कथाको पात्र दिवाकरले आफूले सपनामा देखेको कुरालाई विपनामा पुरा गर्ने उद्देश्य लिएको हुन्छ । जनआन्दोलनको समयमा मरेका सहिदले सपनामा दिवाकरले जनआन्दोलनको समयमा दिएको योगदान र जनआन्दोलनमा सक्रिय सहभागी भई आफ्नो दायित्व पुरा गर्ने व्यक्तित्व केही प्रमाणहरू देखिएको हुनुपर्छ । तँसग त्यस्तो कुनै प्रमाण वा नाम निसान छैन भनेर सपनामा सहिदले भनेपछि यस कथामा दिवाकरले आफ्नो शरिरमा अनेकौ बहाना बनाई आफ्नो शरिरलाई काटेर घाउ बनाउने र सबैलाई देखाउने र चारैतिर सबैले थाहा पाउने किसिमले बनाउने निर्णय गरी तिघ्रामा घाउ बनाउन एउटा केटालाई लगाउँछ । उसले अनेक गरी पन्छाउने काम गर्छ । जनआन्दोलनको समयमा सहिदको सपना आफूलाई भनेको दृश्य उसले सम्झन्छ । दिवाकरलाई सहिदले आफ्नो ठाउँबाट सक्रिय सहभागी नभएको र कुनै भूमिका नखेलेको कुरा राति सपनामा भनेको कुराले गहिरो छाप परेको हुन्छ । उसले त्यो सपनालाई पुरा गर्ने उद्देश्यले अनेक कुरा मनमा खेलाउँदा यस्तो गर्दा होलाकि भन्ने फेरि यसो गर्दा होलाकि भन्दै मनमा अनेकै कुरा खेलाउँदा खेलाउँदै उसले सहिदले प्रमाण खोजे भने के देखाउने भनेर दिवाकर ठुलो समस्यामा पऱ्यो । जनआन्दोलानको समयमा बनेको सरकारले उसलाई राज्यको महत्त्वपूर्ण अङ्गका रूपमा लिने थियो मात्र एउटा जनयुद्धको प्रमाण उससँग नभएकोले उसले प्रमाण देखाउने गरेर ऊ सँग कुनै विकल्प नभएकोले उसले फोटो सेसन गरेर आफ्नो नाम राख्ने अठोट गरेको थियो । उक्त फोटो सेसन कार्यक्रममा दिवाकर सडकमा घोप्टो पर्ने उसलाई ४-५ जना प्रहरीले

लाठीले पिट्न तयार भएको जस्ता दृश्य भएको फोटो खिच्न फोटो ग्राफरलाई फोटो सेसन गर्ने आदेश लगाउँछ । दिवाकर सडकमा कुद्न थाल्यो, प्रहरीले लखेटन थाले दिवाकरको टाउकोमा लाठी प्रहार गर्दा उसले छेक्ने प्रयास गर्छ सडकमा ढल्छ । टाउको मुसार्न थाल्छ तर प्रहरीले उसलाई हिर्काउन अझै छाड्दैनन् करिव एक घण्टा जति यस्तै दृश्यको फोटो सेसनको काम फोटोग्राफरले गर्छ । त्यस्ता खालका फोटो सेसन गरेर निकालेको फोटो सेसन सबैतिर प्रचारप्रसार गरेर दिवाकरले आफू आन्दोलनको समयमा ठुलो योगदान पुऱ्याएको प्रमाण देखाउनको लागि फोटो सेसन गरेको छ । कथाको मुख्य पात्र दिवाकर हो भने फोटोग्राफरलगायतका सहायक पात्र कथामा रहेका छन् । यस कथामा जनआन्दोलन परिवेशलाई लिइएको छ । सरल भाषाशैलीको प्रयोग गरिएको कथामा जनआन्दोलनमा आफू निरन्तर लागि परेको र आफूले दुःख कष्ट भोग्नुपरेको घटनाको बारेमा देखाएको दृश्य पाइन्छ ।

**करिम बक्खको नयाँ जुत्ता**

करिम बक्खले नयाँ जुत्ता किन्छ, तर उसले आवश्यकता भन्दा पनि शोखका कारण त्यो जुत्ता सभ्य, शिष्ट, आकर्षक अनि नयाँ र सानदार खालको थियो । उसले त्यो जुत्ता खुट्टामा टल्काउँदै हिँड्यो । एकदिन बक्खले जुत्ता पालिस गरेर छानामा सुकाएको थियो । धूर्त बिरालोले छानाबाट त्यो जुत्ता खसालिदिएपछि तल एउटा नेपालीले टाउकोमा बोकेर हिँडेको घैटामा लाग्यो । घैटो फुट्यो र त्यस भित्रका धेरै चिजहरू छताछुल्ल भई पोखिए । त्यसपछि जुत्ताको उपद्रोदेखि नेता रिसायो तर त्यो त शक्तिको शीर्षासनबाट खसेको जुत्ता हो भन्ने आवाज सुनेपछि भने कस्तो राम्रो र त्यो जुत्ता टकटक आवाजमा अफिसमा त्यो जुत्ता शक्तिको पूर्ण थियो । एकदिन एउटा कर्मचारी पक्रियो । त्यसपछिको छानविनमा प्रश्न गर्दा आफै रहेको कर्मचारीले अन्तमा त्यस जुत्ताको फोटो देखायो । त्यसले बयान लिनेहरू सबैलाई जिल्ल पाऱ्यो । बजारमा हरेक सामान थिएनन् । के भयो बजारलाई व्यापारीलाई, सरकारलाई सबैले सराप गर्न थाले गोदाममा समान किन लुकाएको भनेर प्रश्न गर्दा त्यही फोटो देखाएर कसम खान्थे । सबैले आ-आफ्ना समस्यालाई भुलाउन त्यही जुत्ताको फोटोलाई प्रतिकात्मक रूपमा प्रयोग गरेका थिए । करिम बक्खको जुत्ताले सबै ठाउँमा स्पर्श गर्दै सर्वव्यापी बन्यो ।

कथाको केन्द्रीय पात्र करिम बक्ख हो । यस कथामा करिम बक्ख मुख्य पात्रका रूपमा देखा परेको छ । उसैको केन्द्रीयतामा कथाले बिस्तारिने मौका पाएको छ । व्यापारी र बयान लिने व्यक्ति आदि अन्य पात्र कथाका सहायक पात्र हुन् । शहरिया परिवेशको चित्रण गरीएको यस कथामा बक्खको शोख मानसिक परिवेशको रूपमा आएको यस कथामा क्यासिनो, बार रेष्टुरेन्ट जस्ता सहरी बिम्बहरू आएका छन् । यसरी करिम बक्खको नयाँ जुत्तालाई प्रतिकात्मक रूपमा प्रयोग गरिएको कथामा हाम्रो समाजमा हुने गरेका हरेक विकृतिको चित्रण गरिएको छ । हाम्रो समाजमा बढ्दै गएको कालाबजारी प्रथालाई यथार्थ चित्रण गर्नु यस कथाको मुख्य उद्देश्य हो । यस कथामा सरल भाषाशैलीको प्रयोग गरिएको छ । कथाको कथानक ढाँचा आदि र अन्त्य मिलेको रैखिक प्रकारको छ । यस कथामा बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

**विद्रोह**

विद्रोह कथामा एउटा पोखरीमा फरक-फरक उमेर समूहका भ्यागुताले आफ्नो जीवन गुजारा गरिरहेका थिए । एक दिन एक युवा भ्यागुतो त्यो पोखरीबाट केही परको वातावरण हेर्नका लागि गयो । भ्यागुतोले त्यसपछि अब यो कुवामा बस्दिन भनी विद्रोह गर्न थाल्यो । अरू-अरू भ्यागुताले किन विद्रोह गर्नुपऱ्यो भन्दा उसले हामी सधैं यही कुवालाई नै सिङ्गो संसार मान्दै बसेका छौ । अब हामी परम्परागत मान्यता र आलस्यलाई नयाँ सृष्टिको शूत्रपात गर्नुपर्छ । युवा भ्यागुतोले आफ्नो विद्रोहको स्वर व्यक्त गऱ्यो । अर्को भ्यागुतोले तिमी एक्लैको विद्रोहले कुनै अर्थ हुँदैन । यो एक व्यक्ति विद्रोह हो, इतिहास पल्टाएर हेर्न हो भने व्यक्ति विद्रोहबाट सामूहिक विद्रोह भएका छन् थाहा पाउने छौ भन्दै उसले विद्रोह शुरू गऱ्यो । जीवनमा कसरी सामेल हुने, कहाँ जाने भन्ने बारेमा सोच्न थाल्यो । तर कुवाको प्रमुख भ्यागुतोले किन यस्तो गरेको भनेर भनेको थिएनन् तर युवा भ्यागुतोले कुवालाई सर्वस्व देख्ने प्रवृत्ति हटाएर नयाँ बाटो खोज्नुपर्छ भन्थ्यो, तर प्रमुख भ्यागुतोले विद्रोह गर्नु हुँदैन भन्थ्यो । युवा भ्यागुतोले विद्रोह गरी छाड्यो, अर्को कुवामा गयो परम्परागत मान्यता त्यागेर नयाँ सृष्टिको सूत्रपात गर्नुपर्छ भन्ने कुरालाई मुख्य विषयवस्तु बनाइएको छ ।

विद्रोह कथामा मनोत्तर पात्रको प्रयोग गरिएको छ । यस कथामा युवा भ्यागुतो प्रमुख पात्रका रूपमा आएको छ, भने बुढो भ्यागुतो सहायक पात्र र अन्य भ्यागुता गौण

पात्रका रूपमा आएका छन् । विद्रोह कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्य मिलेको रैखिक प्रवृतिको रहेको छ । विद्रोह कथामा परम्परागत मान्यता राखी सानो परिधिमा जिन्दगी सडाउनु हुँदैन भन्ने सन्देश पाइन्छ । कथाको भाषाशैली सरल तथा सहज रूपमा अगाडि बढेको छ । ग्रामीण परिवेश समेटेको यस कथामा बुढो भ्यागुतोको अभिव्यक्तिलाई हेर्दा साँस्कृतिक परिवेश पनि आएको पाइन्छ । युवा भ्यागुतोको केन्द्रीयतामा अगाडि बढेको यस कथामा बाह्य दृष्टिविन्दु प्रयोग गरिएको छ ।

**बीउ**

नेपाली समाजमा व्याप्त भष्टाचारलाई मुख्य विषयवस्तु बनाएर **बीउ** लेखिएको हो । विविध प्रवृत्तिका महानुभावलाई बोलाएर एउटा बैठकको आयोजना गरिएको थियो । जसमा नेता, व्यापारी, प्रशासक, वकिल, डाक्टर, इन्जिनियर, लेखक जस्ता प्रतिनिधिलाई बोलाइएको थियो । बैठक कोठामा एउटा बत्ती बालेर रमाइलो तरिकाले बैठक शुरू गरियो । त्यहाँ उपस्थित सबै महानुभावलाई भ्रष्टाचार अन्त्य गर्ने चिन्ता टल्केको थियो । त्यहाँ डाक्टरले क्यान्सर, प्रशासकले प्रशासकको पितामह, व्यापारीले उधारो प्रवृति, न्यायाधिशले विशाल मुद्दा, पत्रकारले पित पत्रकारिता आदि भन्दै भ्रष्टाचारलाई हटाउनुपर्छ भन्थे । कसैले पूर्णतया नष्ट गर्नुपर्छ भन्थे । कसैले पूर्ण निर्मूलीकरण गर्न सकिन्छ तर पूर्णतया नष्ट गर्न सकिदैन भन्दै बैठकमा विवाद भयो । त्यसवेला एक जनाले टेबलमा १० केजीको १० ठाउँमा गाँठा पारिएको पोको राख्यो । त्यो रहस्यमय पोकाप्रति जिज्ञासु बन्दै फुकाउने कुरा भयो । त्यो पोको भ्रष्टाचारको बीउको पोको थियो । त्यसलाई अन्त्य गर्न त्यहाँ ल्याइएको थियो । ठीक त्यस पोकालाई नष्ट गर्न लाग्दा बत्ति गयो । पछि बत्ती आउँदा पचास प्रतिशत बीउ गायव भइसकेको थियो । तर पनि अरू बाँकी बीउ नष्ट गरेर कथा समापन भएको छ ।

बीउ कथामा बैठक सञ्चालक मुख्य पात्र हो भने अन्य विविध प्रकारका सीमित महानुभाव सहायक पात्रका रूपमा आएका थिए । सहरीया परिवेश रहेको कथाले समकालीन नेपाली समाजमा भ्रष्टाचार गर्ने प्रवृत्ति जतिसुकै दरिलो पहल गरे पनि अन्त्य हुन सकेको छैन् भन्ने कुरा सन्देशका रूपमा स्पष्ट पारिएको छ । सबैले बुझ्न सक्ने स्पष्ट भाषाशैलीमा सहरिया परिवेशको चित्रण कथामा पाइन्छ । बाह्यदृष्टिविन्दु प्रयोग गरिएको यस कथाको कथानक ढाँचा हेर्दा आदि, मध्य र अन्त्यको क्रमयुक्त रहेको छ ।

**घाइते रिक्सा**

कथाकार विवश वस्तीको यसै कृति भित्रको **घाइते रिक्सा** नामक अर्को कथा हो । कथामा चुनाव प्रचारप्रचारको समयमा सडकमा रिक्सा र रिक्सा चालक पात्र रामलखन लखन दास हुन् । बजारको चोकमा मानिसको भीड मात्र भएको देखिन्थ्यो । सस्तो भीडलाई छिचोलेर जाम एक जना रामलखन र उसको साथी दुवै मिली भाषण सुन्ने तयारीमा बसिरहेको र त्यही समयमा एकजना तरकारी व्यापारीले एउटा साँढेलाई लखेट्दै गर्दा लखन र उसको रिक्सालाई चोट लाग्छ । त्यस्तैगरी आफू पनि घाइते र रिक्सा पनि घाइते घाइते भएको साथै हस्पिटलमा गएर बसेको रामलखनको २–३ दिनपछि मात्र राम लंखनको होस खुल्छ । उसको साथी रामदास र उसको छोरा नजिकै आडमा बसेका छन् । पाँचौ दिनपछि लखन घरमा जान्छ । सबै सामान आधा भएको हुन्छ । दुबै बुढाबुढीको बीचमा कुराकानी चल्छ । चुनावको समयमा गाउँमा आमसभा गरेर गरीब असहायका लागि काम गरेर खान साह्रै कठिन भएको कुरा यस कथाको माध्यमबाट बुझ्न सकिन्छ । यस कथामा काम गरी खाने गरिबको आवश्यकतालाई नबुझी बजारको कुनकुनामासमेत आन्दोलन चर्किएको हुन्छ । आन्दोलनमा कति मान्छे घाइते पनि हुन्छन् । रामलखन नराम्ररी घाइते भयो भीडको चापले गर्दा सांडेलाई पनि बस्ने ठाउँको अभावमा हिँड्दा उसले अरू व्यक्तिलाई घाइते बनाउन पुग्छ भन्ने कथाको माध्यमबाट देखाउन खोजिएको छ । रामलखन कथाको मुख्य पात्र हो भने । रिक्सावाला रामदास, उसको छोरो, साँढे अन्य सहायक पात्र हुन । सहरिया परिवेश रहेको यस कथाका माध्यमबाट गरिब असहायका लागि बन्द हडताल, भाषण जस्ता कुराले नराम्रो असर पार्छ भन्ने कुरा देखाउन खोजिएको छ । कथामा सरल भााषाशैलीको प्रयोग भएको छ ।

**हात**

प्रस्तुत कथा दुर्योधनको हातको विषयलाई लिएर लेखिएको छ । दुर्योधनको हात चुनावको समयमा दुर्योधनका विरोधी पाटीले उसको द्रेब्रे हात छिनाली दिए । तर पनि दुर्योधनको पाटीले चुनाव जित्यो । सरकार बनाउने मौका पायो । उसको पाटीको सरकार बन्यो । उसले  जिएम पायो । पाटी सरकारमा हुन्जेल दुर्योधनले हात गुमाए पनि उनी पाटीमा ठुलो पद पाएकोले उनी खुसी देखिन्थे । पछि सरकारको समयावधि लामो समयसम्म टिक्न सकेन अर्को पाटीका मानिसले दुर्योधनलाई हराउने प्रयासमा लागिरहेको समयमा

उसको पाटी सरकारबाट बाहिरिएको अवस्थामा दुर्योधनलाई खपिनसक्नु भएको थियो । पाटी सरकारबाट बाहिरिदा उसको जिएम पनि खारेज भयो । उसको पाटीले सत्ता छोड्नु र उसको दुवै हात काटिए सरह भयो । अन्तर्राष्ट्रिय सम्मेलनमा पनि दुर्योधनलाई पन्छाउन खोज्नु उसको विरोध गर्न थाले समाजमा उसले आफ्नो हात गुमाउन पर्दा उसलाई पछुतो भएको छ । पहिले सरकारमा रहँदाको हातप्रति पश्चाताप भएको छ । यसरी हात कथामा द्वन्द्वकालीन समय भएको घटना यतार्थ चित्रण गर्न सफल देखिन्छ । उसको आफ्नो राजनीतिक यात्रालाई निरन्तरता दिइनै रह्यो, विरोधीसँग पनि  उसले लडेरै छाड्यो सत्तामा आयो उसको पाटी केही समय पछि गिर्‍यो । ऊ पनि गिर्‍यो  उसलाई पश्चताप भयो, आफूले पाएको पदसमेत त्यागनुपर्‍यो । जनआन्दोलनको समयमा आफ्नो हातसमेत गुमाएका दुर्योधन माथिको षड्यन्त्र हुँदो रहेछ । समाजमा राम्रो काम गर्छु भन्नेलाई खुट्टा तान्ने प्रवृति समाजमा विधमान रहेको कुरा यस कथामा स्पस्ट पारेको छ ।

**एक्युरियम**

प्रस्तुत कथामा सुचित्रा हरेक दिन कार्यालयमा आउने जाने गरेर दिनचर्या बिताइरहेकी थिइन् । उनको  परिवारमा श्रीमान् मात्र छन् । उनका छोराछोरी छैनन् । सुचिता सिँगो जीवन यसरी नै बित्ने पो हो कि भनेर चिन्तित पनि थिइन् । उनले हरेक आकाङ्क्षा तथा शोकहरू सँगालेकी थिइन्, जसमा उनले घर बनाउने, एक्युरियम ल्याउने, भ्रमण गर्ने, सन्तान जन्माउने आदिमध्ये सन्तानको रहर भने पुरा हुन सकेको छैन तर अरू भने सहज, असहज तरिकाले भए पनि पुरा गरेकी छन् । धेरै दिनको अनुरोधपछि उनका श्रीमान्ले उनको इच्छा पुरा गर्ने एक्युरियम ल्याइदिएका छन् । त्यसपछि भने फुर्सदको समय तिनै एक्युरियम माछाहरू खेलेको हेर्दै बिताउथिन् सुचित्रा सन्तान अभावको पीडाले चिन्तित थिइन् । उनको जीवनमा शून्यता, अभाव, पीडा, तनाव जस्ता कुराको स्रोत बनेको थियो । सन्तान उनलाई उही कोठा, उही कार्यालय गर्दै एउटै दैनिकीदेखि दिक्क लागेर आफ्नो जिन्दगीदेखि नै धिक्कारेकी छिन् । उनले एक्युरियमको साँधुरो वृत्तमा माछाको जिन्दगी साँधुरिएको जस्तो उही प्रतिक्रिया आफ्नो जिन्दगी बितेको महसुस गरेकी छन् । एउटा एक्युरियमको साँधुरो वृत्तमा माछाहरू जिन्दगी साँधुरिएको जस्तै उही प्रक्रियामा आफ्नो जिन्दगी बितेको महसुस गरेकी छन्, यसरी कथा सकिएको छ ।

कथामा सुचित्र प्रमुख पात्रका रूपमा र उनका श्रीमान् सहायक पात्रका रूपमा आएका छन् । काठमाडौंको सहरी परिवेश समेटेका कथामा जनकपुर, भक्तपुर जस्ता स्थानिय परिवेश आएका छन् । त्यस्तै सुचित्राको मनमा उतार चढावलाई हेर्दा मानसिक परिवेश पनि प्रयोग भएको पाइन्छ । कथामा एउटा एक्युरियमको सन्दर्भलाई लिएर सुचित्राको जीवनका हरेक अवस्थालाई केलाउने प्रयास गरिएको छ । यस कथामा मान्छेको जीवन एउटा निश्चित परिधिमा बाँधिएर रह्यो भने सुचित्राको जस्तै निसासिदो बन्न पुग्छ भन्ने कुरा यस कथाको माध्यमबाट पाउन सकिन्छ । कथामा सरल तथा सहज भाषाशैलीको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्य मिलेको रैखिक ढाँचाको कथानक रहेको कथामा बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

**हार जित**

खरायो र कछुवाको विषयलाई लिएर **हारजित** कथा लेखिएको छ । कछुवाको कथालाई हाम्रो समाज र परिवेश चलेको भन्ने कुरा यस कथाको माध्यमबाट देखाउन खोजिएको छ । खरायोले यो जङ्गलको छिटो हिड्ँने प्राणी म मात्र हो भन्ने धाक देखाउथ्यो । जङ्गलका अन्य प्राणी डरले आत्तिनै गर्दथे । खरायोले आफ्नो घमण्डलाई प्रर्दशन गर्न छाडेनन्, तर खरायोलाई कछुवाले म तिमीसँग भिड्न तयार छु भन्यो । खरायो भने आफ्नो अडान छोडेन । जङ्गलका शक्तिशाली र निर्णायक तहमा रहेको खरायो र कछुवा बीचको दौड शुरू भयो । दौडमा कछुवाले जित्यो तर खरायोको घमण्डले गर्दा खरायोले हार खान पऱ्यो । जित्न त निष्पक्ष रूपमा कछुवाले जितेको थियो, तर खरायोले हार नस्विकारेसम्म जितेर पनि जिते जस्तो भएको थिएन । यही विषयलाई लिएर दिनँहु जसो विवाद हुन्थ्यो । यस विषयमा पत्रकार सम्मेलन गर्दा खरायोले म हारेको होइन हारेजस्तो गरी कछुवालाई जीतको अनुभव गराएको हुँ म हार स्वीकार गर्दिन भन्छ । त्यसपछि कछुवाले खरायो सामु जित्न त मैले जितेको हुँ जीत स्वीकार्न खरायो सामु मेरो कुनै हैसियत छैन् यो जीत त्यही घमण्ड र अहङ्कार हो भनि कछुवाले भन्छ र कथा सकिन्छ ।

कथामा मानवेत्तर खरायो र कछुवालाई प्रमुख पात्रका रूप प्रयोग गरिएको छ । पत्रकार तथा अन्य खरायो र एक कछुवालगायतका जीव जनावर गौण पात्रका रूपमा प्रयोग गरिएको छ । ग्रामीण परिवेश समेटेको कथामा २००७ साल पूर्वको देशकाल परिस्थितिको झलक पाइन्छ । कथामा हाम्रो समाजमा दबेर बसेका, दमित, शोषित वा निम्नवर्गले जितेर

पनि हार स्वीकार्नु पर्ने र उच्च वर्गले हारे पनि जितेको दाबी गर्ने वर्गीय द्वन्द्वमय प्रवृत्तिलाई यथार्थपरक रूपमा चित्रण गर्नु कथाको मुख्य उद्देश्य हो । कथामा सरल, सहज र स्पष्ट भाषाशैलीको प्रयोग गरिएको छ ।

**नदी-राज्य**

एउटा पोखरी भित्र थुप्रै भ्यागुता बस्थे । कहिलेकहीँ डिलबाट यता उता हेरे पनि त्यहाँका भ्यागुता अन्त कुनै ठाउँमा गएका थिएनन् । एक दिन एउटा युवा भ्यागुतो पोखरीबाट बाहिर निस्कि अलिपरसम्म पुग्यो । उसले त्यहाँ एउटा नदीमा स्वच्छ जल प्रवाह देखि त्यहाँबाट प्रभावित भयो । एउटा माछाले भ्यागुतोलाई सोध्यो तिमी कहाँ बस्छौ र आजसम्म यस्तो जल प्रवाह देखेका थिएनौ भनि सोध्दा भ्यागुतोले परको पोखरीको बस्छु भन्दै त्यतै लाग्यो । भ्यागुतोले पोखरीमा पुगेर अब हामीले पोखरीबाट आफूलाई मुक्त गर्नुपर्छ भन्दा सबैभन्दा ठूलो वा मुली भ्यागुतोले असहमति जनाउँदै आफ्नो रितिरिवाजलाई र परम्म्परालाई तोड्नु हुँदैन भन्यो तर युवा भ्यागुताले भने विगतका वर्षमा खडेरी परेर धेरै भाइबन्धुहरू मरेर त्यसैले हामीले पनि यस पोखरीलाइ छाडेर जाने निर्णय गरेर नदीमा गएर रमाइलो सँग बस्न थाले । केही समयपछि नदिमा चुनाव भयो, त्यहाँका माछापक्ष र भ्यागुता पक्षका दुवैले आ–आफ्ना पक्षबाट उम्मेद्वारी छनोट गरी प्रचारप्रसार कार्य पुरा गरे । त्यसपछि निर्वाचन कार्य सम्पन्न भयो । मतगणना गर्दा धेरै जनसंख्या भएको माछापक्षको पराजय भोग्नु पर्‍यो भने थोरै जनसंख्या भएको भ्यागुता पक्षले विजयको माला पहिरिन गयो । माछा पक्षले चाहिँ धाँधलीका कारण यस्तो भएको हो भनी आन्दोलन शुरू गरे । त्यसको व्यस्थापनका लागि छानविन आयोग गठन गरी भ्यागुताको पुरानै बसोबास स्थलतर्फ छानविन गर्दा थुप्रै मत पेटीका फेला पारी उत्खनन गरियो । त्यसपछि पुनः मतगणना गर्दा भ्यागुता पक्षले पराजय भोग्नुपर्‍यो र भ्यागुता पुरानै बासस्थानतर्फ फिर्ता भएर कथा समापन भएको छ ।

कथामा मानवेत्तर पात्रको प्रयोगमा जोड दिएको छ । यस कथामा युवा भ्यागुतोको केन्द्रित पात्रका रूपमा आएको हो भने नदी-राज्य कथामा अन्य माछा र भ्यागुता आयोगका मान्छेहरू गौणपात्रका रूपमा रहेका छन् । धाँधलीपूर्ण राजनीतिक परिवेशलाई समेटेको यस कथामा हाम्रो नेपाली राजनीतिक परिवेशलाई समेटेको नदी-राज्य कथामा धाँधली गरेर भए पनि चुनाव जित्ने नेपालको राजनीतिक अवस्थालाई यथार्थ रूपमा देखाउन खोजिएको छ ।

कथामा आदि र अन्त्य मिलेको रैखिक ढाँचाको कथानक रहेको छ । सरल भाषाशैलीका माध्यमबाट अगाडि बढेको छ ।

**धुवाँको अन्तिम मुस्लो**

गाउँको सिरानमा नै हरि पौडेलको घरसँगै सानो गोठ छ । उसका केही वस्तु पनि छन् । एकदिन हरि पौडेल घरमा धुवाँ पुत्पुतायो । हरि बाजेकै आड भरोसामा चल्ने सन्ते दमाईकी श्रीमतीले देखी, त्यसपछि उसले सन्तेसँग भनी अब पुरानो कुरालाई सम्झेर बस्नु हुँदैन् भन्दै जताततै गाउँनै थर्किने गरी करायो । सन्ते र उसकी श्रीमती सम्पूर्ण गाउँलेलाई खबर गर्दै आफूहरू पनि हरि बाजेको घरतिर आगो निभाउन लागे । सन्तेकी श्रीमतीले धमाधम पानी छ्याप्न थालिन् तर सन्तेको भने मनले मानेन । सन्तेको मानसपटलमा भने उही पुरानै हरिबाजेकी श्रीमतीको सारीको फुर्काले गाग्रो छोएको निहुँमा श्रीमतीलाई कुटेको दृश्य नाचिरहेको थियो तर आगो नियन्त्रण भयो । गोठ जले पनि घर चाहिँ केही भएन् । एकदिन हरि बाजेले उनको गोठ आगलागी भएको सन्तेकी श्रीमतीले देखेर आगो निभाउन गाउँलेलाई खबर गर्ने तथा आफूले पनि पानी छ्याप्ने गरी घर जल्नबाट बचाएको कुरा थाहा पाए । सन्तेका बुढाबुढी हरि बाजेको घरमा गएका थिए । त्यस वेला सन्तेले मेरो बुढीले हजुरको गोठ बिटुल्यादिई भन्दा हरिबाजे भावविह्वल भएर उत्तर दिन असमर्थ भए । उनले सन्तेकी श्रीमतीलाई पिटेर गल्ती गरेको महसुस गरेका छन् ।

कथामा हरिबाजे र सन्ते दमाई प्रमुख पात्रका रूपमा आएका छन् । सन्तेकी श्रीमती सहायक, नारायण, सुदर्शन, गाउँलेहरू गौण पात्रको रूपमा आएका छन् । वृत्ताकारीय ढाँचामा रहेको यस कथाले ग्रामिण समाजमा भएको जातीय भेदभावपूर्ण वातावरण ग्रामीण परिवेशलाई समेटेको छ । कथाले हाम्रो समाजमा जरा गाडेर बसेको जातीय भेदभावलाई चित्रण गरेको छ । आपत्विपत पर्दा शत्रु र मित्र नभनेर एकले अर्कालाई सहयोग गर्नुपर्छ साथै कहिलेकहिँ सानो तथा तल्लो वर्गका मानिस पनि सम्पन्न वर्गका लागि अन्त्यन्त सहयोग गर्न सक्छन् भन्ने कथाको मुख्य उद्देश्य रहेको छ । हरिबाजे र सन्तेको केन्द्रीयतामा अगाडि बढेको हुँदा पात्र अनुसारको सरल र स्पस्ट भाषाशैलीमा रचना गरिएकाले कथा सरल छ । कथामा बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

## कुवा

उजेली दलित परिवारकी असल केटी थिई । उसले चार कक्षामा पढ्थी । उसको कक्षाकोठा छुतहरूले भरिएको थियो । उसको  कक्षामा अछुत ऊ मात्र थिई । सरले उसलाई कक्षाको पल्लो कुनामा फल्याक माथी राखिदिएका थिए । उजेलीले सरलाई आफूलाई किन छुट्टै राखेको भनी सरलाई समेत सोधेकी थिई । उसले सानै उमेरमा पनि जातीय भेदका कुरा बुझेकी थिई । एकदिन उजेलीले छुत र अछुतका दुइओटा कुवा भएको छुतहरूले अछुतलाई आफ्नो कुवामा टेक्न पनि नदिने गरेको थाहा पाई । उसले परको त्यही अछुत कुवाबाट पानी ल्याउँदै गर्दा उसकी छुत साथीले वरको छुतको कुवाबाट पानी ल्याउँदै आएको र आ–आफ्नो कुवाबाट पानी भर्ने कुरा भएको थियो । एकदिन उजेलीले सन्ते कामीलाई कुवाको डिलमा टेक्यो भनी गाउँ छोड्न बाध्य पारिएको थाहा पाई । यी विविध कुराहरू सुन्दै गर्दा उजेलीलाई त्यही कुवामा पानी पिउनको लागि गई उसले पेटभरी पानी पिई ।

कथामा उजेलीले शुरूदेखि अन्तसम्म भूमिका रहेकाले केन्द्रीय पात्रको रूपमा आएकी छ भने फुलमाया, सन्ते कामी, छुतहरू, उजेलीको आमा गौण पात्रका रूपमा रहेका छन् । जातीय भेदभावयुक्त वातावरण समावेश गरिएको कुवा कथामा नेपाली ग्रामीण परिवेशको यर्थाथपरक चित्रण गरिएको छ । हाम्रो समाजमा जरा गाडेर बसेको जातीय छुवाछुत तथा भेदभावलाई मुख्य कथानक बनाएर लेखिएको कथाले अछुतलाई पनि छुत सरह अधिकार दिनुपर्छ । जातीय भेदभाव तथा छुवाछुत प्रथा हटाउनु पर्छ भन्ने सन्देश दिएको छ । स्थानीय शब्दावली तथा ग्रामीण नेपालीशब्दको प्रयोग गरिएको यस कथामा सरल, सहज र स्थानिय भाषाशैली प्रयोग गरिएको छ । बाह्य दृष्टिविन्दु प्रयोग गरिएको यस कथामा वृत्ताकारीय कथानक ढाँचा रहेको छ ।

## तस्विर

लाटेकामीको छोरो रगताम्य शरीर र अनुहार लिएर घरमा आउँछ । बाबुले किन रोएको भनी सोद्धा झुक्किएर चामल छोएको थिए भन्छ । लाटेकामी छोरालाई लिएर बाजेको घरमा उसले यो अन्धा बालकलाई किन पिटेको भन्दा गल्ती गरेपछि पिट्नु पऱ्यो डाङ्ग्रा भनी बाजे कड्किन्छन् । त्यसको केही समयपछि त्यस गाउँको चुनदेवीको ठूलो चौरमा सहभोजको आयोजना गरिन्छ, जसमा लाटेलाई पनि एक केटाले निमन्त्रणा गरेको थियो ।

लाटे चिटिक्क परेर भोजमा गयो । त्यहाँ उसले पन्युँ चलाउने भन्छे । चिने जस्तो लाग्यो उसको आँखामा दृष्टिभ्रम भएको जस्तो पनि भयो । तर अन्तमा पौडेल बाजेलाई चिन्दा लाटे हेरेको हेऱ्यै भयो । एउटा ठिटोले बस्नुस् दाइ कार्यक्रम शुरू हुन्छ भन्यो । लगत्तै कार्यक्रम शुरू भयो । एक ठिटोले देशव्यापी रूपमा चलिरहेको सहभोजको जातीय भेदभाव र दुरीलाई कम गर्ने छ भन्दै प्रमुख अतिथि सिताराम पौडेललाई बोल्न लगायो । लाटेले को रहेछ सिताराम भनी हेरिरहेको वेला उनै पौडेल बाजे रहेछन् र उनले भन्दै थिए आजको विकसित जमानामा जातपात र छुवाछुतलाई मान्यता दिनु हुँदैन् । काटे रगत सबैको रातो आउँछ । हामी सबै एक जात हौँ म पनि जातभात पटक्कै भन्दिन र छुवाछुत पनि गर्दिन, जसको अन्त्यका लागि पहल गरिरहेको छु भन्दै भाषण दिएका थिए । तर लाटेलाई सुन्दा सुन्दै रिङ्गटा लाग्यो । लाटेको आँखामा विगतको तस्विर एकाएक नाँचिरहेको थियो । अझ पौडेल बाजेले नै बसौँ न कस्तो रमाइलो भइरहेको छ भन्दा त अचम्मित हुँदै घर फर्कियो ।

तस्विर कथामा लाटेकामी केन्द्रीय चरित्र हो भने पौडेल बाजे र लाटेको छोरो सहायक चरित्रका रूपमा आएका छन् । कथामा ग्रामीण जातीय परिवेशलाई यथार्थपरक रूपमा सरल भाषाशैलीको प्रस्तुत कथामा अत्यन्त सरल तथा ग्रामीण जनजीवनमा प्रचलित अनौपचारिक प्रकृतिको रहेको छ । अशिक्षित तथा निम्नवर्गलेझैं झगडाका क्रममा प्रयोग गर्ने डाङग्रा करेटा जस्ता शब्दहरू पनि यस कथामा रहेको पाइन्छ । यस कथामा नेपाली समाजको जातीय छुवाछुत र भेदभावलाई नै मुख्य विषयवस्तु बनाएको छ । त्यस्तै आजको विकसित जमानामा जातीय भेदभाव तथा छुवाछुतको अन्त्य गर्नुपर्छ । हामी सबै एकै जातका हौ, काटे रगत सबैको रातो आउँछ भन्ने भावनाको विकास गर्नपर्छ भन्ने सन्देश दिएको छ । बाह्य दृष्टिविन्दु समेटिएको यस कथामा वृत्तकारीय कथानक ढाँचा रहेको छ ।

**आली अर्थात् काँडपत्ती**

कुनै गाउँमा दुई जना श्रीमान् श्रीमती बस्थे । उनीहरूको जग्गाको विषयमा वा सँधियारसँग कुरा मिलेको थिएन । त्यही विषयवस्तुलाई लिएर घरमा श्रीमान् श्रीमतीको बीचमा झगडा भइरहन्थ्यो । श्रीमतीले सधैं आफ्नो जग्गा अर्कालाई मिच्न दिनुहुँदैन । आफ्नो जति जग्गा पर्छ त्यति आफ्नो साँधलाई मेट्न दिनु हुँदैन भनेर श्रीमान्लाई भन्दा उनले दिनहुँ जति कुरा गरेपनि अन्य कुरा गरी त्यो कुरालाई अन्यत्र मोडिदिन्छ । झन् श्रीमती कराउन थाल्छे तर उसलाई सँधियारसँग गएर झगडा गर्न मन छैन् । उसले आफूले

समातेको कोदालोसमेत फाल्छ । उसले श्रीमतीलाई अनेक तरहले सम्झाउन खोज्छ तर श्रीमती मान्ने अवस्थामा हुन्न । उल्टो ऊ त झन् कड्किन थाल्छे । सँधियारको कुरा गर्दा बित्तिकै साँधसधियारलाई साँधको कुरा गर्न जाँदा बित्तिकै नुन, तेल, कपडा, मसला सबै बन्द गरिदिन्छ । अस्ति अर्कै सँधियारसँग उसले ठुलो झगडा गऱ्यो र जितेरै छाड्यो । सँधियारसँग बन्दुक पनि छ भन्दै डरले उसले कोदाली थन्क्याउन गोठतिर लाग्यो । श्रीमतीले लालपुर्जामा आफ्नो भएपछि हामी किन डराउने आफ्नो जग्गा लडेर भए पनि लिनुपर्छ भनेर श्रीमान्लाई सम्झाउँदा पनि उसले सँधियारसँग डराएर आफ्नो जग्गाको विषयमा कुरा गर्दा भागेर लिने निर्णय गर्छ । उसले श्रीमतीको कुरालाई भन्ने पक्षमा हुँदैन । सँधियारसँग साँधको वा आलीको विषयमा कुराकानी गर्न छोडेर घरमा खान खान पनि नआउने सङ्केत गर्दै काँडपत्ती खेल्न खल्ती भरी पैसा बोकेर एउटा हुतिहारा मान्छे त्यही सँधियारको घरतिर रन्थनिदै हिँड्छ र यस कथाको अन्त्य हुन्छ ।

श्रीमान् श्रीमती र सँधियारा पात्र रहेको यस कथामा ग्रामीण परिवेशलाई समेटिएको पाइन्छ । एउटा साधारण परिवारको मानिसलाई धनी परिवारको मान्छे साँधको विषयमा हेपाहा प्रवृत्ति भएको पाइन्छ । ठुला वर्गले सानो वर्ग माथि गरेको अन्याय र अत्याचार प्रवृत्तिलाई यस कथामा देखाउन खोजिएको छ । सरल, सरस भाषाशैलीको प्रयोगले कथा पढ्नलाई रुचिकर लाग्छ ।

### मनिष र काठमाडौंको साँझ

राजनीतिक परिवेशको समयमा देशमा ठूलो आन्दोलन चलिरहेको हुन्छ । आन्दोलनको समयमा विद्यार्थी र युवाहरू बढी उत्सुकताका साथ आन्दोलनमा उत्रिन्छन् । केटाहरूको जोश र जाँगरले गर्दा जुनसुकै अवस्थामा पनि अगाडि बढ्न उनीहरूले आफ्नो हिम्मत छाड्दैनन् । त्यस्तै मध्येका एकजना युवकको नाम यस कथामा आएको छ मनिष । मनिष एउटा जेहेन्दार, आँटिलो र साहसी विद्यार्थी थियो । विद्यार्थी जीवनमा उसले जस्तोसुकै अप्ठ्यारो स्थितिमा पनि आफ्नो कामलाई पुरा गराएरै छाड्थ्यो । कसैले पिट्ने आदेश दियो भने पिटिहाल्थ्यो । घाइते पनि बनाइहाल्थ्यो ।कसैले खुट्टा भाँच्ने आदेश दिएमा खुट्टा भाँचिदिन्थ्यो । आन्दोलनको समयमा नेताले जे काम लगायो त्यही काम गर्थ्यो । मनिषले आन्दोलन हुन्जेल र आफ्नोसरणमा परून्जेल नेताले मनिषसँग मौकाको फाइदा उठाए । कथामा स्वार्थीले आफ्नो जनजीवन सहज भएपछि अरूको वास्ता गर्न छाड्छन् भन्ने

सन्देश कथामा छ । मनिषले हिजो आज काठमाडौंमा आफ्नो जीविका चलाउन घरमा रङ्रोगन लगाउन थालेको कुरा उसको गुरूले थाहा पाउँछन् । त्यही काम गर्दागर्दै एकदिन खसेर घाइते भई उसको मुख र जिउँभरी रगतै रगत भएको थियो । उसले सरलाई फोन गऱ्यो र सरसँग भेट भयो । सरले मनिषको अनुहार देखेर अचम्मित हुँदै सोधे के भयो तिमीलाई भन्दा भऱ्याङ्बाट खसेर घाइते भएको कुरा मनिषले बतायो । मनिषले एक जना नेतासँग उपचार खर्चको उपेक्षा राखेको उल्टै गाली खानुपऱ्यो । अनि सरलाई सम्झेको भनेर मनिषले सरतिर निकै बेरसम्म हेऱ्यो । उसले जीवनको ठूलो भिख माग्दै भिखारीको रूपमा उभिएको छ । कथामा सरले केही नभनी साँझपखको समयमा सरले मनिषलाई अस्पताल खोज्दै मनिषको उपचारको लागि लैजान्छन् र विस्तारै साँझ पनि पर्न लाग्छ । काठमाडौंको जाडोले विस्तारै-विस्तारै सेकिरहेको हुन्छ ।

मनिष यस कथाको मुख्य पात्र हो । यसका गुरु सहायक पात्रको रूपमा आएका छन् । कथामा मनिषको काठमाडौं बसाइको परिवेशका बारेमा उल्लेख गरिएको छ । मानिसले आफ्ना सबै बन्दोबस्ती भएपछि अरू कसैलाई पनि वास्ता नगर्ने प्रवृत्ति मानिसको हुँदो रहेछ । ऊ स्वार्थी हुँदोरहेछ भन्ने कुरा देखाउन खोजिएको कथाको भाषा सरल छ ।

**भोग**

गाउँको माझमा पिताम्बर बाजेको घुमाउने घर चारैतिर बुर्जा निकालिएको छ । उनको घर गाउँको अद्वितीय शोभा बनेको छ । धेरै वर्ष पहिले मधेशबाट कालीगण झिकाएर बनाएको हुनाले उनको घर गाउँमा नमुना नै बनेको छ । पिताम्बर बाजेको अहिले घरमा दुई जना बुढाबुढी मात्र बस्छन् । अलिकति नोकरचाकर छन् । उनका छोराहरू सहरीतरै बस्छन् । छोरीहरूको विहे भैसेकेको हुन्छ । उनले आफू सकुञ्जेल आफ्नै गाउँमा बस्ने, आफ्नै गाउँमा रमाउने र आफू मरेपछि सुनकोशीको बगरमा जलाउनु पर्छ भन्ने उनको भनाइ थियो । गाउँको पुछारमा सेते सार्की थियो । उसका स-साना छोराछोरी थिए । सेते पिताम्बर बजेको आडभरोसामा चलेको थियो । हिउँद वर्षा पिताम्बर बाजेको खेतबारीको कमाइले उसको परिवार धानिएको थियो । एक दिन सेतेसँज ज्याला बढाउने विषयमा छलफल हुन्छ । सेतेले दश वर्षदेखि तीस रूपैयाँमा काम गर्दै आएको र अबदेखि ज्याला बढाउनुपर्दछ नत्र भने हामी तिम्रो काम गर्न सक्दैनौ भन्यो । बाजे रिसको आवेगमा कड्किए । सेते रिसले चुर हुँदै घरतिर लाग्यो । त्यसको केही समय पछाडि सेतेले गाउँ छोड्यो ।

बन्दुक आफ्नो काँधमा बोकेर गाउँबाट निस्क्यो । उता बाजेलाई अब सेतेले के गर्ने हो भनी दिनदिनै छटपटाइरहन्थे । त्यसैगरी दिन बितिरहेका थिए । एकदिन सेते ठूलो दलबलसहित बाजेको घरमा आउँछ । त्यति वेला बाजेका बुढाबुढी आफ्नै घरमा बसिरहेका थिए त्यही समयमा सेतेले आफ्ना सहपाठीलाई त्यहाँ लिएर आएको थियो । बाजेलाई बोलाएर तल झर्न लगाए । बाजे तल झरेपछि त्यहाँ उनले नौला-नौला अनुहारका मानिसहरू देखेर र घरको अलि पल्लो छेउमा सेते पनि उभिएको उनले देखे । उनले सेतेलाई कहाँबाट आइस् बाबु ? तँ-त धेरै दिनदेखि गाउँमा थिइनस् बाबु । बाजेले अलि पर एक्लै उभिएको सेतेलाई भने तर सेतेले भन्यो म तेरो सतगद गर्न आएको हुँ भन्दै सेते आवेगमा आउँछ । बाजेले सेतेलाई सानैदेखि हुर्काएको र सानैमा बाबु मरेको हुनाले उसकी आमाले धेरै दुःख कष्टसँग हुर्काइन् । विहे दान मैले गरिदिएको हुँ । यी सबै कुरा बिर्सिस बाबु तैले भनी बाजेले सम्झाए । नयाँ संसार बनाउन हिँडेका हामीलाई पुराना कुरा सम्झेर केही फाइदा छैन भन्दै सेते पिताम्बर बाजेको घरभित्र पस्यो । पिताम्बर बाजेले बजाउने पूजा कोठाको घण्टी झिकेर घण्टी बजाउँदै घरको चारैतिर घुम्यो । घरको धुरीमा चढ्दै सेते कड्किदै बोल्न थाल्यो । घरको घण्टी हामी जस्ताले बनाउन हुने । यो घरको धुरीको काठ हामी जस्ताले बनाउन हुने । हामी घरभित्र पस्न नहुने, धुरीमा चढ्न नहुने भन्दै घरको चारैतिर सेते चढ्दै थियो । उता पिताम्बर बाजे बेहोस भएर पसिनाले निथ्रुक्क भएर ढलेका थिए । केही समयपछि पिताम्बर बाजे बिउँझिए । उनको शरीर पुरै काँपेको थियो । उनले मसिनो स्वरमा श्रीमतीलाई भने बुढी अब यो गाउँमा हाम्रो भोग पुगे जस्तो छ । भोलि नै छोरालाई खबर गरौं र हामी मधेशतिरै जानुपर्दछ भने बाजेको कुरामा बुढी पनि सहमति जनाइन् ।

कथामा पिताम्बर बाजे मुख्य पात्रको रूपमा आएका छन् । बाजेकी श्रीमती र सेते सहायक पात्रको रूपमा आएका छन् । साथै सेतेका सहपाठी सहायक पात्रको रूपमा देखिएका छन् । कथामा गाउँले परिवेशलाई समेटिएको छ । धनी र गरिब बीचमा र उँचनीच जातको बीचमा गरिएका वा भएका जातीय परिवेशको बारेमा पनि यस कथामा देखाउन खोजिएको छ । दश वर्षको जनयुद्धको समयमा गाउँ वा देशमा भएका अन्याय र अत्याचारको गरिब वा निच वर्गमाथि गरेको दमित अवस्थालाई हटाउने प्रयास यस कथाको सेते माध्यमबाट थाहा पाउन सकिन्छ । गाउँमा सबै जातजाति र वर्गमाथि सामाजिक व्यवहार समान नहुँदा गाउँ नै छाडी अन्यत्र जाने परिवेश भएको पाइन्छ र आफ्नो गाउँमा आफूले गर्ने भोग पुगिसकेको कुरा यस कथाको माध्यमबाट थाहा पाउन सकिन्छ । यस

कथामा सरल सहज भाषा प्रयोग गरिएको छ । आदि मध्य र अन्त्य मिलेको रैखिक ढाँचाको कथानक रहेको कथामा बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

**हिजोआज सानीमैयाँ**

केही समय अगाडिको कुरा हो । कार्त्तिक महिना जाडोको स्पर्शले ढाँकिदै थियो । त्यस समयमा बिजय, म पात्र अर्थात् तल्लो घरको कान्छो देशमा रहेको दश वर्षे जनयुद्धमा सामेल थिए र उनीहरूको मुख्य उद्देश्य थियो । विजय हासिल गर्न उनीहरू युद्धमा सामेल भएका थिए । उनीहरूको हिँडाई कष्टपूर्ण नै थियो । त्यही हिँडाई कै क्रममा उनीहरूको सानीमैयाँसँग बाटोमा भेट हुन्छ । उनीहरूले सानीमैयाँलाई बाटोमा भेट्छन् । उनीहरूले सानीमैँयालाई बाटोमा भेट हुन्छ र कुराकानी हुन्छ । सानीमैयाँले उनीहरूलाई सोच्छिन् । कहाँ पुगेर आएको ? हिँडाइको यात्रालाई कहाँसम्म पुऱ्याउने ? निकै चासो राख्दै सोध्छिन् । सानीमैयाँले कुराको भेट्नोसम्म कोट्याउन लागिन् । विजयले मुन्टो मात्र हल्लायो । सानीमैयाँको हातमा प्लाष्टिकको पुरानो झोला र पुराना पुराना चप्पल र पुरानै कुर्ता सुरूवाल लगाउँकी दुब्ली थिइन् । उनले म पात्रसँग आँखा जुधाउँदै सोधिन् । विषमले जवाफ दियो । तल्लो घरको कान्छोले बिजयलाई सोध्यो । विजयले जवाफ दियो । सानीमैयाँ भन्दै उनीहरू बाल्यकालका साथीहरू उनीहरू एक आपसमा मिलिजुली खेल्ने गरी आफ्ना दिन बिताएका थिए । केही समयको अन्तरालमा उनीहरूको बल्ल भेट हुन्छ । विजय र कान्छा जनयुद्धको समयमा विजयको खोजीमा माओवादी आन्दोलनमा हिँडिरहेका हुन्छन् । उनीहरूले दिन रात नभनी जनयुद्धमा लडिरहेका हुन्छन् । उनीहरूको जीवनको कुनै ग्यारेन्टी छैन । बाँच्ने मर्ने दोसाँधमा विजय र कान्छा उभिएका छन् । उनीहरूको यात्राकै क्रममा भेटिएकी सानीमैयाँ अहिले दश वर्षपछि आएर अर्कै देखिएकी छिन् । उनले बिजयलाई युद्धको समयमा भएका यथार्थ घटनाको बारेमा सोध्दैछन् । पहिले बोल्न पनि लजालु हुने सानीमैयाँका दृश्यलाई ३ भागमा बाँडिएको छ । उनका प्रत्येक क्षणहरू क्रमबद्ध रूपमा अगाडि बढिरहेका छन् । जीवनका थुप्रै तरङ्ग विजय र सानीमैयाँको डायरीमा संयुक्त रूपमा कोरिएका छन् । पहिलेको सानीमैयाँ र अहिलेको सानीमैयाँमा धेरै परिवर्तन देखिएको छ भन्ने कुरा विजयले अनुमान लगाउन खोजेको छ । सानीमैयाँ, विजय म पात्र अर्थात तल्लो घरको कान्छो यस कथाका पात्रहरू हुन् । जनयुद्धको परिवेशलाई आधार मानेर तयार पारिएको कथामा मुख्य गरी मानिसको द्वैध चरित्रलाई उल्लेख गरिएको कथा सरल छ ।

**निष्कर्ष**

कथाकार विवश वस्तीको कथा यात्राको तेस्रो कथासङ्ग्रह प्रस्तुत **यसरी नै आरू फुल्छ** भित्रका कथाको अध्ययन गर्दा कथाकार वस्तीले सामाजिक तथा राजनीतिक घटनामा आधारित छोटो कथानक तथा थोरै पात्रको प्रयोग गरिएका कथा रचना गरेको पाइन्छ । उनले कथामा छोटा अनुच्छेद निर्माण गरेका छन् । आफ्ना कथामा सरल सहज स्वभाविक तथा पात्र अनुकूलको भाषाशैली प्रयोग गरेको पाइन्छ । समकालीन विषयवस्तुमा आधारित वस्तीका कथाको मुख्य उद्देश्य जनयुद्धको अनुभूती, भोगाई, जनआन्दोलनका घाइतेको जीवन व्यथा, समाजमा व्याप्त जातीय भेदभाव, कालाबजारी र भ्रष्टाचारकोसमेत यथार्थ चित्रण गर्नु रहेको छ । ग्रामीण तथा सहरी भेगमा हुने सामाजिक तथा राजनीतिक जनआन्दोलनमय परिवेशको प्रतिनिधित्व वस्तीका कथाले गरेको पाइन्छ । प्रस्तुत कथासङ्ग्रहमा रहेका **तेजाब** र **यसरी नै आरू फुल्छ** दुई कथामा मात्र आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । अन्य बाँकी कथाहरूमा बाह्य दृष्टिविन्दुको प्रयोग भएको छ । यस कथासङ्ग्रह रहेका 'तेजाब' र 'यसरी नै आरू फुल्छ दुई कथामा मात्र आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । भने अन्य बाँकी रहेका कथाहरूमा बाह्य दृष्टिविन्दुको प्रयोग भएको छ ।

## ४.२ कथाकार वस्तीका कथाको प्रवृत्तिगत विश्लेषण

**यसरी नै आरू फुल्छ** कथासङ्ग्रहमा रहेका १९ वटा कथा समकालीन नेपाली सामाजिक परिवेशलाई समेट्ने खालका छन् । जसमा हाम्रो देशको विकृति राजनीतिक अवस्थालाई यथार्थपरक रूपले चित्रण गर्ने प्रयास गरिएको छ । प्रस्तुत कृति भित्र सङ्गृहित कथामा मुख्यतया सामाजिक र राजनीतिक विषयवस्तुलाई अगाडि सारिएको छ । कतिपय कथामा मनोवैज्ञानिक तथा आर्थिक विषयवस्तु पाइन्छ । यस कथासङ्ग्रहका कथाले विविध विषयवस्तुलाई छोए तापनि कथामा जुन विषयवस्तुले मुख्य स्थान पाइएको छ यसैलाई आधार बनाएर कथाको विश्लेषण गरिएको छ । यस सङ्ग्रका कथामा सामाजिक, राजनीतिक र मनोवैज्ञानिक विषयवस्तुलाई आधार मानेर विश्लेषण गरिएको छ ।

### ४.२.१ राजनीतिक विषयवस्तु समेटिएका कथा

कथाकार विवश वस्तीले **यसरी नै आरू फुल्छ** कथासङ्ग्रहमा धेरै कथामा राजनीतिक विषयवस्तुलाई नै मुख्य आधार मानिएको पाइन्छ । यस कथामा **मेरो छोराको**

**लोकतन्त्र, तेजाब, मनिष र काठमाडौंको साँझ, घाइते रिक्सा, यसरी नै आरू फुल्छ, हात** गरी कथामा राजनीतिक विषयवस्तु रहेको पाइन्छ । यी सातवटा कथामा हाम्रो देशको समकालीन राजनीतिक अवस्थालाई यथार्थ रूपमा चित्रण गर्ने प्रयास गरिएको छ । खास गरी माओवादी युद्धका वेला हाम्रो ग्रामीण समाजमा बस्ने जनतासँग चन्दा माग्ने, नदिए अपहरण गरेर लैजाने, अनेक प्रकारका दुःख र त्रास दिने त्यति वेलाको त्रासपूर्ण वातावरणको चित्रण गर्ने प्रयास यी कथामा गरिएको छ ।

**मेरो छोराको लोकतन्त्र** शीर्षकको कथामा गाउँका सोझा साझा जनता आफ्नो जिउ ज्यानकोसमेत माया नमानी लडेर ल्याएको प्रजातन्त्रमा स्वार्थी नेताले मनपरी गर्ने र उल्टै तिनै पीडित जनताको दुःखमा अवसरवादी बन्दै खुसियाली मनाउने प्रवृत्तिलाई भण्डाफोर गरिएको छ । अवसरवादी बनेर स्वच्छ तथा घनिष्ट मित्रलाई घात गर्न खोज्दा रहेछन् भन्ने कुरा स्पष्ट पार्न खोजिएको छ । यस कथाको म पात्र र दिवाकर दुई मिल्ने साथी हुन् । तर पछि गएर दिवाकर भित्रभित्रै मण्डले बनेर आफ्नो मिल्ने साथी म पात्रको छोरा आन्दोलनमा घाइते हुँदा खुसियाली मनाएको छ । यहाँ म पात्रलाई दिवाकरले घात गर्नुको मुख्य कारण त्यही राजनीतिक हो । हाम्रो देशमा दिवाकर जस्ता त्यही प्रजातन्त्र ल्याउनका लागि लड्ने र म पात्र र उसको छोरा जस्ता जनताको दुःखमा साथ दिनुको सट्टा उल्टै खुसियाली मनाउने नेताको प्रवृत्तिलाई स्पष्ट पार्न खोजिएको छ । हाम्रो देशमा जनआन्दोलन दबाउन रातारात खेटेको खुँखार मण्डले नेतालाई गलामा फूलमाला र खास्टो ओढाएर सम्मान गर्ने राजनीतिक कुप्रवृत्तिका नेतालाईसमेत यस कथामा देखाउन खोजिएको छ । नेताहरूको गलत राजनीतिक परिपाटीले गर्दा हाम्रो देशमा आजसम्म कुनै प्रगति हुन सकेको छैन भन्ने कुरा स्पष्ट देखिएको छ ।

**तेजाब** शीर्षकको कथामा राजनीतिक जनआन्दोलनको सक्रिय सहभागी म पात्रले निरङ्कुशतन्त्रलाई जरैबाट उखेलेर फाल्नुपर्ने र लोकतन्त्रको आश्वासन हुनुपर्ने कुरालाई जोड दिएको छ । आन्दोलनमा सक्रिय भएर हिँडदा ऊ घाइते भई अपाङ्ग बनेको छ । हाम्रो देशमा प्रजातन्त्र तथा लोकतन्त्रको लागि आन्दोलनमा होमिने जनतालाई उल्टै अपाङ्ग बनाइएको छ । यस कथाको म पात्रलाई निकै अवसरवादी निरङ्कुश प्रवृत्ति भएका नेताले सुरक्षाकर्मीसमेत प्रयोग गरी लाठी बर्साएका छन् । देश र जनताको दुःख र मर्मलाई बुझ्नुको सट्टा नेताले उल्टै जनतालाई दुःख दिने प्रचलन हाम्रो देशमा छ । हाम्रो देशका सुरक्षाकर्मीले उल्टै अजित सिंह जस्ता जनआन्दोलन दबाउने हिंस्रक दोषीलाई बताउनेतर्फ

लागेको दर्दनाक अवस्थाको चित्रण गरिएको छ । दश बाह्र वर्षे आन्दोलनको दौडानमा पनि राजनीतिक दलका नेताले जनताबाट विश्वास गर्न नसकेर त्यही निरङ्कुशताको दलदलमा फस्न बाध्य नेपाली जनताको स्थितिलाई स्पष्ट पारिएको छ । यस कथामा हाम्रो देशको कमजोर सुरक्षाका कारण राजनीतिक अवस्थामासमेत सुधार आउन सकेको छैन । हाम्रो देशमा पहिलेदेखिनै जरा गाडेर गलत राजनीतिक नियत भएका नेतालाई सजायँ दिनुको सट्टा उल्टै प्रोत्साहन दिने प्रवृत्तिलाई यस कथामा सरल भाषाशैलीको माध्यमबाट स्पष्ट पारिएको छ ।

**नदी-राज्य** कथामा कथाकार वस्तीले नदी-राज्य कथामा हाम्रो देशका नेताले धाँधली गरेर चुनाव जित्ने गरेका कुरालाई देखाउन खोजिएको छ । नेपाली जनताले सही उम्मेद्वार छान्नका लागि राखेको मतलाई दुरूपयोग गरेर उल्टै मत नै लुकाएर धाँधलीपूर्ण तरिकाले चुनाव जित्ने हाम्रो देशका नेताले न्यायसङ्गत तरिकाले काम गर्न नसक्नाले हाम्रो देशको राजनीतिक अवस्था बिग्रीएको हो जुन कुरालाई यस कथाले स्पष्ट पारेका पाइन्छ । माछा भ्यागुता दुई थरी मानवेतर पात्र प्रयोग गरी लेखिएको यस नदी-राज्य कथामा भ्यागुताहरू लगातार एउटै पोखरीको साँघुरो वृत्तभित्र गुम्सिएर बस्दा आत्तिएको महसुस गरे । जहाँ एउटा युवा भ्यागुता केही परको वातावरण नियाल्ने क्रममा ऊ नदीको स्वच्छ जल, आत्मीय माछा हरण र अत्यन्त रमाइलो सौहार्दपूर्ण वातावरणबाट प्रभावित भई सबै भ्यागुता सबै भ्यागुतासँग त्यही नदीतर्फ लागे । त्यहाँ माछाहरू हाँसखेल गर्दै रमाइलोसँग आफ्नो जिन्दगी बिताउन थाले । एकदिन नदी-राज्यमा दुई थरी मानवेतर पात्र प्रयोग गरी लेखिएको छ । नदी-राज्य कथामा भ्यागुताहरू लगातार एउटै पोखरीको साँघरो वृत्तभित्र गुम्सिएर बस्दा आत्तिएको महसुस गरे जहाँ एउटा युवा भ्यागुता केही परको वातावरण नियाल्ने क्रममा ऊ नदीको स्वच्छ जल, आत्मीय माछाहरू र अत्यन्त रमाइलो सौहार्दपूण वातावरणबाट प्रभावित भई सबै भ्यागुता सबै भ्यागुतासँग त्यही नदीतर्फ लागे । जहाँ बुढो भ्यागुतले आफ्ना रीतिरिवाज र संस्कृति नछोड्ने भन्दा पनि अरू भ्यागुताले नमानी नदीको विशाल प्रवाहमा प्रभावित भई त्यही नदीतर्फ लागे त्यहाँ माछाहरू हाँसखेल गर्दैं रमाइलोसँग आफ्नो जिन्दगी विताउन थाले एकदिन नदी-राज्यमा चुनाव हुन गयो । माछा भ्यागुताले आफ्नो तर्फबाट उमेदवार उठाए चुनाव सम्पन्न भयो । जहाँ धेरै जनसंख्या भएको माछा पक्षको हार भयो भने थोरै संख्या भएको भ्यागुता पक्षको जित भयो । थाथलीका कारण यस्तो भएको हो भन्दै माछा पक्षले आफ्नो आन्दोलन अगाडि बढाए । त्यसपछि छानविन आयोगले

छानविन गर्दा भ्यागुता पक्षले आफ्नो पुरानो बसोवास स्थलमा थुप्रै मतपेटिका लुकाएको पाइयो । त्यहाँ माछा पक्षका मत परेका मतपेटिका लुकाइएको थियो । सबै मतपेटिका निकाली मतगणना गर्दा आखिर भ्यागुतोले हार्न पुग्यो । भ्यागुतोले धाँधली गरेका कारण चुनाव जितेर विजयको माला लगाउँको थियो । यस्तो प्रकारको हाम्रो देशको फितलो चुनावको अवस्थाको चित्रण यस नदी कथामा भएको छ । नदी-राज्य कथामा हाम्रो देशमा चुनाव हुदाँ हुने धाँधली र धाँधली गर्ने नेताहरूको अवस्थालाई यथार्थ फरक रूपमा चित्रण गरिएको छ ।

**मनिष र काठमाडौँको साँझ** शीर्षकको कथामा कथाकार वस्तीले मनिष र काठमाडौँको साँझा कथामा मनिष राजनीतिक कार्यकर्ताको अघिपछि गर्दै हिँड्ने नेताहरूको चाकरी गर्ने, नेताहरूले भनेको जे पनि मान्ने गर्थ्यो उसले परेको वेलामा अरूलाई हान्नसमेत अगाडि बढ्थ्यो । मनिषबाट नेताले धेरै फाइदा उठाएका थिए । मनिषले आफू जस्ता धेरै साथीको समूह बनाएको थियो । यसले यसले गर्दा चुनावको समयमा नेतालाई सहयोग पुगेको थियो । जब चुनाव सकेर जब नेता सत्तामा पुग्छन् उनी अरू कसैको वास्ता गर्न छाड्छन् । सत्तामा नपुगन्जेलसम्म सबैलाई हजुर-हजुर भन्दै नमस्कार गर्दै फकाउने गर्छन् जब सत्तामा पुगेपछि आफूभन्दा तल्लो तहका मानिसलाई वास्ता गर्न छाड्छन् । त्यस्तै मध्येको एउटा मनिष पनि हो । गाँउबाट पढ्नको लागि काठमाडौँ आएको मनिष राजनीतिक कार्यकर्ताको पछाडि लागेर आफ्नो पढाइलाई त्यस्तै बीचैमा छाडिदिन्छ । आन्दोलनका समयमा नेताले जे काम लगायो त्यही गऱ्यो । मनिष आन्दोलनमा हुन्जेल र आफ्नो शरण परून्जेल मनिषको मौकाको फाइदा उठाएपछि आफ्नो बन्दाबस्ती भएपछि अरूको वास्ता गर्न छाड्छन् । मनिष बिरामी हुँदा नेताहरूसँग सहयोग माग्दा वास्तै गर्दैनन् बरू आफूलाई पढाएको शिक्षकले सहयोग गरी अस्पतालसम्म पुऱ्याएर उपचार गरिदिन्छन् तर नेताहरूको कुनै सहयोग मनिषले पाउँदैनन् । त्यस्तै प्रकारको हाम्रो देशको राजनैतिक अवस्थालाई यस कथाको माध्यमबाट बुझ्न सकिन्छ ।

**घाइते रिक्सा** कथामा कथाकार वस्तीले घाइते रिक्सामार्फत देशमा भइरहेको हड्ताल आन्दोलन भाषा जस्ता कुराले नराम्रो असर पार्छ भन्ने कुरा देखाउन खोजेको छ । चुनावको प्रचारप्रसार क्रममा सडकमा गुड्ने रिक्सा र रिक्साचालक ठप्प भएका छन । शहरको चोकचोकमा भाषण हुनाले भीड देखिन्थ्यो । त्यही समयमा तरकारी व्यापारीले साहुलाई लखेट्छ । रिक्सा चालक लखन र उसको रिक्सालाई चोट लाग्छ । चुनाव

प्रचारप्रसारको समयमा बजारका चोक-चोक भाषण आमसभा भइरहेका हुन्छन् । गरिब मान्छेलगायत अन्य मान्छे काम गरी खान गएका हुन्छन् । कति मान्छे घाइते हुन्छन् । आन्दोलनले सर्वसाधारण जनतालाई असर गरेको हुन्छ । गरिब असहाय जस्ता व्यक्तिलाई चोटपटक लाग्दा पनि उपचार गरिदिने नेताको मन हुँदैन । चुनावले गर्दा कोही घाइते हुँदा अस्पतालको पैसा तिर्ने कुनै उपाय देखिदैन । साथै घरमा रहेको समान चोरी हुने हराउने गर्दछन् । काम गरेर खाने गरिबको अवस्थालाई नबुभ्ती देशमा चुनावको असर नराम्ररी पर्छ भन्ने कुरा यस कथाको माध्यमबाट पाउन सकिन्छ । यस कथामा देशको राजनीतिक अवस्थाले देशका सर्वसाधारण जनताको काम गरी खाने भाँडोसमेत नष्ट हुन जान्छ । गरिबहरूको जीवन भोगाई नराम्रो हुँदै जान्छ भन्ने कुरा यस कथाको माध्यमबाट देखाउन खोजिएको छ ।

**यसरी नै आरू फुल्छ** कथासङ्ग्रहको प्रतिनिधि कथा यसरी आरू फुल्छमा पनि हाम्रो देशको विकृत राजनीतिक अवस्थालाई विषयवस्तु बनाइएको छ । यस कथामा बिग्रदो राजनीतिक परिवेशले हाम्रो समाज परेको नकारात्मक प्रभाव तथा यसको असरलाई चित्रण गरिएको छ । खास गरी माओवादी जनयुद्धको समयमा फैलिएको त्रासले ग्रामीण वातावरण नै धमिलो पारेको छ । जनयुद्ध हुनुभन्दा पहिलेको वातावरण रमाइलो तथा सुख शान्त तथा मनोरञ्जनपूर्ण थियो । तर पछि भने जनयुद्धले गर्दा त्यस्तो रमाइलो वातावरणलाई नराम्ररी धमिलाइदियो । जसको नकारात्मक असरले ग्रामीण वातावरण एकदमै त्रासपूर्ण बनेको र माओवादी जनआन्दोलनमा ज्यानसमेत गुमाउनु परेको कुरा यस कथामा स्पष्ट पारिएको छ । यस कथाका पात्रहरू पार्वती र रवि हुन् । रवि सानै हुँदा उसको बाबाले छोडेर परलोक गएका हुन्छन् । एउटी आमाको लालनपालनबाट रवि हुर्केको हुन्छ। ऊ पार्वतीले रविलाई धेरै दुःख भागेर हुर्काएकी हुन्छिन् । रवि गाउँको नमुना पात्रको रूपमा देखिन्छन् । गाउँको समाजसेवी हुन्छ । सामाजिक काम गर्दा गर्दै एकदिन रवि घर आउँदैन । रातभरि पार्वती छोराको छट्पटाइरहिन् । भोलिपल्ट बल्ल रवि घर फर्कियो तर अर्को पोशाकमा जनयुद्धको कमाण्डरको रूपमा आएको थियो । आफ्नी आमालाई खबर गर्न भनेर आमाको आशीर्वाद थाप्न । पार्वतीले केही प्रतिउत्तर दिन सकिनन् । रवि घरमा कहिलेकहीँ आउथ्यो । पुरा वरियातको साथमा गाउँका मानिस रविको क्षमता देखेर नतमस्तक हुन्थे । यसरी नै बितिरहेका थिए दिनहरू । एकदिन भिषण दुर्घटना भयो घरसँगै जोडिएको गोठमा रवि र उसका साथीहरूले रात बिताइरहेका थिए । मध्यरातमा एक्कासी गोठ घेरा हालियो । निकै

बेरसम्म चल्यो दोहोरो गोली हानाहान । क्षतविक्षत भयो । गोठ आतङ्कित भयो, सिङ्गो गाउँबस्ती नै रवि पक्षको लासको डुङ्गुर लाग्यो । बारीका गहु र कान्लाहरूमा रूखसँग त्यही रात रविको जीवन समाप्त भयो । छोराको मृत्युको खबरले पार्वती धेरै दिनसम्म विक्षिप्त अवस्था रहिन् । उनका सबै सपना चकनाचुर भए जीवनको पहाडमा कहिलै रोकथाम नहुने पहिरो गयो ।

रविको मृत्यु हुने समयमा आरूका फूलहरू चन्नै फुलेका थिए । पार्वतीले घरभन्दा मुनिको वारीमा हेरिन् । त्यहाँ आरू फुलिरहेको थियो । बतासको कडा स्पर्शले आरूका फूलहरू झरिरहेका थिए । त्यसरी नै आफ्नो छोरालाई आरूको फूल फक्रिए जस्तै फक्रिरहेको अवस्थामा शत्रुले झारिदियो । लाउला र खाउला पछि गएर के-के गरौंला भन्ने उमेरमा शत्रुको हातबाट आरूको फूल झारिदिए झैं भयो रविको जिन्दगी । आरूको फूल त प्रत्येक वर्ष फलाउने गर्छ वा फुल्छ तर रविको जिन्दगी कहिलै पलाउने छैन, फक्रिने छैन । क्रमिक रूपमा आरू फुलेको समयमा पार्वतीलाई आफ्नो छोराको याद आउँछ । प्रत्येक वर्ष यसरी नै आरू फुल्छ तर आफ्ना छोराको जिन्दगी पाउन नसकिएको कुरा यस कथाको माध्यमबाट पाउन सकिन्छ । जन आन्दोलनको समयमा रवि जस्ता हजारौं व्यक्तिले ज्यान गुमाएका छन् । हजारौं स्वास्नी, छोराछोरी टुहुरा भए भने जुन दशवर्षको माओवादीयुद्धले धेरै धन र जनको क्षति भएको कुरा यस कथाको माध्यमबाट यस कथाको माध्यमबाट कथाकारले दिन खोजेका छन् ।

उपर्युक्त कथाको माध्यमबाट माओवादीयुद्धले हाम्रो नेपाली समाजमा पारेको नकारात्मक असरलाई गहन रूपले विश्लेषण गरिएको छ । त्यस्तै गरेर हाम्रो देशमा जनताले चुनेर पठाएका सत्ताधारी नेताले कुर्सी पाएपछि उल्टै जनतालाई नै दुःख दिने कुनियतपूर्ण राजनीतिक अवस्थालाई स्पष्ट पारिएको छ । हाम्रो मेरो छोराको लोकतन्त्र कथाको दिवाकर तेजाब कथाको अजित सिंह जस्ता नेताहरू प्रशस्त रहेका छन् । त्यस्ता नेताले देशलाई अधोगतितर्फ धकेलेका छन् । हाम्रो देशको धाँधलीपूर्ण चुनावी अवस्था र धाँधली गरेर चुनाव जित्ने नेताको अवस्थालाई चित्रण गरिएको छ । नेपाली जनतामा यही विसङ्गत राजनीतिक अवस्थाले मनोयुद्धको सिर्जना गरेको छ । सुरक्षाका लागि खटिएका सुरक्षा फौजले उल्टै जनआन्दोलन दबाउने निरङ्कुश प्रवृत्तिका नेतालाई साथ दिएका छन् । गलत राजनीतिक नियत भएका नेतालाई सजाय दिनुको सट्टा उल्टै प्रोत्साहन गरिने हाम्रो स्थितिलाई चित्रण गरेको छ । त्यस्तै गलत राजनीतिक षडयन्त्रले गर्दा निर्दोष व्यक्तिकोसमेत ज्यान गएको छ ।

त्यस्तै त्यस्तै गलत राजनीतिक विकृतिले गर्दा आज पनि देशको जनतालाई पीडित हुनु परेको छ । त्यस्तै गरी **हात** कथा चुनाव जितेर सत्तामा पुगेका नेताको कुर्ची तानातानको विषयलाई समेटिएको छ र विदेश भ्रमण वा अन्तर्राष्ट्रिय सम्मेलनमा जान पनि नेताको तछाडमछाड गर्ने परम्परा बढिरहेको छ । राज्यमा हुने खर्चिलोले देशको अर्थतन्त्र बिग्रिएको अवस्थालाई लिएर हाम्रो देशको राजनीतिक अवस्थालाई छर्लङ्ग पारिदिएको छ ।

### ४.२.२ सामाजिक विषयवस्तु समेटिएका कथा

कथाकार विवश वस्तीको **यसरी नै आरू फुल्छ** कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्येका **भोग, धुवाँको अन्तिम मुस्लो, कुवा, हारजित, तस्विर, विउ विद्रोह र करिम बक्खको नयाँ जुत्ता** कथामा सामाजिक विषयवस्तु रहेको पाइन्छ । जम्मा ८ वटा कथाले सामाजिक विषयलाई समेटेका छन् । समाजमा घट्ने यथार्थ घटनाको विवरण चित्रण गर्ने प्रयास यी कथाले गरेको पाइन्छ । समाजमा रहका राम्रा नराम्रा पक्षको चित्रण गर्ने क्रममा मुख्यतया ग्रामीण परिवेशलाई समेटिएको छ । हाम्रो नेपाली समाजमा व्याप्त जातीय छुवाछुत तथा भेदभावलाई मुख्य विषयवस्तु बनाएको पाइन्छ ।

कथाकार विवश वस्तीको विविध सामाजिक विषयवस्तु समेटेको कथा **भोग** नेपाली समाजमा व्याप्त जातीय छुवाछुत तथा भेदभाव प्रथालाई मुख्य विषयवस्तु बनाएको छ । नेपाली समाजमा उच्चवर्गको प्रतिनिधि पिताम्बर तथा निम्न वर्गको प्रतिनिधि सेतेको बीच भएको जातीय तथा वर्गीय द्वन्द्वले स्पष्ट पारेको छ । त्यस्तैगरी पहिले-पहिले हाम्रो नेपाली समाजमा रहेका पिताम्बर बाजेजस्ता उच्च वगएको व्यक्तिले सेते सार्की जस्ता गरिबको पसिनामा खेलवाड गर्ने ज्याला बढाउने कुरा गर्दा आजको महङ्गो जमानामा पनि ज्याला बढाउन नचाहने र उल्टै तिनीहरूलाई नै बेकुफ बनाउन खोज्ने पुरानै अवस्थाको चित्रण गर्न यस कथा सफल भएको छ । अब आजकलका दिनमा दलित वर्ग पनि दबेर बस्दैनन् । उनीहरूले आफ्ना हक अधिकार खोज्न थालेका छन् । उनीहरूले अबको जमानामा छुवाछुत प्रथालाई हटाउनु पर्छ । घर बनाउन हुने पछि त्यही घरभित्र पस्न नहुने, पूजा कोठामा राखिएको घण्टी हामीले बनाउन हुने तर पूजामा गई बजाउन नुहने भन्दै पिताम्बर बाजेको घरभित्र पसी जताततै छोइदिएर सेतेले अनेक प्रकारका विद्रोह मच्चाइदियो । पिताम्बर बाजे व्यहोस भएर ढले र केही समयपछि होसमा आएर उनले भने अब यो घरमा हाम्रो भोग

पुगेजस्तो छ । अब हामी मधेशतिर बस्नुपर्छ भन्ने निर्णय गरे । यसरी कथाले हाम्रो समाजमा दलित वर्गले आफ्ना अधिकारका लागि अनेक सङ्घर्ष गर्छ भन्ने कुरा देखाइएको छ ।

**धुवाँको अन्तिम मुस्लो** कथामा जातीय छुवाछुत र भेदभावलाई लिएको छ । यस कथामा सन्ते दमाइको घरपरिवार हरिबाजेको आडभरोसामा चलेको देखाएर पुरानो वर्गीयता तथा सामन्तीहरूको शोषण गर्ने परम्परालाई वकालत गर्न खोजिएको छ । जहाँ सन्तेकी श्रीमतीलाई हरिबाजेकी श्रीमतीले गाग्रो छोएको विषयमा नराम्ररी पिटेर पठाएपछि तिनीहरूको बीचमा राम्रो सम्बन्ध थिएन । एकदिन हरिबाजेको घरमा आगलागी भएको दृश्य सन्तेकी श्रीमतीले देखेर उसले सन्तेलगायत गाउँका छिमेकीकलाई खबर गरी आफू पनि गएर आगो निभाउन सफल भए । आगो नियन्त्रणमा आएर घर आगलागीबाट बचेको थियो । त्यसपछि हरिबाजेले गल्ती महसुस गरे । यसरी समाजमा बसेपछि एकले अर्कालाई सहयोग गर्नुपर्छ । उचनिचको भावना राख्नु हुँदैन । सबैले सहयोगको भावना राख्नु पर्छ । जातीय भेदभावको विषयमा एकले अर्कालाई दबाउने प्रवृत्तिलाई हाम्रो नेपाली समाजबाट हटाउनु पर्छ भन्ने सन्देश यस कथाको माध्यमबाट पाउन सकिन्छ ।

**कुवा** कथामा पनि जातीय छुवाछुत प्रथालाई सामाजिक विषयवस्तुको रूपमा अगाडि सारिएको छ । यस कथामा दलित वर्ग र अछुत वर्गको कुवा छुट्टाछुट्टै भएको र अछुत छुतहरूको कुवामा गएर पानी भर्न हुने र टेक्नसमेत नहुने छुतहरूले गएर पानी भरेमा र छोएमा छुतहरूले अछुतलाई गाउँबाट निकालिएको कुरा कथामा देखाइएको छ । छुतहरूले अछुतहरूलाई नराम्ररी हेपेको कुरा यस कथामा देखाउन खोजिएको छ । यस कथाको मुख्य पात्र उजेलीले विद्रोह गरेकी छन् । उनले हामीले छुतले सरह अधिकार पाउनुपर्छ । सबै समान हुनुपर्छ भनी छुतहरूको कुवामा गई पानी ल्याउँछे । सबै जातजाति समान हुनुपर्छ भन्ने भावनाको विकास गराउनु पर्छ भन्ने जस्ता कुराहरू समेटेको सामाजिक विषयवस्तु यस कथामा रहेको पाइन्छ ।

कथाकार वस्तीको अर्को **हारजित** शीर्षकको कथामा हाम्रो ग्रामीण नेपाली समाजमा पहिलेदेखि नै रहि आएको वगीर्य द्वन्द्वलाई यथार्थपरक रूपमा चित्रण गरिएको छ । ग्रामीण नेपाली सामाजिक परिवेश समेटेर लेखिएको यस कथामा मानवेतर पात्र खरायो र कछुवालाई लिएको छ । खरायो र कछुवाको दौडको प्रसङ्गलाई लिएर लेखिएको हारजित कथाले हाम्रो नेपाली समाजको वर्गीय द्वन्द्वलाई स्पष्ट पारिएको छ । खरायो र कछुवाको दौड आयोजना गरियो जहाँ यस कथामा कछुवाले जितेको र खरायो हारेको कुरा निष्पक्ष रूपमा

सही हो । यथार्थ हो तर पनि समाजमा दम्भ र अहंकार देखाउने अहंकारी घमण्डी शोषक प्रवृत्ति भएको खरायोका सामु कछुवाले निष्पक्ष रूपमा जितेर पनि हारेको स्वीकार्नु पर्ने बिडम्बना पूर्ण सामाजिक परिवेशलाई यस कथाले समेटेको छ । हाम्रो समाजमा सधैँ शोषण गर्न पल्केका शाषेक वर्गले निम्न वर्गलाई दबाएरै छाड्ने प्रवृत्तिको चित्रण गर्नु यस कथाको मुख्य उद्देश्य हो । यस कथाले वर्गीय द्वन्द्वले गर्दा हरेक समाजमा बस्ने व्यक्तिको जीवनमाथि उठ्न नसकेको विषयलाई अत्यन्तै सुन्दर ढङ्गबाट उठाइएको छ ।

वस्तीले **तस्वीर** नामक शीर्षकको कथामा छुवाछुत प्रथालाई नै विषयवस्तु बनाएको पाइन्छ । यस कथामा अछुत वर्गको प्रतिनिधि लाटेकामी र छुट वर्गको प्रतिनिधि पौडेल बाजे रहेका छन् । पौडेल बाजेले लाटेको छोराले चामल छोएको निँहुमा नराम्ररी पिटेको तर पछि भने सहभोजमा आफैँ बाजेले नै पन्युँ चलाएको देख्दा अचम्म लाग्नु स्वभाविकै थियो । जातीय छुवाछुतको अन्त्य गर्नको लागि चुनदेवीको चौरमा भएको सहभोजमा पौडेल बाजेले दिएको भाषणले लाटे छक्क पऱ्यो । पहिले लाटेको छोराले चामल छोएको निहुँमा पिट्ने बाजेले भने त्यस भाषणमा हामी सबै एक जात हौँ काटे रगत सबैको आउँछ । आजको विकसित जमानामा यस्ता जातपात छुवाछुतलाई हटाउनुपर्छ भन्ने दिदैँ भाषण गरेको देख्दा पौडेल बाजेले पनि छुवाछुतको अन्त्य गरेको पाइन्छ । यसरी आजको समकालीन नेपाली समाजमा रहेको जातीय सम्मान हुनुपर्छ । सबै जातजाति वर्ग एक हौँ भन्ने भावना यस कथाको माध्यमबाट पाउन सकिन्छ ।

वस्तीको **करिम बक्खको नयाँ जुत्ता** कथा सामाजिक विषयवस्तु समेटेको कथा हो । हाम्रो नेपाली समाजमा फैलिएका सामाजिक र आर्थिक विकृति र विसङ्गतिको यर्थात चित्र उर्तान सफल रहेको छ । यस कथामा एउटा जुत्तालाई प्रतिकात्मक रूपमा प्रयोग गरेर हाम्रो नेपाली समाजमा बढ्दो रूपमा रहेको कालाबजारी प्रथाको यर्थाथपरक रूपमा चित्रण गरिएको छ । यस कथामा करिब बक्ख भन्ने पात्रले त्यो जुत्ता आवश्यकता भन्दा पनि रहर र शोकको कारणले किनेको थियो । जुन जुत्ता अतिनै शत्तिशाली जुत्ता थियो । यस जुत्ताले जुनसुकै ठाउँमा पनि प्रशंसा पाउन सफल थियो । यतिसम्मको त्यो जुत्ताको शक्तिका कारणले गर्दा एउटा वरिष्ठ नेताको मनसमेत बदलिएर आक्रोश परिर्वतन भएको थियो । जुत्ता शक्तिको जुत्ता थियो । बजारमा हरेक सामान अभाव गराउँदै त्यही जुत्ताको अभाव गराउँदै त्यही जुत्ताको फोटो देखाएर तार्न चालिएका अनेक प्रकारका कालाबजारी प्रथाको चिरफार गर्ने प्रयास गरिएको छ । बजारमा सामान भएर पनि कृतिम अभाव देखाएर त्यही

प्रतिकात्मक प्रयुक्त जुत्ताको फोटो टाँसेर बजार प्रतिनिधि तथा व्यापारीलाई व्यङ्ग्य गरिएको छ । देशका हरेक क्षेत्रमा फैलिएको कालाबजारी गर्ने एक प्रथा तथा अनेक स्थानका विकृति तथा विसङ्गतिको प्रतिकका रूपमा व्यङ्ग्य गरिएको छ । त्यस्तै गरेर हाम्रो देशमा आर्थिक हिनामिना र अनियमितता गराउने भ्रष्टचारीप्रति पनि त्यही जुत्ताले प्रभाव पारेको थियो । यसरी हाम्रो नेपाली समाजमा अझैसम्म पनि कृतिम अभाव देखाएर हरेक स्थानमा गरिने कालो बजार र त्यसले नेपाली जनतामा परेको नकरात्मक असरलाई यथार्थ रूपमा चित्रण सफल रहेको कथा करिम बक्खको नयाँ जुत्ता हो ।

कथाकार विवश वस्तीको सामाजिक विषयवस्तु समेटेका कथाहरूमध्ये **बिउ** शीर्षकको कथा पनि एक हो । यस कथामा नेपाली समाजमा रहेका भ्रष्टचारीले भ्रष्टाचार गर्न पल्केकाले जति सुकै भ्रष्टचारका अन्त्य भन्ने कुरालाई यस कथामा मुख्य विषयवस्तु बनाएको छ । जसमा नेता, पत्रकार, वकिल, व्यवसायिक, डाक्टर, व्यापारी, इन्जिनियर आदि सबै प्रकारका प्रतिनिधि जम्मा भएर भ्रष्टचारको बिउ अन्त गर्ने, जलाउने नष्ट गर्ने कुरा गर्दा गर्दै त्यही बीचबाट पचास प्रतिशत गायव भएको यस कथाको घटनालाई लिएर हाम्रो नेपाली समाजमा रहेको भ्रष्टाचार गर्ने प्रवृत्तिप्रति तिखो व्यङ्ग्य गरिएको छ । जुन जति सुकै नष्ट गर्ने पहल गरे पनि आखिर नष्ट हुन सकेको छैन् । भ्रष्टाचार गर्नु हुँदैन भन्ने कुरा थाहा हुँदाहुँदै पनि भ्रष्टाचार भएको नेपाली समाजमा हरेक स्थानमा रहेर हरेक व्यक्तिबाट हुने भ्रष्टाचार जतिसुकै पहल गरे पनि अन्त्य हुन सकेको छैन । भ्रष्टाचार एउटा खराब रोग हो वा महामारी रोग हो भन्ने कुरा यस माध्यमबाट थाहा पाउन सकिन्छ ।

**विद्रोह** यस कथा अत्यन्तै झिनो कथाकार समेटेको एक सामाजिक कथा हो । यस कथामा मानवेत्तर पात्र भ्यागुताको माध्यमबाट झिनो कथाकार समेटेको एक सामाजिक कथा हो । यस कथामा मानवेत्तर पात्र भ्यागुताको माध्यमबाट हाम्रो नेपाली समाजमा बसोबास गर्ने युवा वर्गको विद्रोही स्वरलाई चित्रण गर्ने प्रयत्न गरिएको छ । युवाहरूले विद्रोह गरेर भएपनि नयाँ-नयाँ सोच विचारको विकास गर्नु अत्यावश्यक रहेको कुरालाई यस कथाले चित्रण गरेको छ । यस कथाको प्रमुख पात्र युवा भ्यागुताले आफू बसिरहेको पोखरी भन्दा पनि अलि परको वातावरण अवलोकन गऱ्यो र उसले त्यहाबाट प्रभावित भएपछि पुरानै बसोवास स्थलमा आए अब हामी युवा वर्ग भएर उही पुरानै सोच र परम्पराको अनुशरण नगरी फरफर फराकिलो विचार राख्नुपर्छ भन्दै विद्रोहको स्वर निकाल्न शुरू गऱ्यो तर कुवाका भ्यागुताको भने त्यहाँ हाम्रो आफ्नै संस्कार छ, रीतिरिवाज छ, परम्परा छ भनी

त्यही ठाउँ नछोड्ने त्यही बस्ने आग्रह गरे तर विद्रोह एक व्यक्तिबाट शुरू हुने जानकारी दिँदै ऊ एक्लै भए पनि अर्को कुवातर्फ लाग्यो । यस कथाका माध्यमबाट परम्परागत मान्यता र आलस्यता त्यागेर अबका युवा वर्गले नयाँ जोस र जागरका साथ नयाँ सृष्टिको सूत्रपात गर्नुपर्छ । त्यही एउटा पोखरीको सानो वृत्तमा आफ्नो जिन्दगी सडाउनु हुँदैन भन्ने विद्रोही स्वरलाई वकालत गरिएको छ । एउटा भ्यागुताको माध्यमबाट युवा वर्गले विद्रोह गरेर भए पनि नयाँ कुराको सूत्रपात गर्नुपर्ने जानकारी यस कथामा दिएको छ ।

कथाका विवश वस्तीको **यसरी नै आरू फुल्छ** कथा सङ्ग्रहका आठवटा कथामा सामाजिक कथामा सामाजिक विषयवस्तु रहेको छ । आठवटा कथामध्ये अधिकांश कथाले हाम्रो नेपाली समाजमा व्याप्त जातीय भेदभाव तथा छुवाछुत प्रथालाई वकालत गरेको छ । समाजमा देखिएका हरेक प्रकारका भेदभाव, अभाव, अप्ठ्यारा आदिका कारणले जनमानसभा फैलिएको पीडा दुःख तथा चिन्तालाई माथिका कथामा चित्रण गर्ने प्रयास गरिएको छ । हिजोको त्यही छुवाछुत गर्ने समाज अनि परम्परागत मान्यता बोकेको समाज आज परिर्वतन गर्नु पर्ने कुरा पनि अगाडि सारिएको छ । हिजोको समाजको मान्छे सहयोगी भावनाका थिए तर आज दुष्ट प्रवृत्तिका मान्छेले गर्दा समाज नै अधोगतिमा धकेलिएको छ । जतिसकै विकासका काम गर्ने र समाज परिर्वतन गर्ने कुरा गरे पनि कुनै परिर्वतन हुन सकेको छैन । समाजमा जतिसुकै भ्रष्टाचारको अन्त्य गर्ने प्रयत्न गरिए पनि तिनैबाट भ्रष्टाचार भएको छ । समाजमा फैलिएको वर्गीयताले गर्दा उच्च शोषक वर्गबाट निम्न वर्गीय जनता दुःख भोगी भोगी दुःखी हुनु परेको छ । मान्छेले सुहाउँदो समाज नपाउँदै पीडित बन्नु परेको छ । समाजमा रहेको छुवाछुत, भ्रष्टाचार, कालाबजारी जस्ता समाजमा घट्ने यर्थाथ घटनाको चित्रण गर्ने काम यी कथाले गरेका छन् । वस्तीका यी कथाले मानिसलाई अत्यन्त प्रभावित पारेको पाइन्छ ।

### ४.२.३ मनोवैज्ञानिक विषयवस्तु समेटिएका कथा

कथाकार विवश वस्तीको **यसरी नै आरू फुल्छ** कथासङ्ग्रहमा समावेश **एक्युरियम** कथाले मनोवैज्ञानिक विषयवस्तु कोट्याउने प्रयास गरेको छ । सामान्य रहेको मनोजगत्का विविध पक्षको उद्घाटन गर्ने कथालाई मनोवैज्ञानिक कथा भनिन्छ । मनेवैज्ञानिक कथा मानवीय मनसँग सम्बन्धित हुन्छ । यस्ता कथाका कथानक क्षीण हुन्छन् । पात्रका मानसिक समस्यालाई मनोवैज्ञानिक कोणबाट विश्लेषण गरिएका कथा नै मनोवैज्ञानिक कथा हुन् ।

कथाकार वस्तीको एक्युरियम कथा सामान्य मनोवैज्ञानिक कथा हो । यसमा झिनो मनोवैज्ञानिक विषयवस्तु रहेको छ । एक्युरियम कथाकी मुख्य पात्र सुमित्रामा अनेक प्रकारका मानवीय शोखहरू रहेका हुन्छन् । मान्छेको मनमा अनेक तरङ्ग खेलाइने मुख्य कारण सन्तान हो । सुमित्रा पनि सन्तानको अभावमा तड्पिएकी छन् । उनी र उनको श्रीमान् दिनेश कार्यालय जाने आउने गरी आफ्ना जिन्दगीका पाइला अगाडि बढाएका छन् । सुमित्रामा सन्तान नभएका कारणले गर्दा जतातते शून्यता, तनाव, निरासा र अभावले जलेको छ । सुमित्राको मनमा अशान्ति फैलिएको मुख्य कारण सन्तान हो । जसले गर्दा उनी असन्तुष्टी देखिन्छन् । मनलाई केही हदसम्म भए पनि शान्त पार्न एक्युरियम ल्याउने शोख धेरै एक्युरियमका माछा हेर्दाहेर्दै आफ्नो जीवन पनि साँघुरो वृत्तमा घुमिरहेको र माछाको शहर भएको अनुभव सुचित्राले गरेकी छन् । उनको जीवन यात्रा कार्यालयमा आउँदै र आउँदैमा बितेको छ । उनलाई केही समय त्यस परिवेशबाट बाहिर जान मन लागे पनि श्रीमान्लाई फुर्सद मिलेको छैन । उनलाई त्यही माछासँग आफ्नो जीवन तुलना गर्दै आत्तिदै आफ्ना दिनहरू गुजार्नु परेको स्थिति छ । यसरी **एक्युरियम** कथाका माध्यमबाट नेपाली समाजमा हरेक प्रकृतिका इच्छा आकाङ्क्षा हन्छन् । ती इच्छा आकाङ्क्षा पुरा हुन नसकेमा मान्छेको जीवन सुचित्राको जस्तै शून्यता, पीडा, अभावपूर्ण तथा तनावपूर्ण बन्न पुग्छ । त्यस्तै हरेक मानवमा सन्तानको अभावमा हुने असन्तुष्टिलाई कथाका व्यक्त गरिएको छ ।

## ४.३ निष्कर्ष

कथाकार विवश वस्तीको **यसरी नै आरू फुल्छ** कथासङ्ग्रहमा रहेका कथाको माध्यमबाट हाम्रो देशको सामाजिक तथा राजनीतिक अवस्थाका कारण जनताले भोग्नु परेका दुःख, कष्ट तथा पीडालाई स्पष्ट पारिएको छ । विषयवस्तुका आधारमा विश्लेषण गरिएका यी कथामा मुख्यतया सामाजिक, राजनीतिक, मनोवैज्ञानिक तथा आर्थिक विषयवस्तु समावेश गरिएको पाइन्छ । वस्तीको यस कथासङ्ग्रहका अधिकांश कथाको राजनीतिक विषयवस्तुलाई हेर्दा माओवादी युद्धले पारेको प्रभाव, नेताको गलत सत्ताधारी प्रवृत्ति धाँधलीपूर्ण चुनावी अवस्था माओवादी युद्धका वेलामा अपहरण गर्ने त्रासपूर्ण वातावरण आदि जस्ता राजनीतिक विषयवस्तुको उठान रहेको छ । समाजमा व्याप्त जातीय भेदभाव तथा छुवाछुत प्रथाले जनमानसमा फैलिएको पीडालाई यर्थाथ रूपमा प्रस्तुत गरिएको पाइन्छ । हिजोको परम्परागत समाजलाई परिर्वतन गर्ने जातीयता तथा वर्गीयताको अन्त्य

गर्नुपर्ने सन्देश वस्तीका कथाले दिन खोजेका छन् । वस्तीका कथामा देशमा फैलिएको भ्रष्टाचार तथा कालाबजारीकोसमेत भण्डाफोर गरिएको पाइन्छ । त्यस्तै गरी मानव मनमा सन्तानको अभावले उब्जिएका असन्तुष्टिलाई पनि उनले केही कथामा समेटेका छन् ।

वस्तीले कथामा कुनै राग भाव स्वैरैकल्पना जस्ता तत्त्वको समावेश गरेको पाइदैन । पात्र र चरित्र चित्रणका दृष्टिले उनका अधिकांश कथामा थोरै पात्र रहेको पाइन्छ । चरित्र वर्गीकरणमा लिङ्ग कार्य प्रवृत्ति, जीव चेतना, आसन्नता र आबद्धताका आधारमा सबै चरित्रको प्रयोग वस्तीले गरेको पाइन्छ । उनले कथामा नारी पुरूष, उच्च वर्गीय, निम्नवर्गीय कर्मचारी पात्रप्रति झुकाव राखेका छन् । परिवेशका आधारमा अध्ययन गर्दा उनले सम्पूर्ण कथामा नेपालकै गाँउ शहर हिमाल, पहाड जस्ता स्थान रोजेका छन् । काठमाडौं शहरका रत्नपार्क, धोवीधारा, पुतली सडक, अनामगनर आदि जस्ता स्थानिय तथा ग्रामीण चुनदेवी डाँडाघर, चन्दनपुर स्थानीय  परिवेशलाई बढी महत्त्व दिएर कथामा परिवेश सिर्जना गरेका छन् । यसरी उनले आफ्नो कथामा खासगरी सामाजिक तथा राजनीतिक युद्धपूर्ण त्रसित वातावरणको सबल चित्रण गरेको पाइन्छ । उनका कथाको परिवेशलाई हेर्दा नेपाली समाजमा कुनै न कुनै स्वरूपको चित्रण गरिएको स्थान अनुरूपको पात्र, भाषा, रहनसहन र वातावरण जस्ता कुराको यथार्थ प्रस्तुतिबाट समाजलाई प्रतिबिम्बित गर्न सक्षम देखिन्छ । भाषाशैलीका दृष्टिले अध्ययन गर्दा वस्तीका कथामा स्थान र चरित्रको क्षमता अनुरूपको भाषा प्रयोगबाट कथाको आस्वाद पक्षमा जीवन्तता आएको छ ।

सरलता, सलल बगेको स्पष्ट शैली र छोटा-छोटा वाक्यको मिठासपूर्ण प्रयोग वस्तीका हरेक कथामा पाइन्छ । उनका सबै कथामा पात्र अनुकूलको बोलीचालीको सरल, सहज र सम्प्रेषणीय प्रष्ट मिठासयुक्त भाषाको प्रयोग गरिएको पाइन्छ । उद्देश्य विधानका दृष्टिले हेर्दा कथाकार विवश वस्तीका कथामा विविध उद्देश्य अन्तरनिहित रहेको पाइन्छ । दिनहीन अवस्थामा गुज्रिएको अशिक्षित समाज, समाज भित्र देखिएका राजनीतिक युद्धपूर्ण विकृति, समाज सुधार, कर्मचारीतन्त्रमा देखिएका विकृतिजन्य पक्ष, मानवीय सम्वेदना हराउँदै गएका मानिसको अमानवीय व्यवहार, निरीहमाथि शक्ति सम्पन्नले गर्ने दुर्व्यवहार, धुर्त नेताको स्वार्थी प्रवृत्ति, माओवादीयुद्धले समाजमा फैलाएको सन्त्रास, जातीय भेदभाव र छुवाछुत प्रथाको विश्लेषण, भ्रष्टाचार तथा कालाबजारी, माओवादीयुद्धका घाइतको जीवन व्यथा आदिलाई देखाउने उद्देश्य अनुरूप नै उनले कथा सिर्जना गरेको पाइन्छ ।

दृष्टिविन्दु प्रयोगका दृष्टिले उनका कथाको अध्ययन आन्तरिक र बाह्य दुवै दृष्टिविन्दु प्रयोग गरेको पाइन्छ । उनका धेरै कथामा बाह्य दृष्टिविन्दु प्रयोग गरेको पाइन्छ । उनका कथामा प्रयोग भएको दृष्टिविन्दु पक्षलाई हेर्दा वस्ती बाह्य दृष्टिविन्दुको पक्षमा बढी झुकाव राख्ने स्रष्टा हुन् ।

## परिच्छेद : पाँच

# उपसंहार

### ५.१ सारांश

नेपाली साहित्यका हाइकु, मुक्तक, कविता, निबन्ध, कथा, बालकथा आदि क्षेत्रमा कलम चलाउने प्रतिभाशाली सर्जक विवश वस्ती (२०३०) को साहित्य लेखकको मुख्य क्षेत्र कथा लेखन नै हो । कथाकार वस्तीले समाजमा आफूले देखे भोगेका र अनुभव गरेका यर्थाथ पक्षलाई नै कथाको विषय बनाएका छन् । समाजमा विद्यमान सामाजिक राजनीतिक तथा मनोवैज्ञानिक क्षेत्रमा देखिएका विसङ्गतिको विश्लेषण गर्नुका साथै समाधानतर्फ लम्किने प्रयास गरेको कुरा उनका कथामा पाइन्छ । कथामा माओवादीयुद्धले समाजमा परेको प्रभावपूर्ण राजनीतिक विषय गहिरो विश्लेषण गरिएको छ । देशका नेताले सही तरिकाले काम नगरी मनपरी गरेर जनताले खेप्नु परेका दुःख कष्टलाई वस्तीका अधिकांश कथामा स्पष्ट पारिएको छ । धाँधलीपूर्ण चुनाव जितेर सत्तामा जाने र उल्टै जनताको सेवा गर्नुको साटो अनेक दुःख कष्ट दिने हाम्रो देश नेताको कुप्रवृत्तिप्रति कथाकारले तिखो व्यङ्ग्य गरेका छन ।

**यसरी नै आरु फुल्छ कथासङ्ग्रहको अध्ययन** शीर्षकको यस शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरी शोधकार्य पुरा गरिएको छ । शोधको पहिलो परिच्छेदमा शोधपत्रको परिचय दिइएको छ । शोधपत्रको परिचय दिने क्रममा शोध परिचयको विषय परिचय, शोधपत्रको शीर्षक, शोधपत्रको प्रयोजन, समस्या कथन, उद्देश्य, पूर्वकार्यको विवरण, शोधपत्रको औचित्य र महत्त्व, शोधको क्षेत्र र सीमा, शोध विधि, शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ । प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा कथाकारको व्यक्तित्व र कृतित्व बारे प्रकाश पारिएको छ । यस्तै तेस्रो परिच्छेदमा कथाको सैद्धान्तिक परिचय दिइएको छ । यस अन्तर्गत कथाको व्युत्पत्ति, परिचय, परिभाषा, कथाका तत्त्व, वर्गीकरण आदि रहेका छन् । शोधपत्रको चौथो परिच्छेदमा यसरी नै आरु फुल्छ कथासङ्ग्रह भित्रका कथाको अध्ययन, विश्लेषण गरिएको छ । शोधको मूल मर्म यही परिच्छेदसँग सम्बद्ध छ । यसैगरी पाँचौं परिच्छेदमा सारांश, निष्कर्ष र भावी शोधका लागि सम्भाव्य शीर्षक गरी शोधकार्यलाई पुरा गरिएको छ ।

## ५.२ निष्कर्ष

कथाकार वस्तीले आधुनिक नेपाली कथा साहित्यकाशमा आफ्नो छुट्टै स्थान ओगटेको छन् । लामो समयसम्म पत्रकारितालाई मुख्य पेसा मानेर अगाडि बढेका वस्तीले सामाजिक यथार्थपरक विषयवस्तु टिप्दै प्रगतिवादी चिन्तन समेटेर साहित्य सिर्जना कार्यलाई अगाडि बढाएको पाइन्छ । **तुवाँलोको हाताभित्र** (२०४९) र **जब घर फर्किए** (२०५६) कवितासङ्ग्रह सहित **वर्तमानको पीडा** (२०५०) हाइकु सङ्ग्रह प्रकाशन भइसकेका छन् । वस्तिका अहिलेसम्म प्रकाशित कथासङ्ग्रहमा **नखनिएको खाडल** (२०५४), **अब उकालो चढिँदैन** (२०६०), **यसरी नै आरू फुल्छ** (२०६५) र **यसपटक फुलेन छ गुराँस** (२०६७) गरी चारवटा छन् । यसका साथै **कम्प्युटरको बाघ** (२०५९) **सुचित्राको घडी** (२०६२) बालकथासङ्ग्रह र दुई दर्जन जति निबन्ध प्रकाशित भएको पाइन्छ । यी विभिन्न विधाका साहित्यिक कृतिको रचना गरेर साहित्यको क्षेत्रमा बहुमुखी प्रतिभाको रूपमा आफूलाई चिनाउन सफल भएका छन् वस्ती ।

कथाकार वस्ती आफ्ना कथामा नेपाली राजनीतिमा देखिएका विकृति तथा विसङ्गति, माओवादीयुद्धको भोगाई, घाइतेको जीवनव्यथा, समाजमा व्याप्त छुवाछुत प्रथा, कालाबजारी, भ्रष्टाचार जस्ता विविध सामाजिक तथा राजनीतिक समस्या प्रस्तुत गरेर कथा लेख्ने कथाकार हुन् । उनका कथामा हाम्रो नेपाली समाजमा विद्यमान जातीय भेदभाव तथा छुवाछुत युक्त सामाजिक विषयवस्तु समावेश गरिएको छ । हरेक प्रवृत्तिका जातीय भेदभावले गर्दा जनमानसमा फैलिएको पीडा, दुःख, कष्ट तथा चिन्तालाई वस्तीका कथामा देखाइएको छ । त्यस्तै गरी मान्छेको खराब प्रवृत्तिले गर्दा समाज नै खराब बन्दै गइरहेको कुरालाई उनका कथामा अगाडि सारिएको छ । निम्न वर्गीय नेपाली जनताले सधै दुःख कष्ट भोगी आजित हुनु परेको कुरा उनका कथामा पाइन्छ । यसरी समाजमा देखे भोगेका यथार्थलाई कथाको विषय बनाएर लेखिएका वस्तीका कथालाई हेर्दा उनी लघु आयाममा रहेर कथा लेख्ने कथाकारमा रूपमा देखिएका छन् । आदि मध्य र अन्तको रेखिक ढाँचामा संरचित तत्त्वले भरिपूर्ण रहेका लघुकथा भन्न नमिल्ने लघु आयातमा बाँधिएका उनका कथाले आम पाठकको मन जित्न सफल भएका छन् । समाजको कथालाई समाजकै भोक्ता पात्रका माध्यमबाट व्यक्त गराउने खुबी कथाकार वस्तीमा रहेको छ । सोही कारण उनले समाजको बेढङ्गको नियति र स्वार्थी चरित्र माथि व्यङ्ग्य प्रहार गरेका छन् । वस्तीले सन्तानको अभावमा हुने मानवीय असन्तुष्टि र त्यसबाट हुन जाने शून्यता, अभाव, पीडा र

तनावका विषयवस्तुलाई समेत आफ्ना कथा बनाएका छन् । हरेक क्षेत्रमा हुने कालोबजारी प्रथा र त्यसबाट निम्तिएका विकृति, कृत्रिम अभाव देखाएर आर्थिक हिनामिना र अनियमितता भ्रष्ट व्यक्तिको प्रवृत्तिले गर्दा नेपाली समाजका जनतामा पर्न गएको नकारात्मक असरलाई यथार्थरूपमा उनका कथामा चित्रण गरिएकाले उनी यथार्थवादी कथाकार हुन् । निम्न वर्गलाई उच्च तथा शोषक वर्गले गरेको कुनियत पूर्ण हेपाहा प्रवृत्ति, चुनावी राजनीतिक मित्रका अस्वस्थ खेल नेपाली समाजमा व्याप्त अराजक प्रवृत्तिले फैलिएको सन्त्रास आदि क्षेत्रका समस्यालाई कथाकारले कलात्मकका साथ प्रस्तुत गरेकाले उनी सीमान्तकृत वर्गको उत्थान चाहने कथाकार हुन् । उनी समाजमा घट्ने हरेक प्रकारका घटनाको यर्थाथ शब्द चित्र उर्तान कहिल्यै पछि परेका छैनन् । यसरी समाजमा देखे भोगेको यर्थाथलाई नै कथाको विषय बनाएर लेखिएका उनका कथालाई हेर्दा कुनै बनावटीपन पाइदैन । प्रस्तुत **यसरी नै आरू फुल्छ कथासङ्ग्रहको अध्ययन** शीर्षकको शोधबाट वस्ती छोटो कथामा पनि सम्पूर्ण कुरा अटाई ठोस सन्देश दिन सफल कथाकार हुन् भन्न सकिन्छ । समाजमा रहेका शोषण, दमन, भेदभाव, अन्याय, अत्याचार, विकृति, विसङ्गति, अभाव, अनियमितता, राजनीतिक प्रशासनिक, व्यापारिक आदि क्षेत्रमा रहेका विषयवस्तुलाई समेट्दै सरल भाषाशैलीको माध्यमबाट आन्तरिक र बाह्य दुवै दृष्टिविन्दुको प्रयोग गरी वा उचित प्रकृतिको सामाजिक तथा राजनीतिक, ग्रामीण तथा सहरिया दुवै प्रकृतिको परिवेश निर्माण गरी कथा लेख्ने सफल कथाकारका रूपमा वस्ती रहेका छन् ।

## ५.३ भावी शोधका लागि सम्भाव्य शीर्षक

कथाकार वस्तीको कथायात्रालाई प्रस्तुत शोधले मात्र पुरा गर्न नसक्ने भएकाले केही भावी शोधका लागि सम्भाव्य शीर्षक चयन गर्नु उत्तम देखिन्छ । सोही कारण उनको साहित्यिक यात्राको बारेमा गर्न सकिने सम्भाव्य शीर्षक निम्नानुसार रहेका छन्,

क. विवश वस्तीका कविताको अध्ययन,

ख. विवश वस्तीका बालकथाको अध्ययन

ग. विवश वस्तीको कथाकारिताको अध्ययन ।

# सन्दर्भ सूची


अधिकारी, रविलाल (२०५६), **प्रगतिवादी नेपाली समालोचना,** पोखरा : लेकाली प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०६१), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौं : विद्यार्थी प्रकाशन

अर्याल, भैरव, (सम्पा, २०२५) **साझा कथा,** काठमाडौं : साझा प्रकाशन ।

अवस्थी महादेव (सम्पा, २०५५), **नेपाली कथा भाग २,** ललितपुर : साझा प्रकाशन ।

आचार्य कृष्णप्रसाद र अन्य (२०६३), **आधुनिक नेपाली उपन्यास र कथा,** काठमाडौं : दिक्षान्त पुस्तक भण्डार ।

उपाध्याय, केशवप्रसाद (२०५९), **साहित्य प्रकाशन**, काठमाडौं : साझा प्रकाशन ।

गौतम, देवीप्रसाद (२०५४), **नेपाली कथा**, काठमाडौं : नवीन प्रकाशन ।

ढुङ्गेल, भोजराज र अन्य (२०६२), **नेपाली कथा र उपन्यास,** काठमाडौं : विद्यार्थी प्रकाशन ।

थापा, हिमांशु (२०३६), **साहित्य परिचय,** ललितपुर : साझा प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद (२०४९), **साहित्यको रूपरेखा,** ललितपुर : साझा प्रकाशन ।

बराल ऋषिराज र अन्य (सम्पा, २०५७), **नेपाली कथा भाग-३,** ललितपुर : साझा प्रकाशन ।

वस्ती, विवश (२०५४), **नखनिएको खाडल,** काठमाडौं : बन्दना प्रकाशन ।

.................. (२०६०) **अब उकालो चढिँदैन,** काठमाडौं : परिवेश प्रकाशन ।

.................. (२०६५) **यसरी नै आरु फुल्छ,** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

.................. (२०६७) **यस पटक फुलेन छ गुराँस,** काठमाडौं : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०३५), **कथाको विकास प्रक्रिया,** काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ दयाराम (२०५७), **नेपाली कथा भाग-४,** ललितपुरः साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (सम्पा, २०५१), **स्नातकोत्तर नेपाली कथा,** ललितपुर : साझा प्रकाशन ।